शोध निर्देशक : सरिता निरौला

पद : उपप्राध्यापक

# टीका घिमिरेको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको

नेपाली विभागको स्नातकोत्तर तह

दोस्रो वर्षको दशौं पत्रको

प्रयोजनार्थ

प्रस्तुत

## शोधपत्र


शोधार्थी

सीता बस्नेत

कक्षा रोल नं. ५

परीक्षा रोल नं. १००९९

शैक्षिक वर्ष २०७१-२०७२

त्रि.वि.र.नं. ६-१-१-१८३-२०००

इलाम, नेपाली विभाग

२०७५

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङकाय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि विद्यार्थी सीता बस्नेतले **टीका घिमिरेको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन** मेरो निर्देशनमा रही तयार गरी प्रस्तुत गर्नुभएको छ। निरन्तर प्रयत्न गरी परिश्रम पूर्वक शोध खोज गरी तयार पारिएको यस शोधपत्र प्रति म सन्तुष्ट छु आवश्यक मूल्यङ्कनका लागि महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम , नेपाली विभाग समक्ष सिफारिस गर्दछु।

मितिः वि.सं. **२०७६-०३-०८**

ई.स. **२०१९-०६-२३**

शोध निर्देशक

सरिता निरौला

उपप्राध्यापक

महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग स्नातकोत्तर तहको दशौ पत्रको प्रयोजनका लागि आदरणीय गुरु तथा महेन्द्र रत्न बहुमुखी क्यम्पसका उपप्राध्यापक सरिता निरौलाको कुशल निर्देशनमा तयार पारेको हो । आफ्नो अति व्यस्त समयका बाबजुद पनि शोधपत्र तयार गर्ने सन्दर्भमा सहज प्रेरणाका साथ समुचित दिग्दर्शन गराई महत्वपूर्ण ज्ञानवर्दक सुझाव र सल्लाहको साथ अविस्मरणीय सहयोग गर्नुहुने श्रद्धेय गुरुप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्दा आवश्यक सल्लाह सुझाव एवम् सूचना उपलब्ध गराइ आफ्नो जीवनका विविध पक्षको लिखित तथा मौखिक जानकारी दिएर यस कार्यमा सहयोग गर्नुहुने मेरो शोधनायक टीका घिमिरे ज्यू , वहाँको छोरा विपिन घिमिरेका साथै स-परिवार प्रति कृतज्ञ छु ।

विभिन्न व्यवहारिक समस्याको समाधान गर्दै मलाई अध्ययनका लागि अनुकूल वातावरण मिलाइ यस अवस्थासम्म ल्याउन सहयोग गर्नु हुने मेरा आदरणीय बुबा रत्नबहादुर बस्नेत आमा पद्मा बस्नेत प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । त्यसै गरी मेरो अध्ययनको लागि निरन्तर हौसला प्रदान गरि सकारात्मक सल्लाह र सुझाव दिनुहुने अभिभावक श्री विष्णुकुमार घिमिरे एवम् परिवारका सम्पूर्ण सदस्य प्रति म ऋणी छु ।

मलाई प्रत्यक्ष परोक्ष सहयोग गर्नु हुने साथी इन्दिरा आचार्यलाई धन्यवाद दिन चाहान्छु । आवश्यक सामग्री उपलब्ध गराउने महेन्द्र रत्न बहुमुखी क्याम्पसका पुस्तकालयका कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्यङ्कनका लागि नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : वि.सं. २०७६।०३।०८

ई.स. **२०१९-०६-२३**

शोधार्थी

सीता बस्नेत

कक्षा रोल नं. ५

परीक्षा रोल नं. १००९९

शैक्षिक वर्ष २०७१-२०७२

त्रि.वि.र.नं. ६-१-१-१८३-२०००

# शोधसार

टीका घिमिरेको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्रलाई समग्र पाँच परिच्छेद भित्रको मूल शीर्षकमा विभाजन गरी आवश्यकता अनुसार विभिन्न उपर्शीषकमा राखेर अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको मूल शीर्षक राखिएको छ  जस अन्तरगत शोधशीर्षक, शोधप्रयोजन, शोध परिचय , समस्याकथन , शोधकार्यको उद्देश्य , पूर्वकार्यको समीक्षा, औचित्य महत्व र उपयोगिता , शोधकार्यको सीमाङ्कन, सामग्रीसङ्कलन विधि , शोधविधि, शोधपत्रको रुपरेखा जस्ता उपर्शीषक दिएर पहिलो परिच्छेद तयार पारिएको छ  ।

दोस्रो परिच्छेदमा 'साहित्यको सैद्धान्तिक परिचय' मूल शीर्षक राखिएको छ । यस अन्तरगत साहित्यको परिभाषा, नेपाली साहित्यको विधागत विभाजन, नेपाली कविताको विकासक्रम , कविताको परिचय र कविताको वर्गीकरण राखेर दोस्रो परिच्छेद तयार पारिएको छ ।

तेस्रो परिच्छेदमा टीका घिमिरेको जीवनी व्यक्तित्व, कृतित्वको अध्ययन मूल शीर्षक राखिएको छ । घिमिरेको जीवनी अन्तर्गत पृष्ठभूमि , जन्मस्थान , बाल्यकाल , शिक्षादीक्षा , विद्यार्थी जीवनका प्रमुख गतिविधिहरु, विभिन्न संस्कार कर्महरुका छैटी, नामाकरण, अन्नप्रासन, विवाहको चर्चा रहेका छन ।  यस्तै अन्य उपशीर्षकमा घिमिरेका राजनैतिक तथा सामाजिक संलग्नता, दाम्पत्य जीवन र पारिवारिक स्थिति, कवि टीका घिमिरेका अविस्मरणीय घटनाहरु, रुची एवं स्वभाव, साहित्य लेखन प्रेरणा र प्रभाव प्रकाशित पुस्तकाकार, प्रकाशित कृतिको संक्षिप्त सूची, पुरस्कार तथा सम्मान, जीवन र साहित्य सम्बन्धित धारणा उपशीर्षक राखेर घिमिरेको जीवनीको चर्चा गरिएको छ । टीका घिमिरेको व्यक्तित्वका विविध पक्षहरु उपर्शीषक भित्र पृष्ठभूमि, बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, सामाजिक व्यक्तित्व र धार्मिक तथा सांस्कृतिक व्यक्तित्व रहेका छन । त्यस्तै  आर्को उपशीर्षकमा साहित्यिक यात्रा रहेको छ । यसभित्र घिमिरेका लेखन र प्रकाशनका दृष्टिले प्रथम र द्वितीय चरणमा विभाजन गरी तीन कृतिहरुमा अभिव्यक्त विचारलाई बूँदागत रुपमा निष्कर्ष सहित प्रस्तुत गरिएको छ ।

यस्तै गरी चौथो परिच्छेदमा 'टीका घिमिरेका कृतिको अध्ययन' मूल शीर्षक राखिएको छ , यस अन्तर्गत कविताको विकासक्रमको सन्र्दभमा  टीका घिमिरेका हालसम्म प्रकाशित 'अन्तिम भाइटीका' 'आमा' र 'पूर्वको स्वर्ग इलाम,  कृतिहरुको तत्वगत अध्ययन' उपशीर्षक रहेका छन । तत्वगत आधारमा पनि विभिन्न लयविधान, बिम्बप्रतीक , दृष्टिविन्दु, भाषाशैली , विभाजन गरेर प्रस्तुत गरिएको छ । यस्तै अर्को उपशीर्षकमा 'अन्तिम भाइटीका' शोककाव्यको अध्ययन रहेको छ ।

यसभित्रका २६ वटा कविता रहेका छन । यस्तै अर्को उपशीर्षकमा 'आमा' छन्दोवद्ध कविता सङ्ग्रहको अध्ययन रहेको छ । यस कृतिमा उन्नाइस वटा कविताहरु रहेका छन । यस्तै अर्को कविता 'पूर्वको स्वर्ग इलाम'मा सत्ताइसवटा कविता प्रस्तुत गरेको पाइन्छ । कविताको विषय वस्तु र भाव तथा छन्दका आधारमा विभाजन गरी प्रत्येक कविताको अध्ययन पश्चात् यथोचित चर्चा गरिएको छ ।

कवि टीका घिमिरेका कविता सङ्ग्रहहरुलाई व्यावहारिक पक्ष, जीवनस्तर सुधारोन्मुख भावका साथै छन्दका अधारमा वर्गीकरण गरिएको छ । उनका कृतिहरुमा प्रत्यक्ष र परोक्ष दुबै पक्षलाई समेटेको पाइन्छ । विसङ्गतिको अन्त्यका लागि कविले दृढ ढङ्गको आह्वान गरेको पाइन्छ । प्रथम कृति 'अन्तिम भाइटीका'मा आफ्नो श्रीमानको मृत्यु पश्चात जीवनमा रहेका भोगाइ, पारिवारिक झमेला , व्यावहारिक अभाव साथै दोस्रो कृति 'आमा' मा आमा एक आर्दश मार्ग र्निदेशक ममताकी खानी जो हरेक व्यक्तिको निम्ति महत्वपूर्ण हुन्छिन भन्ने भावना प्रकट गरिएको पाइन्छ । तेस्रो कृति 'पूर्वको स्वर्ग इलाम' एक सौर्न्दयको प्रतीक विभिन्न वस्तुहरुको परिचयले भरिपूर्ण ठाउँ आफ्नै विशेषताले चिनिने जिल्ला भनी जिल्लाको सुन्दर परिचय प्रस्तुत गरेकी छन । छन्दोबद्ध रहेका कविताहरुमा शार्दूलविक्रीडित ,उपजाति, इन्द्रवज्रा, मन्दक्रान्ता, वसन्ततिलका, भुङ्गप्रयात, तोटक, हारिणी, स्रग्घरा, शालिनी ,स्वागता , शिखरिणी , जस्ता छन्दको उपयोग गरेको पाइन्छ । शास्त्रीय छन्दको समुचित प्रस्तुतिले प्रत्येक कविताको पठन गर्दा पाठकलाई मन्त्रमुग्ध बनाउछन । समग्रमा यिनै प्रकाशित कृतिहरुको चर्चा चौथो परिच्छेदमा गरिएको छ ।

पाँचौ परिच्छेदमा उपसंहार एवं निष्कर्ष राखिएको छ । जसमा उठान, कविता कृतिका आधारमा निष्कर्ष र टीका घिमिरेका जीवनी व्यक्तित्व, कृतित्व को अध्ययन गरी बूँदागत आधारमा निष्कर्ष प्रस्तुत गरिएको छ । साथै भावी कार्यको लागि सम्भावित शोधशीर्षक राखिएको छ । शोधपत्रको अन्त्यमा शोधपत्र तयार पार्दा सर्न्दभ सामग्रीका रुपमा लिएका सर्न्दभ सामग्रीहरुको सूची राखिएको छ । त्यस पछि परिशिष्टमा घिमिरेको फोटो, पारिवारिक फोटो र सम्मानपत्र आदि राखिएको छ ।

# पहिलो परिच्छेद

# १.शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'कवि टीका घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोतर तह दोस्रो वर्षको प्रयोजन पूरा गर्नका लागि तयार गरिएको छ ।

## १.३ शोधपरिचय

नेपाली भाषाको शोधपत्र लेखनका क्षेत्र भाषा , साहित्य र लोक साहित्य हुन् । शोधनायक नेपाली साहित्यका व्यक्तित्व हुनाले प्रस्तुत शोधपत्र साहित्यिक विधालाई आधार लिएर तयार पारिएको छ । साहित्यमा पनि आख्यान, काव्य, निबन्ध र नाटक गरी चार विधाहरु पर्दछन । टीका घिमिरेको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा प्रस्तुत शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा टीका घिमिरेको साहित्य साधनाको प्रारम्भ तथा अन्य क्षेत्रमा रहेको संलग्नतालाई प्रस्तुत गरिएको छ । घिमिरेको हाल सम्म प्रकाशित कृतिहरुको अध्ययन गरि उनका स्थान निर्धारण गरिएको छ ।

## १.४ समस्याकथन

टीका घिमिरेले तीनवटा कविता कृति प्रकाशन गरेर साहित्यिक र समाजका विविध क्षेत्रमा महत्वपूर्ण योगदान दिएकी छन । यसमा उनको जीवनी व्यक्तित्व र कृतित्व सम्बन्धी निम्न लिखित समस्याहरुमा केन्द्रित रहेर यो शोधपत्र तयार गरिएको छ ।

क) टीका घिमिरेको जीवनी र व्यक्तित्व के कस्तो छ ?

ख) टीका घिमिरेका कृतिहरु के कस्ता छन ?

ग) टीका घिमिरेको साहित्यिक चरण तथा प्रबृत्ति के कस्तो रहेको छ ?

घ) टीका घिमिरेको साहित्यिमा विधागत योगदान के कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

वि.स. २०६६ सालदेखि हालसम्म साहित्य लेखनमा लागेकी कवि टीका घिमिरेका तीन कविता सङ्ग्रह प्रकाशित भइसकेका छन । उनका कृतिहरुलाई जीवन्त राख्न यस शोधकार्यले सहयोग पुऱ्याउने छ । अतः उनको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरुको साथै उनका रचनाहरुको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यमा उल्लेखित समस्या कथनमा देखिएका प्रश्नहरु उत्तर के कसरी गर्ने भन्ने कुरामा केन्द्रित भई अध्ययन गरिने भएकोले यस शोधकार्यको उद्देश्य निम्न अनुसार राखिएको छ ।

क) टीका घिमिरेको जीवनी र व्यक्तित्व अध्ययन गर्ने ।

ख) टीका घिमिरेका कविता कृतिहरुको समीक्षात्मक निरुपण गर्ने ।

ग) टीका घिमिरेको साहित्यगत चरण तथा प्रबृत्तिको अध्ययन गर्ने ।

घ) टीका घिमिरेबाट साहित्यिक विधामा उपलब्ध योगदानको सटिक निरुपण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

टीका घिमिरेका बारेमा जीवनी व्यक्तित्व र कृतित्वको चर्चागर्ने काम आजसम्म पनि नभएकोले यो शोधकार्य नै पहिलो शोधकार्य हुनेछ । उनका कृतिमा शुभकामना दिने तथा भूमिका लेख्ने समालोचकहरुले गरेका टिप्पणीहरुलाई यस कार्यको पूर्वकार्यको समीक्षाका रुपमा लिन सकिन्छ । टीका घिमिरेको बारेमा उठाइएका समीक्षात्मक विवरण प्राथमिक रुपमा प्राप्त नभएकोले केवल उपलब्ध कृतिहरुमा रहेका प्रकाशकीय, शुभकामना, प्राककथन, मन्तव्य जस्ता कुराहरुलाई यहाँ चर्चा गरिन्छ ।

**१. अन्तिम भाइटीका शाोककाव्य (२०७३)** मा प्रकाशकीय भूमिका मार्फत  अध्यक्ष एवम् बुद्धिप्रसाद घिमिरे स्मृति प्रतिस्ठान इलामले शास्त्रीय छन्दमा रचित यस शोककाव्यको मर्म संवेदनशीलता एवम् समाजमा पार्नसक्ने प्रभावका बारेमा चर्चा गरिएको र विशेष गरी कविले अन्तिम भाइटीकाको दिनमा आफ्ना श्रीमान् स्वर्गीय भई शोकाकुल बनेको अवस्थालाई काव्य मार्फत प्रस्तुत गरेको पाइन्छ । यहा"का कविताहरु नितान्त सफल छन । तर उनका रचनाहरुका बारेमा कुरा गरेता पनि  उनको समग्र जीवनी र व्यक्तित्वको बारेमा चर्चा गरेको पाइदैन ।

**२. नेपाल प्रज्ञाप्रतिष्ठान उपकुलपति -** डा. विष्णु विभू घिमिरेले अन्तिम भाइटीका शोककाव्यमा स्व. बुद्धिप्रसाद घिमिरेलाई साहित्य प्रेमी समाजसेवी योग्य स्रष्टा तथा कुशल प्राध्यापकको रुपमा स्मरण

गर्दै शोककाव्य रचना भएको छ । अमरत्व प्रदान गर्न प्रयासरत कवि घिमिरेलाई हार्दिक शुभकामना व्यक्त गरेको पाइन्छ तर घिमिरेको जीवनी व्यक्तित्वको बारेमा उल्लेख गरेको पाइदैन ।

**३. कविवर -** माधव भण्डरी बरबोटे इलामले घिमिरेको अन्तिम भाइटीका शोककाव्यमा कवयत्री टीका घिमिरेले आफ्ना पति बुद्धि घिमिरेको वियोगजन्य पीडालाई सुन्दर कथामा प्रस्तुत गरेकी छन । पीडा वा समस्यालाई सामान्यीकरण गर्दै काव्यकारुपमा जनसमक्ष पुर्याउनु उनको प्रशंसनीय कार्य हो । आफ्नो पतिको वियोगमा छटपटिएर उत्पन्न पीडालाई उनको जन्मदेखि अन्तिम घटना सम्म मार्मिक चित्रण गर्दै सरल रुपमा भाव व्यक्त गरिएको पाइन्छ ।

**४. पुरुषोतम सिँगदेल, धुम्बाराही काठमान्डौले** अन्तिम भाइटीका शोककाव्य पत्नी वियोगमा धेरै स्रष्टाले रचेका काव्य रचना पाठकले पढ्न पाएका छन् पति वियोगमा यसरी विरलै होलान भनी व्यक्त गरेका छन् । यस्तो कृतिमा पतिवियोगको बारेमा रचिएको वियोगान्त नारी हस्ताक्षरको छुट्टै महत्व पाइन्छ । यस ‘अन्तिम भाइटीका शीर्षक दिएर कवि घिमिरेले आफ्ना श्रीमानको जन्मस्थान र वालपनदेखि लिएर उनी सम्वन्धी जीवनका यथार्थ भोगाइहरु सहज चित्रण गरेकी छन । यो काव्यरचना समग्र शार्दूलविक्रीडित छन्दमा रचना गरी आफ्ना सृजनाहरु फुराएकी छिन ।

**५. पिन्डेश्वर क्याम्पस** धरानका सहपाध्यापक सागरमणि सुवेदीले अन्तिम भाइटीका भावपूर्ण कवितामा इलाममा साहित्यिक सिर्जना गर्ने एक कुशल नेतृत्व गर्ने सफल साहित्यिक क्षेत्रमा अविस्मरणीय योगदान दिने व्यक्ति जसमा उनकी धर्मपत्नी टीका घिमिरेले दाम्पत्य जीवनका आरोह अवरोह तथा वियोगजन्य पीडाहरुलाई भावतरङ्गहरुको रुपमा प्रस्तुत गरिएका कवितालाई समावेश गरेको पाइएको वताएका छन ।

**६.इन्द्रनारायण सुवेदी,** चुरेघाँटी इलाम,ले शुभकामनाको सथसाथै सामाजिक कार्य कर्ताको रुपमा सकृय रहेकी टीकादेवी घिमिरे साहित्यिक रचनामा ‘अन्तिम भाइटीका साहित्यिक रुपमा आउनुभन्दा अगाडि सार्वजनिक रुपमा साहित्यिक रचनामा नदेखिएता पनि विभिन्न किसिमका समाजोपयोगी लेखहरु पत्रपत्रिकामा पढ्न पाइएको हो । आफ्ना श्रीमानको वियोग पछाडि साहित्यिक रचना गरेको कुरा व्यक्त गरेका छन् ।

**७.‘आमा कविता सङ्ग्रह’को** उकृष्ट सन्देश साहित्यिक स्रष्टा मोदनाथ पश्रितले छोराहरु एक ठाँउमा जन्मन्छन् हुर्कन्छन विवाह गर्छन पत्नीको मृत्यु भएपनि स्थायी विदुर हुदैनन् तर छोरीमान्छे फरक हुन्छन , देशका विभिन्न नारीहरुको अन्तिम ज्वाला र गहन पीडाको भागीदार हुन्छन भन्ने विषय प्रस्तुत गरेको पाइन्छ । एक पतिको मृत्युपछि अर्को विवाहको बारेमा आँट गर्ने नारीहरु समाजमा

निन्दा र अपमानका पात्र हुनुपर्ने बाध्यता अधिकांश पुरुषहरबाट हुने नारीप्रतिको दुरब्यवहारको रुपमा प्रस्तुत गरिएको पाइन्छ ।

**८) कन्काइ न.पा. ४ झापाका** डा.पुन्य प्रसाद सिँगदेलले आमा कविता अन्तर्गत 'शुभ सम्मति'मा कवि टीका घिमिरेमा यस तत्वमा पर्ने विशिष्ट साहित्यका छन्दका पारखी एवं प्रेरक व्यक्तित्वको विकास भएको पाइन्छ । यसमा छन्दको विषय, आमा, सर्जक आमा, भोगाइ आमा र मार्गनिर्देशक पनि आमा पाइन्छ । नारीजातिले विभिन्न सामाजिक अवस्थामा भोग्नुपरेको अवस्था र गर्नुपर्ने कर्तव्यको सङ्ग्रह चित्रण गरेको पाइन्छ ।

**९) कोमल निरौला, नेपाल संगीत तथा नाट्य प्रज्ञाप्रतिस्ठान प्राज्ञ साझा सदस्य,ले** आमा कविता भाषामात्र होइन काव्य क्षेत्रमा देखापरेकी घिमिरेले छन्दोबद्ध कवितामा देशप्रेम, नारी मुक्ति र सङ्घर्ष सामाजिक विभेदका वारेमा आफूले आपसमा भोग्नुपरेको पारिवारिक बोझ विपत्तिलाई आवाज दिएको कुरा व्यक्त गरेको पाइन्छ ।

**१०.इन्द्रनारायण सुवेदी,** अध्यक्ष बुद्धि प्रसाद घिमिरे स्मृति प्रतिष्ठान इलाम,ले पहिलो 'अन्तिम भाइटीका' शोककाव्य पछि 'आमा' नामक दोस्रो कृति लिएर उदाएकी घिमिरेलाई एकपछि अर्को मानव जीवनका हेक क्षणहरु जन्म मृत्यु, सुख दुःख र जीवनमा आइपर्ने विभिन्न आरोह अवरोहलाई सकारात्मक सोचले सामना गर्नु पर्ने सन्देश दिएका छन ।

**११. लोकनाथ चापागाँई,** सिलगढी भारत,ले 'आमा' कवि टीका घिमिरेको कविता सरसर्ती पढ्दा लेख्ने क्रममा यो रचना प्रवृति हेर्दा इलामको धेरै यथार्थ कलेवरलाई छुन पुगेका कविता रहेका छन । इलामको सन्दर्भमा 'पूर्वको स्वर्ग इलाम' फलफूल खेती, फूलको सौन्दर्य, पशुपालन ,पर्यटकीय स्थल जिल्लाको संरचना इलामका अव्यक्त आयमहरुलाई समेटेको पाइन्छ ।

**१२. महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामका उपप्राध्यापक केशबहादुर राइले** घिमिरेका 'पूर्वको स्वर्ग इलाम' कविता सङ्ग्रहमा व्यावहारिक झमेला र गृहस्थीको व्यवस्थापन लगायत तीता, मीठा, खहरेहरुको सामना गर्दै जीवनको भोगाइमा जीउनुपर्ने वाध्यात्मक परिस्थितिमा कविता सिर्जना गर्नु खुसीको कुरा हो । यसमा पर्यटन, प्रवृत्ति, समाज , अर्थ, राजनीति आदि विषयवस्तु समावेश गरेको पाइन्छ । टीका घिमिरेको जविनी र व्यक्तित्वको अध्ययन नभएको तथा समालोचकहरुले लेखेको कृतिहरुको भूमिका लेखनका क्रममा चर्चापरिचर्चा गरिएको भएता पनि उनको कृतित्वको गहन अध्ययन र ब्यापक विश्लेषण गरेको पाइदैन । त्यसैले जीवनी व्याक्तित्व र कृतिको अध्ययन र विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

### १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

प्रस्तुत शोधकार्यमा टीका घिमिरेको जीवनी व्याक्तित्व र उनका कृतिका बारेमा सविस्तार चर्चा गरिने भएकोले कवि सुवेदीका जिज्ञासा राख्ने ब्यात्तिहरुलाई सहयोग पुग्ने छ । सो कारणले टीका घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन शीर्षक राखी शोधकार्य गर्न औचित्य पूर्ण बन्ने छ ।

### १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य टीका घिमिरे जीवनी व्यात्तित्व र प्रकाशित शोककाव्य अन्तिम भाईटीका ( शोककाव्य २०७३) , आमा कविता सङ्ग्रह २०७४) र पूर्वको स्वर्ग इलाममा ( कविता सङ्ग्रह २०७५ ) मा केन्द्रित भई ती कृतिभित्र रहेका कविताहरुको परिचयात्मक अध्ययन गरिएको छ ।

### १.९ सामग्री सङ्कलन विधि,

सामग्री संकलनका स्रोतहरुमा प्राथमिक र द्वितीय दुबै सामग्री स्रोतका आवश्यकता अनुसार उपयोग गरिएको छ ।

#### १.९.१ प्राथमिक स्रोत,

प्रकाशित कृति र शोधनायक सँग लिइएको अन्तरवार्तालाई प्रथमिक स्रोतका रुपमा लिइएको छ ।

#### १.९.२ द्वितीय स्रोत,

पुस्तकालयीय विधि, उनका अन्य व्यक्तिबाट प्राप्त सूचना, प्रकाशित अन्य लेख रचना तथा अतरवार्तालाई द्वितीय स्रोतका रुपमा लिइएको छ ।

### १.१०. शोध विधि,

प्रस्तुत शोधपत्र सङ्कलित सामग्रीको विश्लेषण तथा व्यवस्थापनका लागि ऐतिहासिक वर्णनात्मक र तुलानात्मक जस्ता विधिको आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

**क) ऐतिहासिक विधि** :- विषयको कालक्रमिक अध्ययन गर्ने विधिलाई ऐतिहासिक विधि भनिन्छ ।

**ख) वर्णनात्मक विधि** :- वर्तमान समस्यासँग सम्बन्धित सामग्री संकलन, वर्णन, व्याख्या , विश्लेषण , अर्थपान र मूल्याङ्कन गरिने विधिलाई वर्णनात्मक अनुसन्धान पद्धति भनिन्छ (शर्मा लुईटेल, २०६८, १२)।

**ग) तुलानात्मक विधि :–** दुई वा दुईभन्दा वढी पक्ष, व्यक्ति, कृति, प्रवृति, धारा, काल विधा, विषय आदि विशेषका आधारका बीचमा तुलना गरी समानता र भिन्नता केलाएर निर्ष्कष निकालिने विधिलाई तुलानात्मक विधि भनिन्छ (शर्मा,लुइटेल , २०६८ , १५)।

यो शोधपत्र लेखनका सन्र्दभमा आवश्यकता अनुसार यी विधिहरुको प्रयोग गरिएको छ ।

**१.११. शोधपत्रको रुपरेखा**

यस शोधपत्रलाई सुगठित व्यवस्थित रुपमा तयार पार्नका लागि निम्नलिखित परिच्छेदमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद - साहित्यको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद - टीका घिमिरे, जीवनी र व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद - साहित्यकार टीका घिमिरेको साहित्य यात्रा एवम् चरण विभाजन र टीका घिमिरेका कृतिहरुको अध्ययन

पाँचौ परिच्छेद - टीका घिमिरेका कृतिहरुको अध्ययन तथा विश्लेषण

छौठौ परिच्छेद **-** उपसंहार वा निष्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# दोस्रो परिच्छेद

# २.साहित्यको सैद्धान्तिक परिचय

## २.१ साहित्यको परिभाषा

कुनै पनि विषयको निरुपण गर्ने तात्विक आधार, मापढण्ड स्थापनालाई सिद्धान्त भनिन्छ । साहित्यका विषयमा कुनै निर्णायक आधार, बिन्दु कुनै तात्विक विश्लेषण दृष्टि मापदन्ड वा कुनै निश्चित मान्यताको स्थापना गर्ने मत वाद, विचार वा दृष्टिविन्दु नै साहित्य सिद्धान्त हो ( पोखेल २०५९, १) । साहित्यको उत्पत्ति वा विकास परिभाषा परम्परालाई हेर्दा सुरुमा काव्य शब्दको विशिष्टिकृत व्यतित साहित्यकै पर्यायवाची आजका रुपमा प्रयोग हुने गर्दथ्यो । साहित्य शब्दको विकास हुनुभन्दा अघि साहित्यकै अर्थ काव्य शब्दले बहन गरेको पाइन्छ । काव्य भन्नु नै साहित्य हो । पूर्वीय साहित्य शास्त्री भामहले साहित्य शास्त्र बुझाउने 'काव्यालङ्कार' ग्रन्थको नाम राखेका थिए भने पाश्चात्य साहित्य शास्त्री अरस्तुले आफ्नो साहित्य शास्त्र बुझाउने ग्रन्थको नाम 'पोयाटिक्स' राखेका थिए । यसबाट पनि हामीले साहित्यलाई सर्वप्रथम काव्यनै मान्ने गरेको कुरो थाहा पाउँछौ । अहिले आएर साहित्यको विकास सँगै साहित्यिक विधागत विकास भएपछि साहित्यले ब्यापक अर्थ बुझाउनका साथै सम्पूर्ण वाङ्मयलाई बुझाउने गरेको पाइन्छ ।

विधागत विभाजनको विकास पछि काव्य कविता रचनामै सीमित भयो भने काव्य शब्दको विशिष्टीकृत अर्थ बोक्न साहित्य शब्द प्रचलनमा आयो । यसरी अगाडि बढेको साहित्यको इतिहासलाई हेर्दा साहित्य सम्बन्धी पूर्वीय र पाश्चात्य दुबै क्षेत्रमा आ-आफ्नै मत र परिभाषा रहेका पाइन्छन् । यी मध्ये केही महत्वपूर्ण परिभाषालाई निम्न अनुसार हेर्न सकिन्छ ।

### २.१.१ पाश्चात्य विद्वानहरुले गरेको परिभाषा :-

"अनुकरणको कला नै साहित्य हो " -फिलिप सिड्नी ( लुइटेल २०६२, ७ )

"कविता कम सूक्ष्म र सुकुमार भएपनि बढी सरल र इन्द्रीय ग्राह्य र भावपूर्ण हुन्छ ।"

-सोमुअल जोसन

"शान्त क्षणमा सञ्चित अनुभवहरुबाट उत्पन्न प्रवल मनोभावको स्वतःस्फूर्त प्रवाह कविता हो"

-विलियम वडस्वर्थ

"विज्ञान जस्तो नभएर आनन्दानुभुति गराउने तत्कालिक उद्देश्य भएको रचना नै काव्य हो "

- सेमुअल टेलर (लुइटेल २०६२, ८) ।

"कविता कल्पना र संवेगको भाषा हो " -टमस कार्लाइल

" आफैले आफैलाई स्वीकार गर्ने अनुभूति कविता हो "  जोन स्टुअर्ट मिल (लुइटेल २०६२, ८) ।
"सौन्दर्यको लयात्मक सिर्जना कविता हो ।"- एडगर एलेनपो

" कविता जीवनको आलोचना जस्तै हो " -म्याथ्यु आर्नाल्ड
"कविता कल्पना र भावनाद्वारा गरिएको जीवनको व्याख्या जस्तै हो ।"
-विलियम हेनरी हड्सन  (लुइटेल , २०६२, ८)  |

यसरी माथिका पाश्चात्य विद्धानहरुले गरेका परिभाषाहरुलाई हेरेर निष्कर्षमा के भन्न सकिन्छ भने कवितामा प्रवल मनोभाव वा संवेगको स्वतःस्फुर्त अभिब्यत्तिगत सुन्दरता श्रवणीयता गेयता र लयात्मकता आदि रहन्छन् ।

**२.१.२ पूर्वीय विद्धानहरुले गरेको परिभाषा :-**

"शब्द र अर्थको सहभावनै काव्य हो ।"    -भामह

"सुन्दर र अर्थयुक्त पदावली नै काव्य हो ।"    -दन्डी

"चमत्कारयुक्त अर्थरुप ध्वनि नै काव्य हो ।"  - आनन्दवर्दन

"गुणालङ्कारपूर्ण वाक्य नै काव्य हो ।"     - राजशेखर

"काव्य गुणले भरिपूर्ण भएको शब्दार्थ नै काव्य हो ।"  -मम्मट

"वाङ्गो र घुमाउरो ढङ्गबाट व्यक्त भएको उक्ति नै काव्य हो ।"    -कुन्तक

"कविताको आत्मा रीति वा शैली हो ।"    -वामन

"रसात्मक वाक्य नै काव्य  हो ।"  -विश्वनाथ

"रमणीय अर्थ प्रदान गर्ने शब्द नै काव्य हो ।"-जगन्नाथ

कविता, काव्यको परिभाषा दिनेक्रममा पूर्वीय विद्वान भामह (७ औ शताब्दी ) देखि लिएर जगन्नाथ ( १६ औ शताब्दी) सम्म आइपुग्दा कविता सम्बन्धी मान्यतामा अनेकरुपता देखिएको पाइन्छ । उनीहरुले चमत्कार युक्त गुणालङ्कारपूर्ण काव्य गुणले भरिएको वर्गीकृतपूर्ण रमणीय अर्थ दिने रसात्मक शब्द र अर्थयुक्त पदावालीलाई कविताको रुपमा स्वीकार गरेको पाइन्छ (लामिछाने २०५९,पृ ४ ) ।

यी परिभाषाहरुलाई हेर्दा पूर्वीय साहित्यमा साहित्यलाई चिनाउने काव्यलाई प्रमुखता दिएर परिभाषा गरिएको र साहित्य भनेको सुन्दर चमत्कारयुक्त गुणालङ्कारले भरिपूर्ण भएको रसात्मक रमणीय अर्थप्रदान गर्ने रचना हो भन्ने बुझिन्छ ।

### २.१.२ नेपाली साहित्यका विद्वानहरुले गरेको परिभाषा :-

“भावनाको वौद्धिक कोमलता नै काव्य हो ”-बालकृष्ण सम

“तीब्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पकेर भावुकता चढेको नै कविता हो ” (लामिछाने, २०५९, पृ: ५) ।

”कविता जीवनजगतका मूल्यवान अनुभव काल्पनिक कुलात्मक र मुक्त लयात्मक भाषिक संकथन हो ” वासुदेब त्रिपाठी, ढुङगेल, दाहाल २०६७, पृ ५) ।

”अस्वस्थ कल्पनाले मानिस पागल हुन्छ ”- लक्ष्मी,प्रसाद देवकोटा (पराजुली , २०३९, पृ :६४)

“काव्य भनेको कुनैपनि विषय वा कथा लिएर मनोहर शैलीको सूत्रमा गुथिएका शव्द र अर्थको समुचित गेयात्मक गुम्फन हो” -सोमनाथ सिँगदेल, ढुङगेल, दाहाल २०६७, पृ :५)

मथिका परिभाषाहरु हेर्दा नेपाली साहित्यमा पनि कवितालाई नै प्रमुखता मानेर साहित्यको परिभाषा गरेको पाइन्छ । यसरी हेर्दा साहित्य भनेको मानवद्वारा सिर्जित कल्पनात्मक अभिव्यक्ति हो जसमा जीवनजग्तका मूल्यवान अनुभव कल्पना आदिलाई विषय वा कथा बनाएर प्रस्तुत गरिन्छ । साहित्य सम्बन्धी पाश्चात्य पूर्वीय नेपाली विद्वानहरुको सम्पूर्ण मतलाई हेर्दा निष्कर्षमा साहित्य भनेको सुन्दर कल्पनाद्वारा सिर्जित जीवन जग्तका भोगाइ र अनुभवलाई लयात्मक, भावनात्मक र रचनात्मक प्रस्तुति हो ।

## २.२ नेपाली साहित्यको विधागत विभाजन

सुरुमा साहित्यको मान्यता एउटै भएता पनि समयसँगसँगैं साहित्यलाई विभिन्न विधाहरुमा छुट्याएर व्याख्या गरिएको पाइन्छ । आख्यान तत्व मिश्रितलाई आख्यान भन्न थालियो , यससँगै आख्यान विधा भित्रपनि विभिन्न उपविधाहरु जन्मन पुगे । आख्यानभित्र कथा उपन्यासलाई समेटियो, त्यस्तै अन्य विधाहरुमा नाटक, निबन्ध आदि रहे भने कविता पनि बिभिन्न रुपहरुमा ( हाइकू ,मुक्तक , कविता, छोटा कविता, लामा कविता, खण्डकाव्य, महाकाव्य आदि रहँदै गए । यसरी समयसँगै विशिष्टिकृत बन्दै गएका साहित्यका विधाहरुलाई विभिन्न समानता र भिन्नताका अधारमा आफ्ना-आफ्ना विशेषताका आधारमा निम्न अनुसार विभाजन गरी छुट्टा छुट्टै रुपमा चिनाउने प्रयत्न गिरिएको छ ।

## २.२.१ कविता

कविता साहित्यको एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा प्रस्टरुपमा चिनिन सक्छ । कविता वाङ्मय रागात्मक सौन्दर्यपरक शाखा हो जसको भाषिक प्रयोग व्यावहारिक बौद्धिक प्रयोजन भन्दा सौन्दर्यात्मक प्रयोजन मुख्य भएको भाव प्रधान प्रयोग स्थलको परिप्रेक्षमा लिन सकिन्छ । कविताका विभिन्न उपविधाका सन्दर्भमा आख्यानीकरण, नाटकीकरण सम्भाव्य भूमिकालाई दृष्टिगत गर्दा साहित्यका आख्यान र नाटक जस्ता विधासँग तुलना प्रतितुलनाले पनि कविता विधालाई प्रस्ट पार्दछ । काव्य शब्दको उत्पत्ति कवि+ य प्रत्यय लागेर भएको हो । जसको अर्थ कविकर्म वा कविको सिर्जना भन्ने बुझिन्छ भने कवि शब्दको उत्पति कव धातुमा 'इ' प्रत्यय लागेर कवि शब्द बनिएको छ । जसको अर्थ हुन्छ कविले सृजना गरेको वस्तु । यसरी शब्दका दृष्टिकोणबाट कवि, काव्य, र कविता शब्द एक आपसमा अन्योन्याश्रित देखिन्छन् ।

कवितालाई साहित्यको सबैभन्दा विकसित बिधाका रुपमा स्वीकार गरिन्छ । साहित्यका अन्य विविध विधाहरुमध्ये कविता चाहिँ पुरानो विधाका रुपमा नै लिएको पाइन्छ । साहित्यको विकसित विधाकारुपमा रहेको कविताका पनि विविध रुपहरु फेला पार्न सकिन्छ । ती विधागत रुपमा मुक्तक फुटकर कविता , खण्डकाव्य , महाकाव्य आदि पर्दछन् (त्रिपाठी, २०४७, पृ: ५६) ।

कविता भनेको कुनैपनि कविको कल्पनालाई भाषाको माध्यमबाट अभिव्यक्त गरिने सौन्दर्यमुलक रचना हो । यो गद्यात्मक र पद्यात्मक दुबै प्रकारको हुन्छ । कवितामा भावनालाई सुन्दर र चमत्कारपूर्ण ढङ्गवाट प्रस्फुटन गराई पाठकलाई वा स्रोतालाई आनन्दित गर्ने काम गरिन्छ । यस्तो रचना गर्न विभिन्न उपकरणको आवश्यकता पर्छ । त्यस्ता उपकरणलाई साहित्यका तत्वका रुपमा लिइन्छ । कविता बन्नका लागि पनि विभिन्न ततवहरुको भूमिका हुन्छ । तीमध्ये केही निम्न अनुसार छन् ।

**(क) कविताका तत्वहरु**

(१) अनुभूति :-

अनुभूति भनेको एक भावनात्मक तत्व हो । यसद्वारा संसारमा सुख दु:ख, प्रेम, घृणा , हर्ष , विस्मत आदि भावहरु उत्पन्न हुन्छन । यो विना कविता बन्न सक्दैन (पोखरेल , २०५९, पृ :१४५) ।

(२) कल्पना :- कल्पना एक प्रकारको प्रतिभा हो । कल्पनाद्वारा भावनामा तीब्रता आउँछ । अनुभूति र यथार्थ हार्दिक स्पन्दन अनि बिम्ब जागरण आदिमा समुचित सामञ्जस्य कायम गरेर कवितालाई रुपायित गर्ने कवितालाई मुर्त्याउने तत्व नै कल्पना हो (पोखरेल , २०५९, पृ ::१४५) ।

(३) सौन्दर्य :-

कविताको अर्को तत्व हो सौन्दर्य । कविताको बनावट रखाइ उचित प्रयोग सौन्दर्य भित्र पर्दछ । कवितामा प्रयुक्त हुने लय भाषाशैली बिम्ब प्रतीकको उचित रखाइ नै कविताको सौन्दर्य हो ।

(४) सङ्गीतात्मकता :-

सङ्गीतात्मकता अन्य विधाहरुबाट कवितालाई छुट्याउने एउटा प्रमुख आधार हो । कविताकै निम्ति छन्द अथवा सङ्गीतात्मक लय अनिवार्य उत्पादन वा आवश्यक तत्व हो । यसले कवितालाई श्रुतिमाधुर्यता थप्नुका साथै मिठास ल्याउने काम गर्छ (पोखरेल , २०५९, पृ :१४५, १४६) ।

**२.२.२ आख्यान :-**

मानव जीवनमा रहेका घटनाहरुमध्ये सिलसिलेवार ढङ्गले प्रस्तुत गरिएको गद्यात्मक रचनालाई आख्यान भनिन्छ । यसले मानव जीवन जगत्को चित्रण यथार्थ एवं मानवको मनोवेगलाई सहज तरिकावाट प्रस्तुत गर्दछ । आख्यान अन्तरगत कथा र उपन्यास पर्दछन् ।

**अ) कथा**

कथा मानव जीवनको एक पाटो हो । जव मानिस जन्मन्छ र हुर्कन्छ , उसका जीवनमा आएका उतार चढाव, खुसी दुखलाई अनुभव गर्न थाल्दछ । तिनै तीतामीठा घटनाहरु स्मरण गर्दै रचना सृजना गर्दछ भने त्यो कथा बन्न पुग्दछ । जीवनका कुनैपनि अंश जो मानवीय प्रवृत्तिसँग सम्बद्ध हुन्छ , त्यसलाई अभिव्यक्त गर्ने माध्यम कथा हो । स्वभाविक घटनाको उठान गरेर उत्सुकता समबेदनाको तीब्रता सन्देशमूलक गद्य शैलीमा रचना गरिने कथाले मानव जीवनको समग्र पक्षको चित्रण नगरी कुनै एक पाटो वा पक्षको मात्र चित्रण गर्दछ । एक बसाइमा पढेर सकिने कथाले छोटो समयमा पनि विशेष प्रभाव छोड्दछ । घटनाक्रमलाई आदि मध्य र अन्त्यको शृङ्खलामा चरित्रको माध्यमद्वारा अघि बढाइन्छ । छोटो समयमा शिक्षा, प्रेरणा एवं मनोरञ्जन प्रदान गर्नु कथाको विशेषता हो । कथा बन्नका लागि पनि कतिपय तत्वको आवश्यकता पर्दछ । तिनीहरुलाई निम्न अनुसार हेर्न सकिन्छ ।

**क) कथाका तत्वहरु**

**१) कथावस्तुः-**

कथामा कथावस्तु अस्थिपञ्जर बनेर रहेको हुन्छ । कथाको क्रमिक विकास गर्ने काम कथावस्तुले गर्दछ । कथ वस्तु तीन तहमा विकासित भएको हुनुर्दछ । कथामा घटनाको आदि मध्य र अन्त्यको सिलसिलेवार रखाइ नै कथाका कथावस्तु हुन् ।

**२) चरित्रचित्रण :-**

कथामा पात्रको चरित्र चित्रण गर्नु नै चरित्र चित्रण हो । कथालाई स्तरीय एवं उत्तमोउत्तम बनाउनका लागि चरित्रको ठुलो भूमिका रहन्छ । कथामा आएका पात्रहरुको चरित्रलाई विभिन्न ढङ्गले भूमिका निर्वाहको आधारमा विश्लेषण गर्नु नै चरित्रचित्रण हो ।

**३) कथोपकथन :-**

कथालाई  स्वाभाविक रुपमा अगाडि बढाउनमा कथोपकथनको ठूलो भूमिका रहन्छ । कथोपकथनलाई संवाद पनि भनिन्छ । यसले कथामा प्रवाहशीलता, सजीवता, कुतुहलता उत्पन्न गराउँछ भने कार्य सम्पन्नता र चरित्र चित्रणलाई सजीवता तुल्याउन महत्वपूर्ण भूमिका खेल्दछ ।

**४) देशकाल वातावरण :-**

कथामा देशकाल वातावरणको प्रयोग आर्कषण स्वभाविकता र उत्कर्षता ल्याउनका लागि गरिन्छ । देशकाल वा वातावरण भनेको कथामा घटेको घटनाको स्थानको वर्णन हो । कथामा पात्रको मनोदशा चरित्र एवं स्वभाव अनुसार देशकाल वातावरणको वर्णन गर्नु पर्दछ ।

**५) उद्देश्य :-**

कथालेखनको मुख्य प्रयोजनलाई उद्देश्य भनिन्छ । कथाकारले कथाको माध्यमबाट के शिक्षा दिने हो, के को लागि कथा लेखिएको हो भन्ने कुरानै उद्देश्य भित्र पर्छ । खास गरी,मनोरञ्जन शिक्षा , प्रेरणा प्रदान गर्नु नै कथालेखनको उद्देश्य हो । मार्मिक अनुभूतिलाई अभिव्यक्त गर्दै सामाजिक समस्याको चित्रण गर्दै सुधारवादी भावनाको प्रचारप्रसार गर्नु पनि कथाको उद्देश्य हो ।

**६) भाषाशैली :-**

कथामा प्रयुक्त कथाको अनुभव अनुभुतिलाई प्रस्तुत गर्ने माध्यम नै भाषा हो । भाषाद्वारा कथावस्तु विन्यास गरी राख्ने कला भाषाशैली हो ।  कथामा शैली सरल सहज स्पस्ट हुनुपर्छ । अनुभूतिलाई प्रभावशाली बनाएर अभिव्यक्त गर्ने साधन वा प्रस्तुति नै शैली हो (पोखरेल , २०५९, पृ :२३०, २३३) सो कारण भाषाशैली पनि कथाको महत्वपूर्ण तत्व हो ।

**आ) उपन्यास :-**

जीवन जगत्को सम्पूर्ण पक्षको अध्ययनलाई खण्ड, परिच्छेद ,छुट्याएर रचना गरिने गद्य साहित्य नै उपन्यास हो । उपन्यासले जीवनका विभिन्न घटना पक्ष एवं परिवेशको विस्तार पुर्वक वर्णन गरी विश्लेषण गरी कलातमक ढङ्गले मनोरञ्जन शिक्षा एवं प्रेरणा प्रदान गर्दछ । उपन्यासमा जीवनको समग्र पक्ष समेटिएको हुन्छ । धेरै पात्र विस्तृत क्षेत्र ठूलो परिवेश लामो कथानकको साथ अगाडि बढेको उपन्यासमा आलङ्कारिक भाषा रागात्मक सौन्दर्य र गद्यको सम्मिश्रणले जीवन्त तुल्याउन मद्दत गर्छ । उपन्यासको मेरुदण्डका रुपमा कथावस्तु  पात्र, कथोपकथन, देशकाल , वातावरण, उद्देश्य र शैली रहेका हुन्छन् ।

उपन्यासकारद्वारा के कुरा अभिब्यक्त गर्न खोजिएको छ अथवा यसको उद्देश्य के हो ? भन्ने कुरामा छर्लङग पार्ने काम उपन्यासका तत्वहरुले नै गर्दछन् । तिनीहरुलाई निम्न अनुसार हेर्न सकिन्छ ।

**उपन्यासका तत्वहरु**

क) कथावस्तु :-

विभिन्न घटनाहरुको कमवद्ध संयोजा नै कथानक हो । उपन्यासको काम जीवनको यर्थाथ चित्र खिच्नु हो । गतिशील एवं घटनामय जीवन नै उपन्यासको कथावस्तु हो । कथावस्तु रोचक सजीव र स्वाभाविक हुनुपर्छ ।

ख) पात्र एवं चरित्र :-

पात्रको छनोट पनि उपन्यासमा पात्रहरुले नै कथावस्तुलाई डोऱ्याएर अगाडि बढाउने काम गर्दछन । यिनै पात्रहरुको ठाँउ अनुरुप भूमिका प्रदान गरी चिनाउने काम नै चरित्रचित्रण हो । चरित्रचित्रण उपन्यासमा पात्रहरुको आन्तरिक एवं बाह्य दुबै पक्षको सुक्ष्म अध्ययन र विश्लेषण गरिएको हुन्छ  ।

ग) कथोपकथन :-

कथावस्तुको विकास गराउने र स्वाभाविकता ल्याउने अनि चरित्रचित्रणमा प्रकाश पुऱ्याउने उद्देश्यले पात्रहरुका बीचमा जुन कुराकानी गराइन्छ त्यही नै कथोपनकथन हो । कथोपनकथनका माध्यमले घटनाहरुमा गतिशीलता ल्याउन र नयाँ घटनाहरु ( उपकथाहरु,उपाख्यानहरु) थप्न सकिन्छ ।

घ) देशकाल वातावरण :-

उपन्यासको कथानकलाई कथा हो जस्तो पार्न र रोचक बनाउन वातवरणको महत्वपूर्ण भूमिका रहन्छ। जुनसुकै घटना पनि कुनैन कुनै स्थान र कालमा घटित भएको हुन्छ र सम्बन्धित पात्र उक्त स्थान र कालमा आश्रित रहेको हुन्छ । त्यस सँगै सम्बान्धित देशकालको परिस्थिति परम्परा जीवनप्रणाली भेषभुषा चालचलन तथा बोलीचालीलाई उचित समायोजन गरी रचनालाई प्रभावशाली बनाउन सकिन्छ। त्यसलाई नै उपन्यासमा देशकाल परिवोश भनिन्छ।

ङ) उद्देश्य :-

जुनसुकै कार्यको थालनी गरेपनि त्यसको कुनै न कुनै प्रयोजन वा उद्देश्य हुन्छ। विना उद्देश्य थालिएको कार्य सफल हुदैन । उद्देश्य भनेको लक्ष्य प्राप्तिको पथमा लम्किनु हो । उपन्यासका सँगै भएको प्रस्ट दृष्टिकोणलाई उपन्यास मार्फत स्वाभाविक माध्यमले प्रस्तुत गरिनुपर्छ अन्यथा उपन्यास तथा उपन्यासकारले सफलता प्राप्त गर्न सक्दैनन्। यसलाई नै उपनयासमा उद्देश्य भनिन्छ।

च) भाषाशैली :-

भाषाका माध्यम बाट उपन्यासकारले आफ्ना व्यथा र भावनाहरु पोख्ने गर्दछ । यसरी कुनै कुराको प्रस्तुति गर्ने तरिका नै शैली हो । भाषशैलीका दृष्टीले उपन्यासको शैली सरल सहज हुनुपर्छ । (अलङ्कारपूर्ण समासबद्ध र लामा एवं घुमाउरो कथनहरुको प्रयोग उपन्यासमा उपयोगी मानिदैन (पोखरेल , २०५९, पृ : १९४, १९९)।

**२.२.३ निबन्ध :-**

निबन्ध संस्कृत शब्द हो । जसको निर्माण नि उपर्सग लागेर बन्ध धातु घञ् प्रत्यय जोडेर भएको छ । निबन्धको व्युत्पतिजन्य अर्थ बाध्नु हो । बाध्नु ,कस्नु,जकडनु, आशक्ति, संलग्नता, रचना लेखन, साहित्य लेखन वा कृति सङ्ग्रह ग्रन्थ नियन्त्रण अवरोध बन्दन सुत्रावरोध, हत्कडी भन्ने बुझिन्छ ।

त्यसैले निबन्ध भनेको भाव वा विचारका अभिव्यक्तिलाई अत्यन्त सुन्दर ढङ्गले नियन्त्रित रुपमा बाध्नु वा केन्द्रित गर्नु नै हुन्छ । यो पनि साहित्यको एक बिधाको रुपमा विकसित भएको पाइन्छ । निबन्धकार आफ्ना अनुभुति वा कुनैपनि विषय बस्तुलाई देखेर आदि मध्य र अन्त्यको क्रममा सिलसिलेवार रुपले प्रस्तुत गरी विचारलाई प्रकाश पार्ने काम निबन्धबाट गरिन्छ । नियममा बाधेर भावना अनुभूति वा विषय वस्तु प्रस्तुत गर्नु नै निबन्ध हो । त्यसैले निबन्ध भनेको भाव वा बिचारका अभिव्यक्तिलाई अत्यन्त सुन्दर ढङ्गले नियन्त्रित रुपमा बाँध्नु वा केन्द्रित गर्नु हो ( आचार्य , २०७१ ,

पृ:५३४) । यसरी निबन्ध बन्नका लागि पनि विभिन्न तत्वहरुको आवश्यकता पर्छ जुन निम्न अनुसार छन ।

**निबन्धका तत्वहरु**

**१) विस्तृत अध्ययन :-**

विस्तृत अध्ययन भनेको बिबिध विषयको स्तरीय ज्ञान हो । कुनै पनि असल निबन्धमा विस्तृत अध्ययन पश्चात् विकसित विद्वत्ता झल्किनु पर्दछ । ज्ञान विज्ञान आदि विभिन्न वाङ्मयको स्तरीय ज्ञानको विविध सामग्री र सूचनाद्वारा सम्पन्न मस्तिष्कको छाप निबन्धमा पर्नु पर्दछ ।

**२) सूक्ष्म निरीक्षण :-**

यसको तात्पर्य अध्ययनमा प्रत्यक्ष अनुभव र विवेचनात्मक दृष्टीकोणको सामान्जस्य रहनुपर्छ भन्ने हो । आफ्नो अगाडि रहेका समाजका घटनाहरु र जीवन प्रवाह आदिलाई सचेत आँखाले हेर्नु र सजक कानले सुन्नु पर्दछ । त्यही सचेत हेराइ र सूचनालाई नै सूक्ष्म निरीक्षण भनिन्छ।

**३) गहन चिन्तन :-**

निबन्धको चिन्तन एक महत्वपूर्ण तत्व हो , जसमा प्रत्यक्ष देखिने समाज, व्यक्ति र घटनाको पृष्ठभूमि, सम्भावना, औचित्य, अनौचित्य र भावी परिणामहरुका विषयमा गहिरो सोच विचार नै गहन चिन्तन भित्र पर्दछ । त्यसैले चिन्तन निबन्धमा आवश्यक छ ।

**४) चयन क्षमता :-**

चयनक्षमता भन्नाले निबन्धको छानबिन कुशलता हो । घटना घटेको देखेर सुनेर एवं कुनै पनि विषयको मनन गरेर निस्किएका अनेकौ समबेदनाहरुमध्ये कुन कुनलाई लिने कुनकुनलाई छाड्ने भन्ने सही निर्क्योल निकाल्नु नै चयन दक्षतामा पर्दछ ।

**५) आत्मा प्रकाशन :-**

लेखक वा व्यत्तिको व्यक्तित्वको समावेश नै आत्म प्रकाशन हो । यसलाई निबन्धमा समावेश गरिएको हुनुपर्छ । निबन्धकार गम्भीर भए गाम्भीर्यताको छाया" पर्छ भने हास्यपात्र भए हास्यव्यङ्ग्यको छायाँ रहन्छ । यिनै छाँया व्यक्त गर्नु नै आत्मा प्रकाशन हो ।

**६) सरसता वा भावनात्मकता :-**

साहित्य रचनाको एक आवश्यक तत्वको रुपमा सरसता वा भावनात्मकतालाई लिन सकिन्छ । साहित्यलाई विज्ञान शास्त्र वा अन्य विषयबाट तुरुन्त छुट्याउने तत्व नै सरसता वा भावनात्मकता हो ।

**२.२.४ नाटक :-**

नटक शब्द नट् धातुबाट बनेको हो । नट् को अर्थ हुन्छ अभिनेता त्यसैले अभिनेताले अभिनय गरेको कला वा कृतिलाई नाटक भनिन्छ । अभिनेताले गरेको बिभिन्न इतिहास प्रसिद्ध वा लोकप्रिय कथाबस्तु भएकाले साहित्यलाई नै नाटकका रुपमा हेर्दा नायकको चरित्रलाई मुख्य विषयवस्तुका रुपमा प्रस्तुत गरी नाटकको रचना भएको पाइन्छ । नाटकमा प्रयुक्त नायक धीरोदत्त, बाह्मण क्षेत्री वा देवता आदि राख्ने मान्यता रहेको पाइन्छ । सो कारण नाटक भनेको इतिहास प्रसिद्ध वा लोक प्रसिद्ध कथावस्तु भएको पाँच सन्धिले युक्त विशिष्ट धीरोद्दात्त, बाह्मण क्षेत्री वा देवता नायक भएको सुख दुःखको चित्रणले भरिएको अनेकौ रसहरुले भरिएको तर एउटै रस मुख्य भएको हुनुपर्छ भने बढीमा दश सम्म अङ्क भएको चार, पाँच जना मुख्यपात्रहरुले अभिनय भएका काव्य कृतिलाई नै नाटक भनिन्छ । नाटक विधाबाट छुट्याउने आधार रङ्गमञ्चियतालाई लिन सकिन्छ । यसमा निम्न अनुसार बिभिन्न तत्वहरु रहेका छन् ।

**१) कथावस्तु :-**

नाटकलाई कथाबस्तुले उत्तरोत्तर अघि बढाउदै लाने घटना कम हो । नाटकमा प्रस्तुत कथावस्तु अन्य विधा भन्दा छोटो हुनुपर्छ बढीमा तीन चार घन्टामा मञ्चन गर्न सकिने किसिमको हुनुपर्छ ( पोखरेल , २०५९ , पृ :१६५) ।

**२) पात्र :-**

नाटकलाई विस्तार गराउने काम पात्र वा चरित्रले गर्दछ । नाटकमा विभिन्न प्रकारका पात्रहरुको समायोजन गरिएको हुन्छ । त्यसमा मुख्य नायक नायिका आदिको मुख्य भूमिका रहन्छ । धेरै पात्रको प्रयोगभन्दा पनि खास कार्यमा खास पात्रहरु संलग्नता नै उपयुक्त रहन्छ (पोखरेल , २०५९ , पृ: १६५) ।

**३) चरित्रचित्रण :-**

पात्रको चरित्र चित्रण गर्नु नै चरित्रचित्रण हो । पात्र अनुसार नाटकमा चरित्र चित्रण गरिन्छ । पात्रहरुको भूमिका अनुसार नाटकमा चरित्रको चित्रण गरिन्छ ।

**४)अभिनय :-**

नाटकमा अभिनयलाई एक महत्वपूर्ण तत्वको रुपमा लिन सकिन्छ । अभिनय बिना नाटक बन्न सक्दैन । अभिनय नाटकको व्यक्तित्व पनि हो । नाटकमा अभिनय चार प्रकारका हुन्छन । आङ्गिक , वाचिक , आहार्य र सात्विक (पोखरेल , २०५९ , पृ :१२८) ।

**५)देशकाल :-**

नाटक अभिनय विधा भएकोले रङ्गमञ्चमा प्रस्तुत हुनकालागि देशकाल र वातावरणको आवश्यकता पर्दछ । नाटकलाई स्तरीय प्रत्यारिलो बनाउन कुन कालको कुन ठाउँमा वा कस्तो वातावरण रहनसहन हो त्यसलाई प्रस्तुत गर्ने काम देशकाल वा वातवरणले  गर्दछ ।

**६)उद्देश्य :-**

नाटकमा उद्देश्य जीवनको व्याख्या र आलोचना गर्नु हो । यसरी व्याख्या गर्दा मानवीय जीवनका बाह्यान्तर अनुभूति घात प्रतिघात तथा अनेक विषम समस्याहरुलाई रङ्गमञ्चीय रुपमा अभिब्यत्त गर्ने काम नाटकको उद्देश्यले गर्दछ (पोखरेल , २०५९ , पृ: १६९) ।

**७) शैली :-**

कुनै कुराको प्रस्तुत गर्ने तरिका नै शैली हो । विधाको विभाजन नै शैलीका रुपमा लिइन्छ । नाटकको शैली पनि व्याप्त होइन संक्षिप्त हुनुपर्दछ । सरल र सुबोध्य भाषाको प्रस्तुत गर्ने ढङ्गनै नाटकको शैली अर्न्तगत  पर्दछ ( पोखरेल , २०५९ , पृ :१७०) ।

## २.३ नेपाली कविताको विकासकम

### क) पृष्टभूमि र काल विभाजन

कविता साहित्यको एक विधा हो । साहित्यमा भाषाको माध्यम अन्तर्गत प्रकट भएको सिर्जनात्मक वा कलात्मक अभिव्यक्ति हो । नेपाली कविता नेपाली भाषाको सुरुवात भएदेखि नै साहित्य जगतमा देखापरेको अनुमान गरिएको छ । (विकमीय छैटौ शताब्दी) देखिएको पूर्वपरम्परा तर्फ

दृष्टि दिंदा भने काव्य स्थापना भएको हाल साहित्यको रुपमा चिनिने विशिष्ट रचना विक्रमको एघारौं शताब्दी तिर भारतवर्षीय अन्य आर्य भाषा सरह नेपाली भाषाको उद्‌भव भएको पाइन्छ ।

यसै समयदेखि नै नेपाली भाषाका लोकस्तरका गीत र गाथाहरुको माध्यमबाट नेपाली कविताको मौखिक रुपमा थालनी भएको अनुमान लगाउन सकिन्छ । नेपालीभाषा लेखन परम्पराको सबैभन्दा पुरानो सामग्रीको रुपमा दामुपालको अति संक्षिप्त दुल्लु अभिलेख फेलापरेको हो । जुन विक्रमको एघारौं शताब्दीमा थालिएको अवगत हुन आँउछ । नेपाली वाङ्मयको सबैभन्दा पुरानो साङख्य रुप “भास्वती टीका”( वि.सं.१४५७ अनुमानित समय रहेको ) ले प्रदान गरेको छ । (त्रिपाठी , २०५३ ,पृ:९७)

नेपाली भाषामा बंशावली लेखनको परम्परा उपयुक्त ग्रन्थभन्दा पनि पुरानो हुन सक्छ । तर समय निश्चित रुपमा थाहा भएको त्यस्तो कुनै बंशावली ग्रन्थ फेलापरेको छैन । हाल रास्कोटी बंशावली पुर्वाद्ध भागको बंशावली वर्णन अन्तरगत एक अंशलाई प्राध्यापक बालकृष्ण पोखेलको “बडे राजा……………….मलय बम्ब” शीर्षक दिई गद्यकविताको रुपमा प्रस्तुत गरी जेठो कविता ठहर्‍याएको र यसका रचनाकार मलय बम्बका छोरा मेदेनी बम्बका ज्ञान समयका आधारमा त्यस बंशावली अंशलाई वि.सं.१४५० तिरको ठानेको पाइन्छ । यसरी नेपाली भाषमा लेख्य वाङमय परम्परा बिक्रमको पन्धौ शताब्दी तिरको हुनसक्ने अनुमान गर्न यसबाट सकिन्छ । अघिल्लो समय सवा दुईसय वर्षको नेपाल राष्ट्रको निर्माण क्रममा इतिहासका घात प्रतिघातका साथै पुग नपुग पछिल्ला पौने एकसय वर्षको नेपाली समाजको सामाजिक सास्कृतिक एवं राजनैतिक  आर्थिक क्रियाप्रतिक्रिया तथा नेपाल वाहिरको बृहत नेपाली समाजका जीवनको घुम्तीहरुलाई नेपाली शिष्ट लेख्य कविताको परम्पराले बहन गर्दै आएको छ । नेपाली कविताको विक्रमीय अठारौं शताब्दीसम्मको प्रारुप र त्यस पछिको विगत सवा दुइसय वर्षको शिष्ट लेख्य नेपाली कविताको प्रभावमानै यहाँ नेपाली कविताको विकास प्रकृयाको विवेच्य कालका रुपमा देखापर्दछ (त्रिपाठी , २०५३ ,पृ:९९,१००) ।

**२.३.१ नेपाली कविताको विकासक्रम र काल विभाजन**

नेपाली कविता विकासक्रमको केन्द्रीय प्रतिभाको आधारमा कसैले राजनैतिक मोडका आधारमा कसैले प्रकृतिको आधारमा विभाजन गरेको पाइन्छ । यसरी विभिन्न विद्वानहरुको आ-आफ्नै तरिका उल्लेख गरेको पाइन्छ । तैपनि समग्ररुपमा अध्ययन गर्न सहज होस भन्नका निम्ति धेरै विद्वानहरुले राष्ट्रिय स्तरका साहित्यिक संघ सस्थाको सहमतिमा निम्न तरिकाबाट विभाजन गरेको पाइन्छ ।

**प्राथमिक काल :- (१८२६-१९४०)**

**माध्यमिक काल :- (१९४१-१९७४)**

**आधुनिक काल :- (१९७५-हाल सम्म)**

**२.३.१.१ प्राथमिक काल :- (१८२६-१९४०)**

नेपाली कविताको शिष्ट लेखन परम्पराको थालनिका नाताले लेखोट कालका रुपमा नेपाली कविताको प्राथमिक काललाई लिइन्छ । जुन पृथ्वीनारायण शाहको बीरवन्दनावाट सुरुहुन्छ । श्री ५ पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान सुगौली सन्धि नेपाल अंग्रेज युद्ध त्यस्तै कोत पर्व जाहानीय राणा शासनको घटनाक्रम आदिवाट निर्माण भएको हो । त्यस प्राथमिक कालको समयावधि लगभग ११४ वर्ष सम्म रहेको पाइन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरण हाराहारीमा आरम्भ भएर मोतिराम भट्टको उदय पूर्व सम्म नेपाली कविताको प्राथमिक काल विस्तारभएको पाइन्छ । एकाइसौ शताब्दीको समयावधिमा लिखित कवितालाई प्रवृत्तिगत भिन्नताको आधारमा दुई चरणमा बाड्न सकिन्छ । जुन यस प्रकार छन् ।

अ) पूर्वार्द्ध वि.सं (१८२६ देखि १८७२)

आ) उत्तरार्ध वि.सं (१८७३ देखि १९४०)

यो पूर्वार्ध वा प्राथमिक कालको समयलाई वीरधाराको रुपमा लिन सकिन्छ भने उत्तरार्धको समयलाई भक्तिधाराको रुपमा चिन्न सकिन्छ ।

**अ) पुर्वार्ध वि.सं (१८२६ देखि १८७२)** वीरधारा

नेपाल एकीकरणको अभियानमा जुटेका पृथ्वीनारायण शाहको वीरबन्दनावाट सुरुभएको नेपाली कविताको वीरधारा काल लगभग ४० वर्षसम्म रह्यो । यस समयावधिमा वीरतापूर्ण भाव भएका वीर रसयुक्त वढी मात्रामा लेखिएको पाइन्छ । यसका अतिरिक्त हास्य श्रृङगार एवं आध्यात्मिक तथा नैतिक सामाजिक प्रवृत्तिका कविताहरु पनि फाटफुट रुपमा फेला पर्दछन । प्रधानताको दृष्टिले प्राथमिक कालको यस प्रथम चरणलाई वीर धाराको रुपमा स्वीकारिएको हो । वीरधाराका उत्प्रेरक कारकका क्रममा प्रकट भएका वीरवन्दना राजभक्ति, राष्ट्रियता र देशप्रेमको भावधारा रहेको पाइन्छ ।

सुवानन्द दासले “पृथ्वीनारायण” शीर्षकवाट सुरु गरी वीरवन्दना अथवा वीरताको उर्बरता प्राप्त गर्दछ । यस्तै यस धाराका अन्य कविहरुमा शक्तिबल्लभ अर्ज्याल, राधाबल्लभ, यदुनाथ पोखेल सुन्दरनन्द बाँडा , लोकराज पन्त ,रामचन्द्र रेग्मी, गुमानी पन्त आदि रहेका छन (त्रिपाठी , २०५३ ,पृ:१०५) ।

**आ) उत्तरार्ध वि.सं (१८७३ देखि १९४०) भक्तिधारा**

वि.सं (१८७३ देखि १९४०) सम्म लगभग ६७ वर्षको समयावधिलाई नेपाली कविताको इतिहासमा भक्तिकाल भन्न सकिन्छ । पृथ्वीनारायण शाहले अगाडि सारेको नेपाल एकीकरण अभियानलाई उनी पछाडिका वीर वीरङ्गनाहरुले पनि कायमै राखेको पाइन्छ । नेपाल र अङ्रेज बीचको युद्धमा नेपालीहरुको हार भएपछि मुलुकमा निराशताले ढाकेको पाइन्छ । वीरतापूर्ण भावना बोकेका नेपाली कविहरु वीरधाराबाट टाढिदै भक्तिधारातर्फ अग्रसर भई आतङ्कको त्रासबाट मुक्ति पाउनको निमित्त भक्तिधाराका कबिहरु पाइन्छन् । यसरी ईश्वरको स्तुति गरी भक्ति भावनामा लाग्दा ईश्वरबाट रक्षा मिल्छ भन्ने धारणा यस धाराका कविहरुमा पाइन्छ । वीर बन्दनाबाट स्तुति तर्फ रुपायित भएको पाइन्छ । कविहरुले ईश्वरको साकार र निराकार रुपको वर्णन आफ्नो आफ्नै तरिकाबाट गर्न थाले (त्रिपाठी , २०५३ ,पृ:१०५) ।

यसरी उत्तर्राधृमा सुरु भएको भक्तिधारालाई दुई भागमा बिभाजन गरिएको छ ।

क) सँगुण भक्तिधारा

ख) निर्गुण भक्तिधारा

क) सँगुण भक्तिधारा :-

सँगुण भक्तिधारा अन्तर्गतका कविहरु श्री कृष्णलाई र केही कविहरु श्री रामलाई आ-आफ्नै आरध्यदेव मानी तिनीहरुको स्तुति गर्न थाले । यो धारालाई पनि दुई भागमा विभाजन गरेको पाइन्छ । जुन यस प्रकार रहेका छन ।

क) कृष्ण भक्तिधारा

श्री कृष्ण भगवानको जीवनीसँग सम्बधित पक्षलाई विषयवस्तु बनाई आफ्ना भावनाहरु ब्यक्त गर्ने कविहरु यस धारामा पर्दछन । कृष्ण भक्तिधारामा देखिएका कविहरुमा इन्दिरस,वसन्त शर्मा , विद्यारण्यकेशरी, वीरशाली पन्त, यदुनाथ पोखेल , हीनब्याकरणी, बिद्यापति , पताञ्जली गजुरेल , छविलाल नेपाल, हरिदास आदि रहेका छन ।

ख) राम भक्तिधारा

श्री रामको जीवनीसँगै सम्बन्धित पक्षलाई विषयवस्तु राखी आफ्नै भावनाहरु व्यक्त गर्ने कविहरु यस धारामा पर्दछन । यस धारामा रामभक्तिलाई कवितात्मक रुपमा अभिव्यक्ति दिने र रामको स्तुति गर्ने मुख्य कविहरुमा भानुभक्त आचार्य , पतञ्जली गजुरेल , रघुनाथ पोखेल आदि हुन् (त्रिपाठी ,२०५३ ,पृ:१०८) ।

ख) निर्गुण भक्तिधारा

नेपाली कविताको विकासक्रमसँगै प्राथमिक कालमा भित्रिएको भक्तिधारा अर्न्तत निर्गुण भक्तिधारा पनि एक हो । यस धाराको आरम्भ जोसमनि सन्तका रचनाबाट भएको हो । कवि सन्तहरुको मुख्य उद्देश्य जातिगत विभेद अत्याचार दुराचारको विरोध र मानवताको समर्थन गरी मुक्तिको चहाना राख्नु हो । यस धाराका कविहरु दैवज्ञकेशरी शशिधर अगम दिलदास हुन् । अखण्ड दिलदास, ज्ञान दिलदास मध्ये केन्द्रिय प्रतिभा चै ज्ञान दिलदास हुन् । ज्ञान दिलदासले कविताको माध्यमबाट तत्कालीन सामाजिक प्रशासनिक र आर्थिक स्थितिको यर्थाथ चित्रण गरी ब्याङ्ग्यात्मक अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

सन्त ज्ञानदिलदासका उदयलहरी झ्याउरे भजन , टुङनागरी जम्मा तीनवटा रचना उपलब्ध छन् । यसरी सुवानन्द दासबाट थालनी गरिएको कविता लेखन परम्परालाई अगाडि वढाई १९२६ देखि शुरु गरिएको वीरबन्दनायुक्त कविता समयावधि १८७३ को सुगौली सन्धिसम्म लिन सकिन्छ । वि.स. १८७३ पछिको वातावरणलाई भक्तिधारा कविता रचना गर्ने स्थिति निम्त्याउन सकिन्छ । यस धाराका प्रमुख प्रतिभा भानुभक्त आचार्य हुन ।

### २.३.१.२ नेपाली कविताको विकासमा माध्यमिक काल :-

नेपाली कविताको विकास यात्रामा माध्यमिक काल भन्नाले मोटामोटीमा वि.सं. १९४७ - ०७४ बीचको लगभग साडे तीन दशकको समयावधि बुझिन्छ । कविताको प्राथमिक काललाई लेखोटको काल भनिन्छ । माध्यमिक काललाई चाँहि छापाखानाकालको रुपमा चिनिन्छ । यस युगका प्रर्वतक मोतिराम भट्ट हुन । यस युगको सिङ्गो नेतृत्व मोतिराम भट्टले गरेका थिए । माध्यमिक कालीन नेपाली कविताको परिचयात्मक केन्द्रीय प्रवृत्ति श्रृङ्गारिकता नै हो । माध्यमिक कालमा थुप्रै श्रृङ्गारिक कविता रचना भएको पाइन्छ । राष्ट्रमा ढुकुटी मनोरञ्जनमा खर्चने तथा राणाहरुको चरम सुखका लागि तत्कालीन कविहरुले श्रृङ्गारिक प्रवृत्तिका कविताहरु सृजना गर्न थालेका पाइन्छन् । यस कालमा लोकधारा सवाइ लहरी सञ्चालित देखिन्छन् श्रृङ्गारिक कवि मोतिरामका कृतिहरुमा पिकदुत सुक्तिसिन्धु आदि प्रमुख मानिन्छन । यस कालका प्रमुख कवि मोतिराम भट्ट हुन् । समस्यापूर्ति गजल फुटकर कविता र खण्डकाव्य समेतका माध्यमबाट भट्टले श्रृङ्गारिक धारालाई प्रतिष्ठित र समृद्ध

पारेको पाइन्छ । मोतिराम भट्टका कृतिहरुमा प्रपञ्चक, गजेन्द्र मोक्ष, तीजको कथा , पिकदुत, प्रह्लाद, भक्तिकथा, उषाचरित्र , मनोद वेग , प्रवाह गजलहरु श्रृङ्गारिकताले पूर्ण रचनाहरु हुन ।

माध्यमिक काललाई वि.स.१९४१ देखि १९६० सम्मको अवधिलाई पूर्वाध र वि.स.१९६१ देखि १९७४ सम्मको अवधिलाई उत्तराध भनि बिभाजन गरिएको पाइन्छ । पूर्वार्द्धको नेतृत्वमा मोतीराम हुन् भने उत्तरार्धको समयमा लेखनाथ पौडेल जस्ता कविले श्रृङ्गारलाई नवयुगको आमन्त्रण गरेका छन् । यस समयमा सुक्तिसिन्धु श्रृङ्गारिक कविता सङ्ग्रहमा चर्चित कविता बन्न पुग्यो । यसै कालको अर्को श्रृङ्गारिक कवि शम्भुप्रसाद ढुङगेल हुन् । उनका शम्भुभजनमाला, वेश्यावर्णन जस्ता रचनाहरु पाइन्छन । यस कालका अन्य कविहरुमा तीर्थराज पाण्डे, राजिवलोचन जोशी , शिखरनाथ सुवेदी, पहलमान सिँह स्वार, इशवरीराज पन्त, तुलसीदत्त भट्टराई, आदि पर्दछन (त्रिपाठी , २०५३ ,पृ:११२) ।

### २.३.१.३ नेपाली कविताको विकासमा आधुनिक काल :-

कवि लेखनाथ पौडेलले यस कालको सूत्रपात गरेको पाइन्छ । पौडेलको कृतिहरुमा ऋतुबिचार, वुद्धिबिनोदले नैतिक सन्देश दिनुका साथै साहित्यिक स्वरलाई अघि सारेको पाइन्छ । कवि पौडेलले यसकालको श्रृङ्गारिक धारालाई त्याग्दै नेपाली कवितामा नवीन दिशा, नवीन भाषाशैली, लय, सौर्न्दय , साहित्यशिल्प संरचना सुसञ्जित बनाउदै सामाजिक एवम साँस्कृतिक मार्ग तर्फ लैजाने कार्य गरेका छन् । उनले कवितालाई परिस्कृत परिर्माजन भाषाशैलीमा श्रृङ्गारिकताबाट बौद्धिकता तर्फ अभिमुख गराइ पूर्वीय शास्त्रीय छन्दका परिधिमा शास्त्रीय छन्दको स्वरुप प्रदान गरेको पाइन्छ ।

नेपाली कविताको आधुनिक यात्रालाई यदि पूर्वाध र उत्तरार्धमा विभाजन गर्ने हो भने यो दुई समय विन्दु छुट्याउनलाई महाकवि लक्ष्मीप्रसाद देवकोटाको मृत्यु भएपछि वि.स.२०१६ साललाई साँधको रुपमा लिन सकिन्छ । वि.स.२०१७ सालको राजनैतिक यात्रामा पनि प्रजातान्त्रिक प्रभावको परिप्रेक्ष्यको एक महत्व पूर्ण पक्ष हो । आधुनिक नेपाली कविताको प्रयोगवादी मानिने सबैभन्दा परिस्कृत धारा पनि यसै वर्ष स्थापना भएको हो । वि.स.१९७५ देखि २०१६ सम्म लगभग ४१ वर्षको समयलाई नेपाली कविताको आधुनिक कालको पूवार्ध काल मान्न सकिन्छ । वि.स.२०१७ देखि यता हालसम्मको समयलाई नेपाली कविताको आधुनिक कालको उत्तरार्ध काल मान्न सकिन्छ । यसरी वि.स. १९७५ सालदेखि कवि शिरोमणि लेखनाथ पौडेलबाट सुरुवात भएको नेपाली कविताको आधुनिक कालभित्र पनि विभिन्न धाराहरु देखिएका छन् (त्रिपाठी २०५३ ,११३,११४) ।

क) परिस्कारवादी धारा ( १९७५ - १९९०)

नेपाली कविताको आधुनिक कालको पूर्वार्धमा देखा परेका दुई धारमध्ये परिष्कारवादी धारा पहिलो हो । परिष्कारवादी धारालाई क्लासिकल वा शास्त्रीयतावादी धाराका नामले पनि चिनिन्छ । लेखन व्याकरण शैलीगत परिष्कार अनुशासनमा कवितालाई हिडाउन प्रयास भइरहेको छ । कविताको स्तरीकरणको साथै नवीन कविता पथको खोज र प्रयोग भइरहेको परिप्रेक्ष्यमा वि.स. १९७५ - ७६ तिर नेपाली कविताको आधुनिककाल भित्रको प्रथम धाराको रुपमा परिष्कारवादी धारा प्रकट हुन पुग्यो । कविताका लय भाव शिल्प भाषशैली संरचनाका समयका साथै सन्तुलन एवं परिष्कार, परिमार्जन चहाने परिपेक्ष्यमा नै मुख्यतः यस धारालाई परिष्कारवादी धारा भनिएको हो ।

नेपाली कवितामा परिष्कार, परिर्माजनको क्रमलाई अगाडि बढाउन लेखनाथका अतिरिक्त बालकृष्ण सम, कुलचन्द्र गौतम ,सोमनाथ सिँगद्याल , माधव प्रसाद देवकोटा, पारसमणि प्रधान ,दधिराम, अगम सिहं तामाङ रहेको पाइन्छ । परिष्कारवादी धाराका मूलभूत उद्देश्य भन्नाले जातीय जागरण सामाजिक चेतनालाई जगाउनु भन्ने बुझिन्छ । यस बाहेक शिष्ट शालीन र संयमित प्रस्तुतीकरण र वस्तुपरक कविता रचनामा केन्द्रिकृत रहनु पनि एक विशेषता हो । वि.स. १९७५ देखि १९९० सम्मको करिव डेढ दशकको कविता यात्रा परिष्कारवादी धाराको उर्वरकाल भनिन्छ (त्रिपाठी , २०५३ ,पृ:१२९,) ।

ख) स्वच्छन्दवादी धारा (१९९१ देखि २०१६)

स्वच्छन्दवाद रोमान्स शब्दबाट विकसिसत रोमान्टिसिज्म शब्दको समानार्थी नेपाली शब्द हो । रोमान्टिसिज्म शब्दकाव्य रोचकपनापूर्ण कल्पनाप्रचुर रचनाको सन्र्दभमा प्रयोग गरेको पाइन्छ (शर्मा लुइटेल ने.स.२०६७, २८१) । वि.स. १९९१ सालमा शारदा पत्रिकाको प्रकाशनसँगै लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठका कविताहरुबाट स्वच्छन्दवादी धाराको प्रारम्भ भएको देखिन्छ ।

नेपाली कविताको स्वच्छन्दवादी धारालाई वि.स. १९९१ देखि २००३ सम्मलाई पहिलो चरण र वि.स. २००४ देखि २०१६ सम्मलाई दोस्रो चरण गरी दुई भागमा विभाजन गरेको पाइन्छ । यसरी हेर्दा प्रथम चरणमा क्रान्ति चेतनालाई साङ्केतिक रुपमा व्यक्त गरेको छ भने पछिल्लो चरणमा प्रगतिवादी आकर्षण ग्रामीण जनजीवन र लोक संस्कृति तथा मनाव ईश्वर र प्रकृति प्रति आस्थाा प्रकट गर्दै राष्ट्रियता संस्कृतिको संरक्षण तथा विकासको लागि कवितात्मक अभिव्यक्ति दिने खालका कविताहरुको रचना हुनेगरेको पाइन्छ ।

यस धाराका केन्द्रीय प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाले कविताका लघु, मध्यम र बृहत् तीनवटै उपविधामा र लय विधामा वर्णमात्रिक, मात्रिक लोकलयात्मक एवम गद्य कवितात्मक चारै

थरीका प्रकृयामा वैशिष्टच देखाई आफ्नो तिब्रकल्पना शक्ति र आशुकवित्वको वेगमा स्वच्छन्दवादी व्यङ्ग्य विद्रोह एवम् कान्तिको चेतनालाई अभिब्यक्त दिएको पाइन्छ (त्रिपाठी , २०५३ ,पृ:१२२) ।

यस धाराका मुख्य कविहरु र तिनका काव्य प्रवृत्तिहरु लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्य सिद्धिचरणको उर्वसी खण्डकाव्य माधव घिमिरेको राजेश्वरी र राष्ट्रनिर्माता खण्डकाव्य तथा लक्ष्मीप्रसाद देवकोटाको शकुन्तला महाकाव्य प्रमुख रहेकाछन । यस्तै यस धारामा रहेर कलम चलाउने कविहरुमा युद्धप्रसाद मिश्र, भूपि शेरचन, गोपाल प्रसाद रिमाल रहेका छन (ढुङगेल , दहाल, २०६६,पृ:२१)।

यसरी नेपाली कविताको आधुनिक कालको स्वच्छन्दवादी धाराले नेपाली साहित्यलाई निकै फराकिलो र उर्वर बनाएको पाइन्छ । यस कालमा नै स्वदेशी र प्रवासी कविहरु प्रशस्त उदाएको भएपनि यस धाराको केन्द्रीय प्रतिभा भने महाकवि लक्ष्मी प्रसाद देवकोटा नै हुन् । यस समयावधिमा कविता लेखनमा दृढता राष्ठिय भावनाले सचेत भई साङ्गीतिकतामा आध्यात्मिकता , अतितप्रति मोह , प्रकृतिप्रतिको मोह र विसङ्गति प्रति विद्रोह साथै बिम्ब , अलङ्कार , प्रयोग गरिएको देखिन्छ ।

(ग) प्रयोगवादी धारा ( वि.स.२०१७ देखि २०२९ सम्म)

परम्परागत भन्दा नवप्रवृत्तिलाई अङ्गालेर विशिष्ट पाराले लेखिने रचनालाई प्रयोगवादी रचना भनिन्छ । प्रयोगवाद परम्पराको सम्पूर्णतालाई विखण्डन गर्ने प्रवृत्ति नभई परम्परागत निर्जीव तत्वका अन्वेषण गर्ने प्रकृया हो । देवकोटाको मृत्युपछि स्वच्छन्दतावादी धारा पछाडि वि.स. २०१७ सालमा मोहन कोइराला को नेतृत्वमा प्रयोगवादी कविताहरुको यस धारमा जन्म भएको पाइन्छ । नेपाली पाठकहरुका निमित्त यो प्रयोगवादी धारा निक्कै दुर्वोध्य र क्लिष्ट रहीि विवादास्पद रह्यो । यसै समयका कविहरु दुरुह तथा वैद्धिक पाराका कविता सिर्जना तर्फ प्रवृत्त भएको पाइन्छ । कविता शब्द कवितामा नअर्थी समष्टिगत प्रवाह ग्रहण गरेर आस्वदन लिनुपर्ने खालका लामा लामा शब्दलाई भाँचभुच पारेर कवितात्मक रुपमा प्रस्तुत गरेको पाइन्छ ।

प्रयोगवादी धाराका केन्द्रीय कवि मोहन कोइराला हुन् । यिनी स्वच्छन्दतावादी , प्रगतीवादी ,अमूर्त प्रगतिवादी हुदै मूर्त प्रयोगवादतर्फ उन्मुख भएका कवि हुन् । अनुप्रास बिहीन भाषाशैलीको प्रयोग गरी गद्य कविता धारालाई नेपाली कविता फाँटमा भियाउने काममा सफलता रहेको पाइन्छ । उनका सूर्यदान लेक जस्ता कविताहरु सामान्य पाठकको लागि उपयुक्त देखिदैन । कवितामा प्राय विसङ्गतिको प्रयोग हुन्छ । प्रयोगवादी धाराका अन्य कविताहरुमा द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठा, मदन रेग्मी, पारिजात , ईश्वर वल्लभ, बौरागी काइला, तुलसी दिवस , कुमार नेपाल आदि पर्दछन् ।

यसरी आधुनिक नेपाली कविताको विकास क्रममा प्रयोगवादी धारा वि.स. २०१७ देखि २०१९ सम्म लगभग बाह्रवर्षमा थुप्रै कविहरु उदाएका थिए । यही समयमा खण्डकाव्य नामक कविता रचिए भने अनेक प्रयोगका साथै लामो कविताका माध्यमबाट महाकाव्यात्मक विस्तार पनि भएको पाइन्छ ।

**घ) समसामयिक धारा (२०३० देखि हाल सम्म )**

समसामयिक शब्दले सामान्यतया हिजोको वर्तमान आजको भूतमा परिणत हुनेहुँदा यस शब्दले चिरस्थायी अर्थ भने दिन सक्दैन । नेपाली कविताको विकासक्रमका सर्न्दभमा खासँगरी वि.स. २०३० का दशकको मध्यदेखि हालसम्मको समयलाई समसामयिक धारा भनिन्छ । समसामयिक कविता लेखनका क्रममा कविहरुले कवितालाई सरल र संप्रेषणीय बनाउने तर्फ सचेतता अपनाएका छन् । यस समयमा तत्कालीन राजनीतिक अवस्था प्रयोगवादी दुर्वोध्यता किल्ष्टताको चरम चुली पुगी एक दशकको समयपछि कविता लेख्नेहरुको संख्या द्रुतगतिमा बढ्न गई प्रयोगबादी धारा क्रमसः पछाडि पर्न थाल्दछ ।

यस समयमा तत्कालीन राजनीतिक अस्तब्यस्तता , प्रयोगबादी, दुर्बोध्यता, बुटपालीस, अस्वीकृत जमात , अकविता हवाईपत्र, लछपत्रिका, लघुकविता आदिका माध्यमबाट पनि कवितालाई पाठक सामु पुऱ्याउने काम भएको पाइन्छ । यस सर्न्दभमा प्रयोगबाद र समसामयिक धारा निकटतामा हुर्किएको पाइन्छ । नेपाली समाजमा विद्यमान विभिन्न विसङ्गगति विकृति प्रति असन्तष्टी ब्यक्त गर्दै कविता प्रस्तुत गरेका छन् । मूलतः गद्यलयको प्रयोग गरेका यस अवधिका कवितामा कृतिम र आलङ्कारिक भाषाको प्रयोग नगरेर कविताको कथ्य भाव अनुसारको भाषा प्रयोग पाइन्छ । यस समयका कवितामा कविले व्यक्तिगत नभएर समष्टिगत अभिव्यक्तिलाई प्रस्तुत गर्दै भावना कथ्य विचार र शिल्पलाई एकैसाथ अगाडि बढाएको पाइन्छ । नेपाली समाज र नेपाली जीवनका विविध समस्या तथा विसङ्गति विकृतिप्रति आक्रोशित बनेर ब्यङ्ग्य प्रहार गर्न लागेको पाइन्छ । मानिसले भोग्नुपरेका कटु यर्थाथलाई वस्तुपरक ढङ्गले चित्रण गर्दै उनीहरुको खस्कँदो स्थिति पतनोउन्मुख आर्थिक अवस्था सामाजिक मूल्य र मान्यता अत्याचार आदि विविध पक्षलाई कवितात्मक अभिव्यक्ति दिने क्रममा सहज सरल र सरस कथन ढाँचाबाट अभिव्यक्ति दिने यस युगका सष्टा र पाठकका बीचमा सम्बन्ध स्थापित गराउने र दुर्वोध्य स्थितिबाट सम्प्रेष्य वा बोधगम्य बनाउने जस्ता महत्वपूर्ण कार्य गरेका छन् । यस धारामा केन्द्रीत रहेर कविता रचना गर्ने कविहरुमा मीन बा. विष्ट , गगन विरही, शिव श्रेष्ठ आदि हुन् । यस्तै अन्य कविहरुमा म.वि.वि. शाह , नीर विक्रम प्यासी , कृष्ण प्रसाद पराजुली, कालिप्रसाद रिजाल, हरिभक्त कटुवाल , कृष्णचन्द्र सिहं प्रधान, बौरागी काईला ,प्रमोद प्रदधान, हेमन्त श्रेष्ठ, नवराज कार्की, कृष्ण भुषण बल, विमल निभा, फणिन्द्र नेपाल, ज्ञानुवाकर पौड्याल, सरुभक्त, गोपाल पराजुली, आदि थुपै कविहरुले कलम चलाएको पाइन्छ ।

निष्कर्षमा सम्पूर्ण धाराहरुलाई हेर्दा परिस्कारवादी कविहरु बढी संयमित भएर शालीन अभियक्ति दिन तिर रुची लिन्छन भने स्वच्छन्दताबादी धाराका कविहरु सहज र स्वस्फुर्त रुपमा कविता ओकल्न मन पराउछन् । प्रयोगवादी कविहरु सहज र स्फुर्तरुपमा कविता ओकल्न मन पराउछन । प्रयोगवादी कविहरु कवितालाई पाठकबाट टाढा राख्ने सामान्य ढङगवाट अर्थ लगाउन नसकिने र बौद्धिकताको आवश्यकता पर्ने खालका कविता सृजनामा रमाउँछन । यसरी पाठक र कवितामा सम्प्रेषणको अभाव भइरहेको समसामयिक, राजनीतिक,सामाजिक आर्थिक विसंगतिले छटपटाएर पाठकका बीचमा सम्प्रेषणको अभाव भएको समसामयिक, सामाजिक, राजनीतिक, आर्थिक विसंगतिले छटपटाएर पाठकका बीचमा  रहनसक्ने स्थीतिको सिर्जना र समाज सुधारको आवाज घन्काउने उद्देश्य राखेर समसामयिक धारा जीवनका तीता मीठा अनुभवलाई कविता मार्फत ब्यक्त गरी पाठकलाई आफूतिर ध्यानाकषर्ण गरेको पाइन्छ

## २.४ कविताको परिचय

साहित्यका विभिन्न विधामध्ये कविता एउटा प्राचीन र संमृद्ध विधा हो । साहित्यको पृष्ठभूमिमा कविताको प्रमुख स्थान रहेको हुन्छ । कविता लयात्मक भाषिक कलाको रुपमा चिनिन्छ । यो सौन्दर्यपरक लयात्मक भाषिक अभिव्यक्तिको वाङ्मय पनि हो । कविताका सर्जकलाई कवि भनिन्छ । कवि शब्दमा य प्रत्यय लागेपछि काव्य शब्द बन्दछ । कविता शब्द कव धातुमा इ (इमा) प्रत्यय वा कु धातु (अच) र इ प्रत्यय लागेर बनेको हो । कविले सृजना गरेको भावनात्मक श्रृङ्गारिक एवम् लयात्मक रचनालाई कविता भनिन्छ ।

काव्य शब्दको व्युत्पत्ति हेर्दा कवि कविता र काव्य एक आपसमा संबद्ध देखिन्छन् । वेदमा काव्यलाई देववाणी र ब्राह्मणलाई प्रथम कवि भनिएको छ । न्यायकोषमा विशेषणयुक्त विशिष्ट पदावलीलाई काव्य भनेको पाइन्छ । कविता काव्य रचनालाई हेर्दा लोक जीवनसँग सम्वन्धित भएर प्रकट भएको लोकगीतले नै कविताको रुप प्राप्त गरेको पाइन्छ । पूर्वमा ऋगवेद, रामायण, महाभारत , जस्ता ग्रन्थहरु देखा परेको पाइन्छ  भने पश्चिममा इलियट र ओडेसी जस्ता वृहत आकारका काव्य कृतिहरु देखापरेका छन ( त्रिपाठी , २०५३, पृ: १५) ।

## २.४.१ कविताको पूर्वीय मान्यता

पूर्वीय साहित्य परम्परामा कविता काव्य शब्द परम्परादेखि नै प्रयोगमा आएको पाइन्छ । पूर्वीय आचार्यहरुले  काव्य र साहित्यलाई पयार्यवाची अर्थमा प्रयोग गरेका छन् । कविता काव्यको परिभाषा दिने क्रममा पूर्वीय विद्वानहरुमा भामह छैटौं शताव्दीदेखिका जगन्नाथ र सोहौ शताव्दी सम्म आइपुग्दा

कविता सम्बन्धी मान्यताहरु अनेक रुपमा देखिएका छन । विभिन्न पूर्वीय विद्धानहरुले गरेका कविता सम्बन्धी परिभाषाहरुलाई निम्नअनुसार यसरी हेर्न सकिन्छ।

“शब्द र अर्थको सहभावनै काव्य हो ।” -भामह

”सुन्दर र अर्थयुक्त पदावली नै काव्य हो ।” -दन्डी

“चमत्कारयुक्त अर्थरुप ध्वनि नै काव्य हो ।” - आनन्दवर्दन

“काव्य गुणले भरिपूर्ण भएको शब्दार्थ नै काव्य हो ।” -मम्मट

“वाङ्गो र घुमाउरो ढङ्गबाट व्यक्त भएको उक्ति नै काव्य हो ।” -कुन्तक

”कविताको आत्मा रीति वा शैली हो ।” -वामन

”रसात्मक वाक्य नै काव्य  हो ।” -विश्वनाथ

”रमणीय अर्थ प्रदान गर्ने शब्द नै काव्य हो ।” -जगतनाथ

”गुणालङ्कारपूर्ण वाक्य नै काव्य हो ।” - राजशेखर

प्रस्तुत विद्वानहरुको विभिन्न परिभाषाहरुलाई हेर्दा सबैले आ-आफ्नो तरिकाले कवितालाई चिनाउन खोजेको पाइन्छ । समग्रमा भन्दा सुन्दर चमत्कार युक्त गुणालङ्कारलाई काव्य गुणले भरिएको वक्रोक्तिपूर्ण रमणीय अर्थ दिने रसात्मक शब्द र अर्थयुक्त पदावलीलाई कविताको रुपमा स्वीकार गरेको पाइन्छ ।

### २.४.२ कविताको पाश्चात्य मान्यता

अंग्रेजी शब्द  poetry लाई पाश्चात्य साहित्यमा नेपाली शव्द कविताको समानार्थी  शब्दको रुपमा लिइन्छ । उक्त  poetry शब्द poet बाट बनेको हो । यसमा poet ले रचनाकार poetry ले रचना वा कुनै कृतिलाई बुझाउने गर्छ । poem शब्दको समानार्थी नेपाली शब्द कविता हो । यस अर्थ कविद्वारा सिर्जित पद्यात्मक रचना अथवा कविकर्म भन्ने बुझिन्छ ( ढुङगेल , दहाल, २०६६,पृ १)।

बीसौ शताबदी को अन्तिमतिर युरोपेली पाश्चात्य कविताले अझ नवीन विश्रृंखलताहरुलाई उतरोतर पयोग गरेको पाइन्छ । पाश्चात्य  जगतमा कविता मौलाउदै आउने क्रममा पश्चिमी

विद्वानहरु आ-आफ्नै तरिकाले व्याख्या गरेको पाइन्छ । जसमा केही विद्वानहरुको परिभाषा यसप्रकार हेर्न सकिन्छ ।

"अनुकरणको कला नै साहित्य हो । " - फिलिप सिड्नी

"कविता कम सूक्ष्म र सुकुमार भएपनि बढी सरल र इन्द्रियग्राह्य र भावपूर्ण हुन्छ ।"-सोमुअल जोसन

"शान्त क्षणमा सञ्चित अनुभवहरुबाट उत्पन्न प्रवल मनोभावको स्वतःस्फूर्त प्रवाह कविता हो" - विलियम वडस्वर्थ

"कविता कल्पना र संवेगको भाषा हो ।" -टमस कार्लाइल

" आफैले आफैलाई स्वीकार गर्ने अनुभुति कविता हो । " -जोन स्टुअर्ट मिल

"सौन्दर्यको लयात्मक सिर्जना कविता हो । " .एडगर एलेनपो

" कविता जीवनको आलोचना जस्तै हो " -म्याथ्यु आर्नाल्ड

"विज्ञान जस्तो नभएर आनन्दानुभूति गराउने तत्कालिक उद्देश्य भएको रचना नै काव्य हो ।" - सेमुअल टेलर

प्रस्तुत पाश्चात्य जगतका विद्धानहरुको कविता सम्वन्धी परिभाषालाई हेर्दा सुक्ष्म, सुकुमार, इन्द्रियग्राह्य , भावनात्मक, मनोभावनालाई , चित्रणगर्ने कल्पना संवेगयुक्त रचनालाई कविता भनी प्रस्तुत गरेको पाइन्छ ।

### २.४.३ नेपाली विद्वानहरुको मतमा कविताको परिभाषा

"भावनाको वौद्धिक कोमलता नै काव्य हो ।" -बालकृष्ण सम

"तीब्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पकेर भावुकता चढेको नै कविता हो ।" (लामिछाने, २०५९, पृ: ५) ।

"कविता जीवनजगतका मूल्यवान अनुभव काल्पनिक कुलात्मक र मुक्त लयात्मक भाषिक संकथन हो ।" वासुदेब त्रिपाठी, ढुङगेल, दाहाल २०६७, पृ: ५)।

"अस्वस्थ कल्पनाले मानिस पागल हुन्छ ।" - लक्ष्मी,प्रसाद देवकोटा (पराजुली, २०३९ , पृ :६४)

काव्य भनेको कुनैपनि विषय वा कथा लिएर मनोहर शैलीको सूत्रमा गुथिएका शव्द र अर्थको समुचित गेयात्मक गुम्फन हो। -सोमनाथ सिँगदेल, ढुङगेल, दाहाल २०६७, पृ: ५)

प्रस्तुत परिभाषाहरुलाई हेर्दा नेपाली विद्वानहरुले पनि कवितालाई चिनाउन आ-आफ्नै तरिकाले परिभाषा गरेको पाइन्छ। समग्र विषय वस्तुलाई लयात्मक भाषाको माध्यमबाट अभिव्यक्त गरिने सौन्दर्यमूलक संरचना नै कविता हो भन्ने धारणा ब्यक्त सबैको रहेको पाइन्छ।

### २.४.४. कविताको तत्व

कुनैपनि वस्तुलाई अस्थित्वमा ल्याउने वा निश्चित संरचना प्रदान गर्ने कारक वा अव्ययलाई तत्व भनिन्छ। तत्वको योगबाट नै सिङ्गो संरचान निर्माण हुन्छ। साहित्य विधामा आआफ्नै संरचना तत्व वा घटकहरु हुन्छन्। कविता विधाका पनि आ-आफ्नै तत्वहरु रहेका हुन्छन। तिनिहरुलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ। ती हुन् शीर्षक, संरचना, विषयवस्तु, भावबिधान, विम्व , प्रतीक , अलङकार, कथनपद्धति, दृष्टिविन्दु र भाषाशैली।

**१) शीर्षक :-**

शीर्षक भन्नाले कविताको नामाकरण मात्र नभएर कृतिका सारभूत विचारको सूचक संकेत वा उद्घाटन समेत हुनुपर्छ। विषयवस्तु , भाव वा विचारको सार वस्तुको संकेत गर्ने शीर्षकले पुरै कृतिको प्रतिनिधित्व गर्दछ।

**२) संरचना :-**

वस्तु र शिल्पको समष्टि अर्थात कविताको बाह्य तथा आन्तरिक रुपमा पाइने सबैको समष्टिलाई कविताको संरचना भनिन्छ। कुनै पनि वस्तुको स्वरुप नै संरचना हो (त्रिपाठी , २०५३, पृ:१७)।

**३) विषयवस्तु :-**

कविताको अनिर्वाय तत्वको रुपमा विषयवस्तुलाई लिन सकिन्छ। कविता रचना गर्नका निम्ति छनोट गरिने भाव विचार कथ्य वा वस्तुलाई नै विषयवस्तु भनिन्छ। कविहरुले जीवन भोगाइका क्रममा जुन वस्तुले अभिप्रेरित गर्दछ त्यही उत्प्रेरक वस्तु नै कविताको विषय बनदछ।

**४) भावविधान :-**

कविता भाषिक संरचना भएकोले यही भाषिक संरचना भित्र भाव अभिव्यक्ति भएको हुन्छ । भाव भन्नाले कविताको शव्दमा अन्तर निहित शक्ति भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा बस्तु नेता , भाव, रस काव्यका प्रमुख अङ्ग मानिन्छन । वस्तुमा भाव निहित रहने भएकोले कविताको भाव अति आवश्यक तत्व हो । भाव शव्दले अर्थ प्रकट गर्ने  अस्थित्वलाई उजिल्याएर देखाउने काम गर्छ ।

**५) लयविधान :-**

कविताको महत्वपूर्ण तत्वहरु मध्ये लयविधान पनि एक महत्व पूर्ण तत्व हो । कुनैपनि स्वर व्यञ्जन बर्णनको उच्चारणका क्रममा उत्पन्न हुने आरोह अवरोहको तहगत उच्चारणका क्रममा उत्पन्न हुने साङ्गीतलाई लय भनिन्छ । लययुक्त ध्वनि वा सङ्गीत दिएर श्रुतिमधुर बनाउने काम लयले गर्छ (शर्मा लुइटेल , २०५९, पृ:३) ।

**६) बिम्ब, प्रतीक, अलङ्कार विधान :-**

प्रस्तुतिबाट अप्रस्तुतिको बोध गराउनु नै बिम्बविधान हो । बिम्बविधान अलङ्कार विधान हो । कुनै लाक्षणिक अर्थ बुझाउन बिम्बको प्रयोग गरिन्छ । सांसारिक वस्तु वा जीवन जगतका व्यापक सर्न्दभहरुबाट टिपिएका सामग्रीहरु नै बिम्ब विधान हुन (शर्मा लुइटेल , २०६७, पृ:५८) ।

**७) कथनपद्धति :-**

कथनपद्धति कविताको एक महत्वपूर्ण तत्वको रुपमा रहेको हुन्छ । कवितामा कविले आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानीकरण गर्दछन् । कवितामा कथन पद्धति तृतीय पुरुष वा प्रथम पुरुषमा र कहिले काँही द्वितीय पुरुषमा पनि कथित वा आत्मालापि हुन सक्दछ । कवितात्मक कथनमा कवि र कथन आख्यानकृत कथन र नाटकीकृत जस्ता पद्धतिहरुको संयोजन वा मिश्रण पनि सम्भव हुन्छ ।

**८) दृष्टिविन्दु :-**

दृष्टिविन्दु भनेको आफ्ना भाव विचार अनुभुति  वा अभिव्यक्तिहरुलाई पाठक समक्ष पु¥याउने माध्यमलाई बुझिन्छ । कवि र पाठकका बीचमा विचार विनियम गर्ने साधन दृष्टिविन्दु हो । कवितामा दृष्टिविन्दु दुई प्रकारका हुन्छन् । जसमा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु र द्वितीयपुरुष बाह्य्य दृष्टिविन्दुमा रहेका हुन्छन ।

**९) भाषाशैली :-**

कविताको अनिर्वाय तत्वको रुपमा भाषाशैलीलाई लिइन्छ । जसको माध्यमबाट कविताले मूलरुप प्रदान गर्दछ । कवितामा प्रयोग गर्ने सङ्कथनगत पद्धतिलाई शैली भनिन्छ । यो व्यक्ति अनुसार फरकफरक हुन्छ । भाषाको माध्यमवाट गरिने अभिव्यक्तिको प्रकारलाई नै भाषाशैली भनिन्छ । भाषशैलीको अर्थ भाव प्रकाशनका लागि अभिव्यक्ति कौशल वा पद्धति हुन्छ (त्रिपाठी, २०५३, पृ:१९) ।

### १०) रसविधान :-

कविताको महत्वपूर्ण अङ्ग वा रस त्यस्तो सारभुत तत्व हो जुन हृदयकेन्द्रमा आत्माको रुपमा रहन्छ । काव्य वा साहित्यमा रसको प्रयोग विशिष्ट अर्थमा पाइन्छ । काव्यको सन्र्दभमा रसको तात्पर्य यस्तो रमणीय र आह्लादकारी अनुभूतिसँग रहन्छ र जसले मानव हृदयमा कुने न कुनै किसिमको तरल भाव संवेदनालाई जनाउँछ । यसको आस्वादन जिब्रोले मात्र होइन संवेदनशील हृदयले गर्दछ ( उपाध्याय , २०६१, पृ:१८) ।

रस मुख्यतः ९ प्रकारका हुन्छन् । ती हुन् - श्रृङ्गार रस, हास्य रस , करुण रस,रौद्ररस, वीररस, भयानकरस, वीभत्सरस , अद्‌भुतरस र शान्तरस (उपाध्याय , २०६१, पृ: ३१) ।

## २.५ कविताको वर्गीकरण

कवितालाई साहित्यको सबैभन्दा पुरानो र विकसित विधाको रुपमा लिइन्छ । कविता विधालाई पनि पूर्वीय तथा पाश्चात्य विद्वानहरुले आ-आफ्नो तरिकाले वर्गीकरण गरेको पाइन्छ । जसमा पूर्वीय विद्वान भामहले सर्वप्रथम कविताको वर्गीकरण गरेका छन् । उनले कवितालाई ब्रतबन्ध र अब्रतबन्ध गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ । आनन्दबर्धनले कवितालाई मुक्तक र युम्मक विशेषक, कलापक , वुलक गरी पाँच भागमा गरेका छन् । त्यस्तै विश्वनाथले कवितालाई निम्न चार भागमा वर्गीकरण गरेका छन । काव्य, कोषकाव्य ,खण्डकाव्य र महाकाव्य हुन । पूर्वीय विद्वानहरुद्वारा कवितालाई आ-आफ्नै तरिकाले वर्गीकरण गरिएको पाइन्छ । जुन यस प्रकार रहेका छन्

क) प्रबन्ध महाकाव्य

ख) नाट्य काव्य

ग) गीतिकाव्य

यस्तै गरी पाश्चात्य साहित्यमा कवितालाई यसरी वर्गीकरण गरिएको छ ।

**कविता**

पूर्वीय तथा पाश्चात्य साहित्यमा यसरी कविताको वर्गीकरण आ-आफ्नै तरिकाबाट गरेको भएता पनि यिनीहरुलाई संक्षेपमा हेर्दा नेपाली साहित्यमा कवितालाई चार भागमा यसरी वर्गीकरण गरिएको छ ।

क) लघुत्तम रुप/मुत्तक

ख) लघुत्तम रुप/ फुटकर कविता

ग) मध्यम रुप/ खण्डकाव्य

घ) बूहत् रुप /महाकाव्य

क) लघुत्तम रुप/मुक्तक

लघुत्तम रुप मुख्यतया मुक्तकका नामले संस्कृत र नेपाली भाषामा प्रसिद्ध पाइन्छ । साधरणतया मुक्तकलाई फुटकर कविताको रुपमा राखे पनि संरचनात्मक दृष्टिले फुटकर कविताभन्दा पनि सानो एकाइभित्र कविताको लघुतम रुप वा मुक्तकलाई राखिन्छ । यसमा दुईदेखि पाँच श्लोकसम्मको रचना गरेको हुन्छ । यसमा ज्यादै छोटो हुने भएकले शब्दको मितव्ययमा विचार पुऱ्याइन्छ । मुक्तकको अभिव्यक्ति निकै कसिलो र तिख्खर हुन्छ (ढुङ्गेल, दहाल, २०६६, पृ:१०) ।

**ख) लघुत्तम/फुटकर कविता**

लघुत्तमरुपभन्दा माथिल्लो र मध्यम रुपभन्दा तल्लो एकाइका रुपमा रचना गरिएको रुपलाई लघुरुप भनिन्छ अहिलेको समयमा कवितको रुपमा पत्रपत्रिका र गोष्ठिमा निकै प्रस्तुत हुनेगरेको अधिकांश साना कविताहरु फुटकर कविता हुन् । फुटकर कविताहरुमा कम्तिमा दुई पंक्तिसम्म लेखिएको हुन्छ । कविताको लघुरुपमा कविको कुनै खास मनोदशा वा भावधाराको सिङ्गो अभिव्यक्ति भएको हुन्छ (ढुङ्गेल, दहाल, २०६६, पृ:१०) ।

**ग) मध्यम रुप/ खण्डकाव्य**

कविता विधाको लघुरुप मानिने फुटकर कविता र बृहतरुप मानिने महाकाव्य बीचमा रहेको कवितात्मक रचनालाई नै मध्यम रुप वा खण्डकाव्य भनिन्छ । नेपाली कविताको विकास परम्परामा

देखा परेका लामो कविता पनि खण्डकाव्यकै स्तरमा स्थापित भएको पाइन्छ । यसमा जीवन जगतको सट्टामा जीवनको कुनै एक अंश वा खण्डको प्रस्तुति रहेको हुन्छ । कथानकमा क्रमबद्धता भएता पनि कुनै एक पक्षमा पूर्णता गरेको छोटो आकार भएको सँर्गबद्ध वा भाग खण्डमा विभाजित गरिएका कविताको मध्यम रुपलाई खण्डकाव्य भनिन्छ (आचार्य , २०६४, पृ: ३१३) ।

**घ) बृहत रुप /महाकाव्य**

कविता को क्षेत्रमा सबैभन्दा ठूलो रुपलाई बृहतरुप भएको काव्य वा महाकाव्य भनिन्छ । यसमा जीवनका सम्पूर्णताको चित्रण गरिएको हुन्छ । आख्यानको सुरुचीपूर्ण अभिव्यक्ति प्रस्तुत गरिन्छ । कथानकका दृष्टिले समेत महाकाव्य बृहत् रचना भएकोले यसमा पात्रहरुको समेत बाहुल्यता रहनु स्वाभाविक ठहरिन्छ । यसका अतिरिक्त महाकाव्यमा कुनै एक रसको प्रमुखता रहेता पनि अन्य रसहरु पनि आउने सम्भावना रहन्छ । यसमा कुनै युगको सामाजिक जीवनलाई प्रस्तुत गरिएको पाइन्छ ।

कुनैपनि महत्वपूर्ण गम्भीर वा रहस्यमय घटना वा घटनाहरुको सहायता लिएर संश्लिष्ट र समन्वित रुपबाट जाति विशेष वा युग विशेषको समग्र जीवनको वर्णन गरिन्छ । महाकाव्यका रचनाहरुमा विपुल लयप्रवाह विशाल भावराशि र वृहत् भाषिक सङ्कथन वा संरचना मुख्य चार पक्षका रुपमा रही कविताको विस्तृत र व्यक्तित्वका साथै धनत्वलाई अभिव्यक्त गर्दछ । आदि मध्य र अन्त्यमा मिलेको अनुभूतिका साथै व्यापक र विशिष्ठ रुपप्रबृतिलाई महाकाव्य भनिन्छ (आचार्य , २०३४, पृ: ३१४) ।

# तेस्रो परिच्छेद

## ३.टीका घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन

### ३.१ पारिवारिक पृष्ठभूमि

पिता रङगलाल पोखेल र माता डम्बर कुमारीको तेस्रो सन्तानका रुपमा वि.स. २०१७ साल फाल्गुण २० गतेका दिन कवि घिमिरेको साविक श्री अन्तु गा.वि.स. हाल सूर्योदय न.पा. मा जन्म भएको थियो । उनका दुईजना दाजु र एक जना बहिनी रहेकी छन । उनको पारिवारिक पृष्ठभूमिलाई हेर्दा बुबाआमा र दाजुहरुको मायाममता र बहिनी सँगको हाँसखेलमा वितेको पाइन्छ । सानो उमे देखिनै घर, परिवार, छ्रछिमेक साथीभाइसँग निकै सहयोगी र मिलनसार रहेकी घिमिरेको बाल्यकाल अत्यन्तै सुखमय साथ वितेको पाइन्छ (घिमिरे ,२०७५/१२/१०)।

### ३.२ जन्म र जन्मस्थान

नेपालको पूर्वी क्षेत्र मेची अञ्चल इलाम जिल्लाको साविक श्री अन्तु गा.वि.स. हाल सूर्योदय न.पा. मा वि.स.२०१७ साल फाल्गुण २० गतेका दिन पिता रङगलाल पोखेल र माता डम्बर कुमारीकी जेठी छोरीका रुपमा जन्म भएको हो ।

### ३.३ बाल्यकाल

टीका घिमिरेले ६ वर्ष को उमेरमा औपचारिक शिक्षा प्रारम्भ गरेकी थिइन् । सानो छँदा गुरु आफ्नै आमा भएको कारणबाट साँवा अक्षर आमाले घरमा नै चिनाउनु भएको थियो । ६ वर्षको उमेरमा आमा डम्बर कुमारीबाट शिक्षा आरम्भ गरेकी घिमिरेले संयुक्त परिवारमा बाल्यकाल बिताएकी थिइन् । ६ जना फुपूहरु र ६ जना काकाहरुसँग बाल्यकाल विताएकी घिमिरेको बाल्यकाल संयुक्त परिवारको साथ सहयोगमा बितेको पाइन्छ ( घिमिरे, २०७५/१२/१३ , अन्तरवार्ता) ।

### ३.४ शिक्षादीक्षा

पिता रङ्गलाल तथा आमा डम्बर कुमारीमा सामान्य अक्षरको ज्ञान भएकोले गर्दा उनले आफ्नै आमाबाट केही संस्कृतका श्लोकहरुसँगै अक्षरारम्भ गर्ने मैाका घरमै पाएको देखिन्छ । त्यस्तै ६ वर्षको उमेरदेखि साविक शारदा प्रा.वि वुधबारे र ४ कक्षा देखि बुद्धआर्दश मा.वि. बाट प्रवेशिका परीक्षा उतिर्ण गरेकी हुन् । आफ्नो पढाइ राम्रो भएको तर वैवाहिक बन्धनले गर्दा बिभिन्न व्यावहारिक समस्याका कारण सा भन्दा माथिल्लो तहको शिक्षा लिन नसकेको उनले बताइन् ( घिमिरे, २०७५/१२/१३ , अन्तरवार्ता) ।

**३.५ विद्यार्थी जीवनका प्रमुख गतिविधिहरु**

मानिसले सोचेजस्तो नभएको कारणले गर्दा उच्चशिक्षा लिने अवसर नमिलेता पनि प्रवेशिकासम्म अध्ययान गरेकी घिमिरेमा पढ्नलाई वाहाँका गुरु रोहित कुमार भट्टराई र आफ्ना बुबा आमाको प्रेरणा रहेको पाइन्छ । खेल खेल्न रुचि, विद्यालय समयमा आउने, समयसम्म बस्ने, विद्यालयमा हुने आन्तरिक गतिबिधिमा भाग लिने गर्दथिन् । विद्यालय जाँदा कलम हराउ"दा कान्छा दाजुले सधै दिएर सहयोग गर्नहुन्थो भन्ने सम्भना उनको थियो । विद्यार्थी जीवनमा आफू चञ्चले स्वभाव भएकी , साथीभाइसँग रमाइलो गर्ने, आफ्नी आमाले लय हालेर कविता सुनाउ"दा प्रभावित हुने र अध्ययन गर्ने जुनियर रेडक्रस सर्कलमा सदस्य भएर कार्य गर्ने विभिन्न किसिमका वादविवाद निबन्ध प्रतियोगितामा भाग लिई आफूलाई अगाडि बढाउने उनको स्वभाव थियो ।

**३.६ संस्कारगत कर्महरु**

हाम्रो हिन्दु धर्म अनुसार जन्मदेखि विभिन्न संस्कार हुन्छ । यस्तै ब्राह्मण परिवारमा जन्म लिएकी हुदा ब्राह्मणले गर्ने संस्कार गरेको पाइन्छ । खासँगरी छैटी, नामाकरण, अन्नप्राशन ,विवाह प्रमुख संस्कारहरुको अध्ययन गरिन्छ ।

**३.६.१ छैटी :-**

जन्मेको छैटौं दिन शिशुको सफल भविष्यको कामना साथै खुसीयालीका लागि गरिने पूजाआजा तथा भोजनको कर्मलाई छैटी भनिन्छ ।

**३.६.२ नामाकरण :-**

जन्मेको एघारौ दिनमा शिशुको नाम राख्ने कामलाई नामाकरण भनिन्छ । उनी जन्मिएर एघार दिनमा नामाकरण गरेको पाइन्छ । उनको न्व रनको नाम टीका पोखेल र विवाह पश्चात टीका घिमिरे रहेको हो । ( घिमिरे, २०७५/१२/१३ , अन्तरवार्ता)

**३.६.३ अन्नप्राशन :-**

यो कार्य जन्मेको छ महिनामा शिशुलाई अन्न भोजन प्रारम्भ गराउने कार्यलाई अन्नप्राशन भनिन्छ । उनक छ महिना पुगेपछि यो संस्कार गरिएको पाइन्छ । घर, गाउँ, छरछिमेक र आफन्त जन भई अन्न ((भात) खुवाएर सम्पन्न गरेको पाइन्छ ( घिमिरे, २०७५/१२/१३ , अन्तरवार्ता)

**३.६.४ विवाह :-**

वैदिक परम्परा अनुसार भएको हो । इलाम जिल्ला सुम्बेक निवासी बुबा श्रीनारायण घिमिरे र आमा मधुमाया घिमिरेका कान्छा छोरा श्री बुद्धिप्रसाद घिमिरे  सँग वि.स. २०३३ साल फाल्गुण महिनामा उनको विवाह भएको थियो ( घिमिरे, २०७५/१२/१३ , अन्तरवार्ता)

**३.७ कर्मक्षेत्रमा प्रवेश तथा सेवा :-**

सर्वप्रथम महिला भएको कारणले गर्दा विवाह पश्चात् अर्काको घरमा आफ्नो बाबुको घर छाडेर जानुपर्ने अवस्था हुन्छ । विभिन्न पारिवारिक समस्या समाधान गर्नुपर्ने, मात्तृत्व बहन गर्नुपर्ने अवस्था, आर्थिक सहयोग जुटाउनु पर्ने जसको बावजुत पनि राजनीतिक गठन भेला बैठक जस्ता कार्यमा सकृय थिइन् । आर्थिक स्तर बढाउन र आफ्ना सन्तानलाई शिक्षादीक्षा  दिलाउने उद्देश्यले वि.सं २०३५ साल फाल्गुण महिनामा श्रीमान बुद्धिप्रसाद घिमिरेसँग उनी पनि २०३६ सालमा पिपलबोटे स्थित ज्ञानबहादुर श्रेष्ठको घरमा डेरा बसी जीवन यापन गर्दै गर्दा आफ्नो श्रीमानसँग उनी पनि २०३६ सालमा पिपलबोटेमा रहेकी थिइन । त्यस्तै गरी वि.स. २०४१ सालमा आर्थिक समस्याका कारण व्यापार थालेको र २०५५ सालबाट २०६० सालसम्म सिलाइ बुनाइ तानलाउने जस्ताकार्यमा संलग्न भई जीवन चलाउँदै आफ्नो राजनैतिक चेतना अगाडि बढाउँदै लगेको पाइन्छ ।

**३.८ दाम्पात्य जीवन र पारिवारिक स्थिति :-**

कुनै पनि व्यक्तिले जीवनका अनेकौ मोडहरु पार गर्दै जाँदा विभिन्न अनुभूति सङ्गाल्दै जान्छ। परिवार समाज राष्ट्र र विश्वका विविध गतिविधिले व्यक्तिको मस्तिष्कमा पारेका प्रभावलाई साहित्य वा कलाको माध्यमले प्रस्फुटन गर्न पारिवारिक सहयोग र हौसला पनि निकै महत्वपूर्ण मानिन्छ। यसरी हेर्दा कवि टीका घिमिरेको बाल्यकाल हासखेल र रमाइलोमा विताएको देखिन्छ।

तत्कालीन समयमा परम्परागत मागी विवाह समाजमा प्रचलित थियो। उनी पनि सोहि परम्परा र नियममा अथवा हिन्दु धर्म संस्कार अनुसार इलाम जिल्लाको उत्तरी क्षेत्रमा रहेको हाल इलाम नगरपालिका वडा नं. २ सुम्बेक गाउमा वि.स. २००३ साल पौष ३ गते जन्मिएका श्री बुद्धि प्रसाद घिमिरे सँग २०३३ सालमा बैवाहिक सम्बन्धमा बादिएकी हुन्। जेठी छोरी विपुला, कान्छी छोरी वीनु , जेठा छोरा विपिन र कान्छो छोरा बिनय गरी चार जना सन्तान छन्। ति सन्तानबाट हाल छोराछोरी, बुहारी ज्वाईहरु नाति र नातिनी गरी १८ जनाको निक्कै ठुलो परिवार भइसकेको छ।

परिवार शान्त र सुखी छ । महिला र पुरुष भनेका एक अर्काको परिपुरक हुन भन्ने अनि एउटै आखाले हेर्ने श्रीमान् हुनुहुन्थ्यो भन्ने भनाई रहेको छ । उनको जीवनमा जीवन उपयोगी काम र सीप सिकाउनु भयो सदैव असल व्यवहार गर्नु भयो । यसरी आरोह अवरोह पार गर्दै ३७ वर्ष सम्म सहयात्रा गर्दै जाने क्रममा वि.सं. २०७० सालको तिहारको भाइटीकाको साँझ अकल्पनीय घटना

घट्यो। जुन दिन उनको जीवन साथी उनको जीवनका एक आदर्श अभिभावक, मेरो छोराछोरीका एक आदर्श पिता बुद्धिप्रसाद घिमिरेलाई सदा सदाको लागि गुमाउन पुगेको र कवि एक्लै भएको भावना व्यक्त गरेको पाइन्छ ।

### ३.९ आर्थिक स्थिति :-

इलाम पहाडी इलाका भएको कारणले गर्दा यस जिल्लाको प्रमुख पेशा भनेको कृषि पशुपालन नै हो । विवाह पश्चात् श्रीमान प्राध्यापक पेशामा आवद्ध रहेता पनि आफ्नो सन्तानको शिक्षादीक्षा पालनपोषण गर्न ब्यापार व्यावसाय गरेको पाइन्छ । आफू पनि सक्षम रहेर विभिन्न किसिमका सीप सिकेर आफूलाई तानवुन्ने सीलाइ वुनाइ जस्ता सीपमूललक कार्य गरेर परिवारलाई अगाडि बढाउने काम गरेको पाइन्छ ।

हाल उनले आफ्नो श्रीमानको मृत्यु पश्चात श्रीमानको पाउने सेवाको मासिक निवृतिभरण ले आर्थिक भारलाई सहजै पूरा गर्नसकेको पाइन्छ । उनका अनुसार हाल पिपल बोटेमा स्थानीय दलित परिवारको दुई  रोपनी जग्गा किनेर तीनतले घर बनाएर कोठा भाडामा लगाएर बसेकी छन् । झापा जिल्ला कन्काई न.पा. मा २ विगाहा धान खाने खेत भएको र हाल सम्म सुम्बेकको आफ्नो पुर्ख्यौली सम्पत्ति करिब ५० रोपनी जग्गा नचलाएको अवस्था छ । यसरी घिमिरेको आर्थिक स्थितिलाई शोधकर्ताको नजरबाट विश्लेषण गर्दा आर्थिक स्थिति सामान्यतया बलियो नै रहेको पाइन्छ ।

### ३.१० कवि टीका घिमिरेका अविस्मरणीय घटनाहरु :-

टीका घिमिरे बाल्यकालको अवस्थामा ११ वर्षदेखि नै राजनैतिक चेतनाको विकास घरबाट नै भएकोले उनको मानसपटलमा नेपाल कम्युनिष्ट पार्टिको एतिहासिक झापा विद्रोह अविस्मरणीय लाग्दछ । साथै त्यस समयमा उनलाई आफ्नो विद्यार्थी जीवनमा प्रत्येक दिन विद्यालय जाँदा कलम हराउ"दा कान्छा दाजुले सधै दिएर सहयोग गर्नहुन्थ्यो । वैवाहिक सम्वन्धको प्रस्ताब आउ"दा आफ्नी आमाले 'मेरी छोरीलाई पढ्ने अवसर गरिदिन सक्नुहुन्छ ?' भनेर सोधनी गर्दा श्रीमान बुद्धिप्रसाद घिमिरेले सहजै स्वीकारेको क्षण सबैभन्दा खुसी लागेको  र इलामको गुम्बा डाडाँले २०६२ सालमा सम्मान गरेको क्षण पनि अविस्मरणीय लाग्दछ । साथै २०७० सालमा कवि वुद्धिप्रसाद घिमिरेको मृत्यु अत्यन्त अविस्मरणीय र दु:खद र सोच्नै नसक्ने घटना उनको अन्तरमा सधैं रहिरहेको पाइन्छ ।

### ३.११ कवि टीका घिमिरेका रुची एवं स्वभावहरु :-

मानिसको भिन्नै स्वरुप भिन्ने पहिचान र आफ्नै स्वभाव हुन्छ  । मानिस कोही इर्ष्यालु,, कोही घमण्डी , रिसाहा, फटाहा र कोही मिलनसार हुन्छन् , यी मानवीय गुण हुन् । मानव भएर जन्म लिएपछि बाचुन्जेलसम्म उसको परिवार छरछिमेक समाज संगतले प्रत्यक्ष वा अप्रत्यक्ष असर पारिरहेकै

हुन्छ । घिमिरेको बाल्यकालमा नै राजनैतिक चेतनाको विकास भएको कारणले गर्दा उनलाई राजनैतिक चेतनाको विकास भएकाले उनलाई राजनैतिक क्षेत्रमा पनि अग्रसर हुने इच्छा रहेको साथै पारिवारिक झमेलामा रहेर पनि आफूलाई विभिन्न क्षेत्रमा संलग्न भई हाल उनी राजनैतिक क्षेत्रमा प्रवेश गरी पार्टीकमिटी सदस्यका रुपमा रहेकी छन् (विपिन घिमिरे , २०७५।१२।१३, अन्तरवार्ता) ।

टीका घिमिरेका स्वभाव मिजासिलो, राजनैतिक चेतनायुक्त समाजसेवी भावना र अरुको दुःखलाई पनि  अफ्नै दुःख सम्झने बानी व्यक्तिगत विशिष्टताका रुपमा देखिन्छन् । उनी स्पष्टवक्ता व्यवहारिक सहनशीलता सबैलाई समान रुपले हेर्ने, आफ्नो दुःखका भोगाइलाई लेखनका रुपमा बदलेर अगाडि बडने, छोटो समयमा पनि निर्णय लिनदिन सक्ने क्षमता भएकी राजनैतिक सत्रीयता समेत भएकी आमाको रुपमा लिन सकिन्छ (विपिन घिमिरे, २०७५।१२।१३, अन्तरवार्ता)

आफ्नै आमाले धार्मिक पुस्तकहरुका श्लोकलाई भाका हालेर पढेको सुन्न रुचाउँथिन् । आफ्नो सानो उमेरमा भएका स-साना कुराहरु पनि नबिर्सने राम्रो बानी उनमा थियो । उनी विभिन्न किसिमका खेलकुदतिर रुचि , सामाजिक र राजनैतिक कुरामा चाख राख्ने स्वभावकी थिइन् । आफूले लेखेका कृतिहरुका कवितालाई छन्दमा लय हालेर बाचन गर्ने उनको स्वभाव नै हो । राजनैतिक चेतनाको विकास भएको कारणले विभिन्न राजनैतिक लेखहरु पनि प्रकाशित गरेको पाइन्छ । पारिवारिक झमेलामा रहेर पनि राजनैतिक क्षेत्रमा लाग्नु विहान वेलुका फुर्सदको समयमा आफ्नो रचनाहरुको सृजना गरेर प्रकाशन गर्नु उनको एक संघर्ष नै मान्नु पर्छ । आफ्नो कृतिलाई राम्रो बनाउन हर बखत समय निकाल्दै प्रकाशनमा ल्याएर पाठकहरुको मन जित्न सक्नु उनको अभ्यन्तर रुची भएको पाइन्छ । साथै आफूलाई समाज सेवामा संलग्न गराउन चाहने घिमिरे नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा इलामको सदस्य, गुम्बाडाँडा सामुदायिक बन उपभोक्ता समितिको अध्यक्ष, श्री जागृति बहुउद्देश्य सहकारी संस्थाको अध्यक्षको रुपमा समेत रही समाजसेवामा निरन्तर लागिरहने र समाजमा असल आपसी सम्बन्ध राखी अगाडि बढेको पाइन्छ (विपिन घिमिरे, २०७५।१२।१३, अन्तरवार्ता) ।

**३.१२ साहित्य लेखन प्रेरणा र प्रभाव :-**

साहित्य लेखनमा टीका घिमिरेलाई आफ्नो श्रीमानले प्रमुख प्रेरणा दिनुभएको देखिन्छ भने त्यस पछि इन्द्रनारायण सुबेदी र पुरुषोत्ताम गुरुहरुबाटबाट प्रभावित भई कविता लेख्न लागेको देखिन्छ । सोही कारणले गर्दा उनलाई आफ्नो मनमा उठेका विभिन्न भाव, राजनैतिक विषयवस्तु त्यस प्रतिको व्यङ्ग्य, सामाजिक विसङ्गति, सम्मान, चाडपर्वको उठान नवीनतम प्रविधिको दुरुपयोगबाट परेको असरको निराकरण गर्ने माध्यम कविता बनेको देखिन्छ । वि.स. २०६६ सालमा जि.वि.स. बाट प्रकाशित बुलेटिनमा महिला गतिबिधि इलाम , २०७३ बुलेटिनमा अर्को लेख लेख्दै उनले २०७३

सालमा अन्तिम भाइटिका शोककाव्य, आमा कविता सङ्ग्रह, पूर्वको स्वर्ग इलाम कविता सङ्ग्रह छन्दोवद्ध कविता सङ्ग्रहको रुपमा प्रकाशन गरेको पाइन्छ ।

**३.१३ प्रकाशित पुस्तकाकार कृतिहरु :-**

टीका घिमिरेले लेखनको कार्य २०६६ सालदेखि औपचारिक रुपमा सुरु गरेकी थिईन । साहित्य लेखनमा हालसम्म पनि कायम रहेको पाइन्छ । उनको प्रथम कविता अन्तिम भाइटीका शोककाव्य २०७३ रहेको छ ।

**३.१४ प्रकाशित कृतिहरुको संक्षिप्त सूची :-**

| क्र.स | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | अन्तिम भाइटीका | शोककाव्य | २०७३ |
| २ | आमा | कविता सङ्ग्रह | २०७४ |
| ३ | पूर्वको स्वर्ग इलाम | कविता सङ्ग्रह | २०७५ |

**३.१५ जीवन र साहित्य सम्वन्धी धारणा :-**

टीका घिमिरेको जीवन सङ्घर्षमय रहेको छ । जीवनको यात्रा एउटा गतिमा अगाडि बढेको थियो । उनको यात्रा सुख दुःख अँगाल्दै अगाडि बढनै पर्ने अवस्था भएको विचार ब्यक्त गर्दछिन् । २०७० सालको भाइटीकाको साँझ एउटा अकल्पनीय घटना घट्यो जसमा उनले उनका जीवनसाथी आर्दश अभिभावक गुमाउनु पर्‍यो । त्यसपछि जीवन एक्लो, उदाश , निरास, असंख्य दुःख, बेदनाले पछ्याउन थाल्यो सो कारण उनले श्रीमानको वियोगलाई आफूले जीवनभर दुःख, सुख , आरोह , अवरोह भेल्दै मलाई यो ठाँउमा ल्याउन अहम भूमिका खेल्ने असल दक्ष व्यक्तिको यात्रा अधुरो नरहोस् भन्नका लागि आफ्ना अनुभव र चेतनालाई साहित्यमा प्रतिस्थापित तुल्याउने हिम्मत अगाडि बढाइन् । साहित्य भन्नाले समाज, व्यक्ति र राष्ट्रबीचको सम्बन्ध कायम गर्ने खालको हुनुपर्ने ठान्दछिन् । साहित्य र जीवन सँगसँगै हिड्ने वस्तु हुन् । साहित्यले नै जीवनका भोगाइको क्रमलाई प्राप्त अनुभवहरुको विशिष्ट भाषाको माध्यमवाट प्रकटीकरण र निर्देशित गर्दछ । साहित्य मानव सभ्यताको परिचायक हो । मानव जीवनलाई वदल्न र गतिशीलता प्रदान गर्न महत्वपूर्ण भूमिका रहन्छ । समाजलाई निर्देशन गर्न र आवश्यकता अनुसार परिवर्तनशील वनाउन साहित्यको अत्यन्त महत्वपूर्ण देन रहन्छ । कवितालाई छन्दोबद्ध रुपमा लेखी लयबद्ध रुपमा भाषामा गाउनु पर्ने साथै कविता उत्कृष्ट लाग्ने साहित्यिक धारणा कवि टीका घिमिरेको रहेको छ ।

### ३.१६ टीका घिमिरेका व्यक्तित्वको विविध पक्षहरु :-

### ३.१६.१ पृष्ठभूमि

कुनै व्यक्तिको व्यक्तिगत विशेषता देखाउने गुणहरुमध्ये यौटा गुण व्यक्तित्व हो । यसमा व्यक्ति विशेषको निजीपनका साथै व्यक्तिले अरुलाई प्रभावित तुल्याउने र व्यक्ति विशेषमा निहित विशेषता समेत पाइन्छ । व्यक्तित्व निर्माणमा व्यक्ति जीवनका विभिन्न पक्षको भूमिका रहन्छ । जीवन हेर्ने क्रममा आएका सुख दुःख र विविध आरोह अवरोह तथा सम्वन्धित व्यक्तिको समाज, परिवार शिक्षादीक्षा वातावरण परिवेश आदि नै व्यक्तित्व निमार्णका प्रमुख तत्वहरु हुन । परिस्थिति अनुसार चल्न सक्ने व्यक्ति भित्रको निहित प्रतिभा नै व्यक्तित्व हो । एक शब्दमा व्यक्तित्वको अर्थ आन्तरिक रुपलाई दृढ गराउनु हो । यसकारण व्यक्तिको अनुभव ज्ञान ,आस्था झुकाव शिक्षा दीक्षा मूल प्रवृत्ति आदिको समुहलाई व्यक्तित्व भनिन्छ ।

साहित्य र समाजप्रति सर्मपित ब्यक्तिको व्यक्तिगत व्यक्तित्व निर्माण हुन्छ र सामाजिक कार्यहरुले उसको सार्वजनिक व्यक्तित्व निमार्ण गर्दछ । उनी एक र्सिजनशील व्यक्तित्व हुन् ।उनले जीवन यात्रामा अधिकांश समय राजनैतिक, साहित्यिक, धार्मिक साथै सांस्कृतिक कार्यक्रमहरुमा हरदम समयमा दिएको पाईन्छ । यस्ता किसिमका विभिन्न क्षेत्रमा संलग्न रही आफ्नो व्यक्तित्व निर्माण गरेको पाइन्छ । यो कारणले गर्दा कवि टीका घिमिरे बहुआयमिक प्रतिभा भएको व्यक्तित्वका रुपमा चिनिन्छन् ।

### ३.१६.२ बाह्य व्यक्तित्व

हरेक व्यक्तिको निजी जीवनसंग सरोकार राख्ने कुराहरुको व्यक्तित्वको प्रतिनिधित्व गर्दछ । बाह्य व्यक्तित्व भन्नाले आँखाले प्रत्यक्ष देख्न सक्ने कुरालाई भनिन्छ । जस्तै उच्चाइ ,मोटाइ ,आकार रुप प्रवृत्ति रुची, आचरण आदि । शारीरिक संरचनाका दृष्टिले टीका घिमिरे नेपाली महिलाको निमित्त सुहाँ उदिलो उच्चाइ अनि ठिक्कको शरीर , गहुँगोरो बर्ण, लाम्चो अनुहार भएकी व्यक्ति हुन् । पोशाकको दृष्टिले उनी नेपाली राष्ट्रिय पोशाक लगाउछिन । हँसिलो, रमाइलो र फुर्तिलो शरीर भएको कारणले गर्दा छरछिमेक , समाज , घर परिवार र इष्ट मित्रले उनलाई सबैले मन पराउछन् । छोटो समयमा निर्णय लिन र दिन सक्ने क्षमता भएकी टीका घिमिरे अध्ययनशील रहनुका साथै नयाँ , नयाँ साहित्यिक व्यक्तित्वलाई बढी चासो दिनु र उनीहरुको लेख रचना खोजी गर्नु र पढ्नु उनको विशेषता हो । पारिवारिक माया ममता सद्भाव साथै आफन्तहरुसँग सुमधुर सम्वन्ध कायम गरी आफ्नो परिवारलाई हरेक क्षेत्रमा अगाडि बढाएकी छन् । उनले रष्ट्रियता, सामाजिक विकृति र विसंगति,

विभेद , हिंसा र उत्पीडन भोग्न बाध्यात्मक स्थितिहरु प्रति व्याङ्ग्यात्मक लेख रचनाहरुमा आफ्नो कलम चलाएकी छन् ।

### ३.१६.३ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भन्नाले मानिसको विविध रुपमा कुनैपनि व्यक्तिलाई हेर्न सकिन्छ । जीवन यापन गर्दै जाँदा व्यक्तिमा व्यक्तित्वको विकास हुदै जान्छ जीवनको हरेक उकाली ओराली, आरोह अवरोह, पारगर्दै जाने क्रममा व्यक्तिले आफ्नो व्यक्तित्व प्रस्तुत गर्दछ । व्यक्तित्वको आन्तरिक कुरालाई आँखाले प्रत्यक्ष रुपमा देख्न सकिदैन तापनि उसले आफ्ना कुनै न कुनै माध्यमबाट ती कुराहरुलाइ प्रकाशित गर्दछ । त्यस पश्चात थाहा पाउन सकिन्छ कि कुन व्यक्ति कस्तो रहेछ भनेर । उसमा भएका क्षमता के कस्ता छन् भन्ने कुरा त्यसै गरी मानिसको जीवन जीउने कममा उसमा भएका क्रिया प्रतिक्रयाहरुले उसको व्यतित्व निमार्णमा सहयोग पुर्‍याउँछन् । कवि टकि घिमिरेको जीवनयात्राको आन्तरिक व्यक्तित्वमा साहित्यिक, राजनैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक प्रकृतिका ब्यक्तित्वहरु रहेका छन् ।

### ३.१६.४ साहित्यिक व्यक्तित्व

साहित्य भन्नाले साहित्यिक क्षेत्रसँग सम्बन्धित पाटोलाई बुझ्नु पर्दछ । आफूभित्र गुम्सिएर रहेका प्रतिभाहरुलाई समाज र रास्ट्रप्रति उनले लेख रचना मार्फत अभिब्यक्त गरेकी छन् । वि.स २०६६ सालबाट जिल्लाको प्रकाशित बुलेटिनहरुमा लेख लेख्न थालेको पाइन्छ । उनका प्रकाशित कृतिहरुमा ‘अन्तिम भाइटीका’, ‘आमा’, ‘पूर्वको स्वर्ग इलाम’ प्रमुख रहेका छन् । उनका प्रकाशित कृतिहरुसँगै अप्रकाशित कृतिहरु पनि थुप्रै रहेका छन् । यसरी उनका कविता क्षेत्रमा मात्र हेर्दा पनि टीका घिमिरेको साहित्यिक व्यक्तित्वको पक्षलाई निहाल्दा उनलाई ससक्त कलम चलाउन सक्ने स्रष्टाको रुपमा लिन सकिन्छ ।

### ३.१६.५ कवि व्यक्तित्व

टीका घिमिरेले सर्वप्रथम कलम चलाएको र प्रकाशित भएको विधा कविता हो । पारिवारिक जीवनमा आफ्नो महत्वपूर्ण भूमिका बहन गर्नुपर्ने साथै राजनीतिमा संलग्न भएता पनि आफ्नो विहान वेलुकाको समयको अनुकूलता मिलाएर मनभित्रका चाहना र आकांक्षालाई पोख्ने क्रममा कृतिको रचना गर्न पुगेकी पाइन्छिन् । समसामयिकताका साथै वियोगको घटनाहरु उनका कवितामा प्रमुख विषयवस्तुको रुपमा रहेको छन् । समाजमा भएका रष्ट्रियता, सामाजिक प्रवृत्ति, विकृति,

विसंगति प्रतिको व्याङ्ग्य, प्रेमप्रणय, वर्तमान मानवीय प्रवृत्ति , महिला हिंशा र जनीतिक विसंगति र प्रकृतिको सुन्दर वर्णन उनका कविताहरुमा पाइन्छन् ।

### ३.१६.६ राजनैतिक व्यक्तित्व

टीका घिमिरेको विभिन्न व्यक्तित्व मध्ये राजनैतिक व्यक्तित्वलाई एक महत्वपूर्ण व्यक्तित्वको रुपमा लिन सकिन्छ । उनको ११ वर्षको उमेरदेखिनै राजनैतिक चेतनाको विकास घरबाटै भएकाले उनी नेपाल कम्युनिष्ट पाटिको एतिहासिक विद्रोह हुँदा विभिन्न किसिमको भेला र प्रशिक्षणबाट प्रभावित भएकी थिइन् । उनले राजनैतिक क्षेत्रमा बढी प्रभावित भएको कारणले गर्दा लेखनको प्रारम्भ वि.स. २०६६ सालमा क्रान्तिकारी जनताको आवाज "देउमाइ गर्जनमा" मार्क्सवादीदेखि एककिृत माओवादी सम्म लेखेकी छन । राजनीतिप्रति एकदम जागरुक रहनुका साथै हाल उनी प्रदेशको कमिटिको सदस्यको रुपमा रहेकी छन् ।

**३.१६.७** मानव भएर जन्म लिएपछि हुर्कनु , बढनु अनि पढनु सास्वत व्यावहारीक गुण हुन् । यी विविध क्रियाकलाप गर्ने एउटै थलो समाज रहेको छ । एउटा समाजमा सुमधुर सम्बन्ध कायम गर्नु व्यक्तिका लागि अपरिर्हाय कुरा हो । टीका घिमिरेले समाजमा राम्रो छाप पारेको देखिन्छ । छरछिमेक समाज र परिवारमा सहयोगी सदस्यको रहनुको साथै दुःखमा दुखित हुने र अरुको रमाइलोमा रमाउने उनमा रहेको राम्रो र सबल पक्ष हो । दुःखमा परेकालाई सहयोग गर्नु, आपसी सद्भावहरु भावना साटासाट गर्नु र घटनादुर्घटना आदिबाट पीडित बन्नगएका प्रति सहानुभूति प्रकट गर्नु हाम्रो सामाजिक तथा नैतिक जिम्मेवारीभित्र पर्दछन् भन्ने कुरा उनीबाट सधैं सुन्न पाइन्छ । यसरी सबैसँग मिलनसार , सहयोगी र समाजसेवी भावनालाई निरन्तरता दिदै उनले नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा इलाममा २०४७ सालदेखि २०५० सम्म सदस्य , गुम्बाडाँडा सामुदायिक महिला उपभोक्ता समितिमा २०५४ सालदेखि २०५९ सम्म कोषाध्यक्ष साथै २०५६ सालदेखि २०६१ सम्म महासचिव, श्री जागृति बहुउद्देश्य सहकारी संस्था, इलाम २०७० सालदेखि २०७३ सम्म अध्यक्ष, जि.वि.स राजनैतिक संयन्त्रमा पाटीको स्थायी प्रतिनिधि ३ वर्ष सम्म, नगर शिक्षा समिति सदस्य र नगर साहित्य कला संङ्गीत प्रतिष्ठानमा आबद्ध रहेकी छन् । यी विविध पक्ष र पदमा रही समाजसेवा गर्दै आएकी छिन् ( घिमिरे, २०७५/१२/१३ , अन्तरवार्ता)

यसरी सबैसँग मिलनसार, सहयोगी, समाज सेवाको भावनालाई जीवनभर निरन्तरता दिदै अगाडि बडनु घिमिरेको उत्कृष्ट सामाजिक व्यक्तित्व निर्माणका सबल आधार हुन् भन्न सकिन्छ ।

### ३.१६.८ धार्मिक तथा सांस्कृकि व्यक्तित्व

टीका घिमिरे सनातन हिन्दू धर्ममा आस्था राख्ने एक धार्मिक व्यक्तित्व हुन् । हिन्दु धर्ममा आस्था र विश्वास राखी आफूले गर्नुपर्ने पूजापाठ आदि दैनिक नित्यकर्म आफैले गर्नेगदर्छिन् । उनकी आमा धार्मिक गीताका श्लोकहरु पढ्ने विभिन्न भजन कीर्तनमा सहभागी हुने जस्ता कुराले उनलाई प्रभाव परेको थियो । त्यस्तै विभिन्न ठाउँमा हुने गोष्ठी सास्कृतिक कार्यक्रममा सहभागी भई इलाम झापा सम्मका कार्यक्रममा कविताहरु वाचन गर्न भरसक छुटाउने गरेकी छैनन् ।

### ३.१७. साहित्यिक यात्रा

टीका घिमिरेको विद्यार्थी जीवनमा त साहित्यिक गतिविधि त्यति सकृय भएको पाईदैन । वि.स. २०६६ बाट सामान्य लेख लेख्न सुरुवात गरकी भऐपनि २०७० सालमा पतिवियोगमा यसरी आँशु घोलेर पतिवारे रचिएको कृति प्रकाशन गरेको पाइन्छ । वि.स. २०७३ साल कार्तिकमा बुद्धिप्रसाद घिमिरे स्मृति प्रतिस्ठान  इलाममा  "अन्तिम भाइटीका" शोककाव्य विमोचन गरी औपचारिक रुपमा साहित्य लेखनलाई अगाडि बढाउन थालेको पाइन्छ । कविता लेखनबाट यात्रा थालेकी घिमिरेले कविता कै क्षेत्रमा अगाडि लम्केकी छिन् । उनको प्रथम र दोस्रो चरणमा आफ्ना रचनाहरु प्रकाशन गरेकी छिन् ।

### ३.१७.१ प्रथम चरण ( प्रारम्भ देखि वि.स. २०६६ सम्म)

सामान्यतया यस चरणमा विभिन्न रचनाका शिशु अवस्थाको चरणलाई लिन सकिन्छ । टीका घिमिरेको विद्यार्थी जीवनमा साहित्यिक रचना गर्ने गरेको त्यति पाईदैन । केही केही रचनाहरु भएपनि विभिन्न कार्यक्रममा सुनाउने गरेको पाइन्छ । पारिवारिक झमेला साथसाथै राजनैतिक चेतना र जिम्मेवारी समेत बढेको कारणले गर्दा उनको लेखनको प्रारम्भ वि.स २०६६ सालमा प्रकाशित देउमाई गर्जन मा मार्क्सबाददेखि माओवादसम्म साथै दोस्रो लेखन वि.स २०७२ सालमा जि.वि.स. इलामबाट प्रकाशित बुलेटिन "८ मार्च संक्षित इतिहास" र वि.स. २०७२ सालमा प्रकाशित बुलेटिनमा 'महिला गतिविधि इलाम  भन्ने लेख रहेका छन् ।

### ३.१७.२ दोस्रो चरण ( वि.स.२०७३ देखि हालसम्म)

सामान्यता यस अवधिलाई उनका रचना प्रकाशनको चरणका रुपमा लिन सकिन्छ । यो समयमा निकै उत्कृष्ट रचनाहरुको सिर्जना गरेको पाइन्छ । आफ्ना सिर्जनाहरुलाई पुस्तकाकारुपमा पाठक सामु ल्याएकी छिन् । यस चरणलाई उपलब्धिमूलक मान्न सकिन्छ । यो चरणमा प्रकाशनमा आएका कृतिहरु "अन्तिम भाइटीका" शोककाव्य २०७३, "आमा" कविता सङ्ग्रह २०७४ र "पूर्वको

स्वर्ग इलाम" कविता सङ्ग्रह २०७५ रहेका छन् । यसरी धेरै कृतिहरु प्रकाशनमा ल्याएर आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिन टीका घिमिरे हर्दम प्रयासरत रहेकी पाइन्छ ।

### ३.१७.२.१ अन्तिम भाइटीका शोककाव्य २०७३ मा अभिव्यक्त विचारहरु

- अन्तिम भाइटीका शोककाव्य कृति हो ।
- यसमा शोकजन्य भावहरु व्यक्त गरिएका छन् ।
- पति वियोगमा छटपटिएर पतिको वियोगलाई धैर्यपूर्वक आत्मसाथ गरेको कुरा व्यक्त गरिएको छ ।
- पतिको साहित्यिक यात्रालाई पछयाउँदै भावमूलक तरङ्गहरुलाई यात्रामा अगाडि वढेको कुरा व्यक्त गरिएको छ ।

### ३.१७.२.२ आमा कविता सङ्ग्रहमा अभिव्यक्त विचारहरु

जीवनदातृ जननि , ममताकी खानी आमा साथै नेपाली समाजमा महिलाले भोगिरहेको उत्पीडनको विषय र अधिकारको सुनिश्चिततताका लागि धेरै ठूलाठूला सर्धष र बलिदान गरेको अवस्था जसको फलस्वरुप नेपालको संबिधान र कानुनले महिला अधिकारको सबैधानिक र कानुनी व्यवस्था गरेको कुरा व्यक्त गरिएको छ ।

- ➢ जननीले मानव जातिवाट न्याय सम्मान र अधिकार पाउनुपर्ने कुरा उठान गरिएको छ ।
- ➢ सामाजिक विभेद हिंशा र उत्पीडन भोग्न वाध्य गरिएको कुरा व्यक्त गरिएको छ ।
- ➢ न्याय सम्मान दिलाउन सके मात्र नारी जातिको अस्थित्व सहज सम्भव हुन्छ भ्नने मुल आशय हो ।
- ➢ यसका अतिरिक्त अन्य समसामयिक परिसथिति जन्य कविताहरु पनि यस सङ्ग्रहमा व्यक्त भएका छन ।

### ३.१७.२.३ पूर्वको स्वर्ग कविता सङ्ग्रहमा अभिव्यक्त विचारहरु

यो सङ्ग्रह मुलतः प्रवृति प्रधान छन्दोवद्ध कविता सङ्ग्रह हो ।

- ➢ इलाम जिल्लाको सेरोफेरो लगायत मानव जीवनको सकारात्मक कुराव्यक्त गरिएको छ ।
- ➢ सृष्टिका सबै प्राणी बनस्पति सम्पदाको सहि सदुपयोग गरि प्रकृति विचलन हुनुबाट संसारलाई जोगाउनु पर्ने उद्देश्य रहेको छ ।
- ➢ समसामयिक सन्दर्भको अन्य कविताहरु पनि समावेश गरिएको छ ।

- इलाम जिल्लाको सर्न्दभमा लेखिएका लेख रचनाहरुमा यस जिल्लामा रहेको खेतीपाती, पशुपालन, पर्यटकीय स्थल भौगोलिक संरचना आदि कुरालाई व्यक्त गरिएको छ ।

**निष्कर्ष**

नेपालको पूर्वी क्षेत्र मेची अञ्चल इलाम जिल्लाको साविक श्री अन्तु गा.वि.स. हाल सूर्योदय न.पा. मा वि.स.२०१७ साल फाल्गुण २० गतेका दिन पिता रङगलाल पोखेल र माता डम्बर कुमारीकी जेठी  छोरीका रुपमा मध्यम परिवारमा टीका घिमिरेको जन्म भएको हो । साहित्य क्षेत्रमा प्रवेश गरी साहित्यलाई यथाशक्य सहयोग पुऱ्याएकी छिन् । इलाम जिल्लामा जन्म लिई त्यसैलाई आफ्नो कर्मक्षेत्र बनाई लेखनतर्फ उन्मुख भएको देखिन्छ । घिमिरेले आफ्नो परिवारिक व्यावहारिक, राजनैतिक जीवन यापन गर्दागर्दै पनि साहित्यिक रचना लेखनमा ‘अन्तिम भाइटीका’ ‘आमा’ र ‘पूर्वको स्वर्ग इलाम’ नामक कृतिहरुको रचना र प्रकाशन  गरेको पाइन्छ ।  यसरी उनले राजनैतिक पेशामा रहेता पनि आफ्नो कार्यका साथै कलम पनि अगाडि बढाउदै जानु सामान्य मानिस त्यसमा पनि यौटी एकल नारीको निमित्त एक चुनौतिपूर्ण कार्य हो । साथै उनले लय र छन्दमा कविता काव्य आदिको सिर्जना गर्नु उनमा आफ्नो छुट्टै विशेषता रहेको पाइन्छ ।

लेख रचना मात्र नभएर उनले कविता वाचन गर्न सक्ने क्षमता पनि बनाएकी छिन् । घिमिरे पाठकको मन छुन  सफल कृतिको रचना गरेर नेपाली साहित्यमा उदाएकी छिन् । आउँदा दिनहरुमा पनि उनमा साहित्य क्षेत्रलाई अगाडि बढाउदै लैजान सफल रहने सम्भावनाहरु रहेको पाइन्छ । टीका घिमिरेको साहित्यिक जीवन सुख, दुःख दुबै वातावरण भोल्दै साथै पति वियोगको पीडा सहदै अगाडि बढेको पाइन्छ । साहित्यको फाँटमा एउटा इटा थपी साहित्य क्षेत्रलाई फराकिलो बानउन मद्दत गरेकी छिन् । घिमिरेको समग्र जीवनी र व्यक्तित्वलाई हेर्दा साहित्यिक व्यक्तित्व मात्र नभएर सामाजिक राजनैतिक र धार्मिक व्यक्तिवमा पनि उनलाई उत्तिकै सफल, सशक्त र उदाहरणीय नारी प्रतिभाको रुपमा चिन्न सकिन्छ ।

# चौथो परिच्छेद

## ४.टीका घिमिरेका साहित्यिक कृतिको  अध्ययन

### ४.१ कविताको विकासक्रमको सन्दर्भमा टीका घिमिरे

नेपाली साहित्यमा कविता लेखन परम्परा वीरधाराबाट उठान भई प्राथमिक काल मै कृष्णभक्ति धाराका कविता लेखिए । यसपछि रामभक्ति धारा र निर्गुण सन्त परम्परा जस्ता चरणहरु पारगर्दै माध्यमिक कालमा श्रृङ्गारिक कविता लेखनमा तत्कालीन कलमहरु अभ्यस्त बनेका देखिन्छन् । यसकालमा वढी श्रृङगार पक्ष, मोजमस्ती , रमाइलोका लागि मात्र कविता सृजना गर्ने गरियो । त्यसैले पाश्चात्य साहित्यमा स्वच्छन्दताबाद,परिस्कारबाद, प्रगतिबाद आदि बिभिन्न वादहरुतिर नेपाली स्रष्टाहरुको मन पनि आकृष्ट हुन थालेपछि नेपाली साहित्यमा लेखनाथ पौड्यालले परिस्कारबादी भावधारालाई प्रवेश गराई आधुनिक कालको सुरुवात गरे । यसरी हेर्दा कवि टीका घिमिरे आधुनिक कालमा देखापरेका समसामयिक यर्थाथवादी  र प्रगतिवादी कविको रुपमा रहेकी छन् ।

कवि टीका घिमिरेका कवितामा एकातिर शास्त्रीय नियमको पालना गरेको पाइन्छ । त्यस्तै धार्मिक तथा नैतिक सन्देश दिनु पनि उनको काव्यगत विशेषता नै मान्न सकिन्छ । आफूले देखेका भोगेका र अनुभव गरेका समसामयिक मान्यताका आधारलाई एकसाथ प्रस्तुत गर्ने कविको रुपमा आधुनिक नेपाली काव्य इतिहासमा कवि टीका घिमिरेको उपस्थिति रहेको पाइन्छ ।

### ४.२ टीका घिमिरेका हालसम्म प्रकाशित कृतिहरु

टीका घिमिरेका हाल सम्म प्रकाशित तीनवटा कविता सङ्ग्रहहरु रहेका छन् । यसमा पहिलो कविता सङ्ग्रहका रुपमा  'अन्तिम भाईटीका २०७३' हो । दोस्रो  'आमा' कविता सङ्ग्रह २०७४ हो भने तेस्रो 'पूर्वको स्वर्ग इलाम' छन्दोबद्ध कविता सङ्ग्रह २०७५ हो । कवि टीका घिमिरेका सबै कविताहरु पद्य शैलीमा रचना भएका छन् । उनको सबै कविताहरुमा विविध  विषय वस्तुलाई समेटेर प्रस्तुत गरिएका छन् । देशमा बढीरहेका विकृति विसङ्गति सुधार र परिवर्तनको चाहना गरिएको पाइन्छ । उनका कविताहरु छन्दलाई नै रोजेर विभिन्न वार्णिक छन्दहरुमा रचना भएका छन् , जसमा शार्दूलविक्रीडित, शिखरिणी, तोटक भुजङ्गप्रयात, मन्दाक्रान्ता, वसन्ततिलका, इनद्रबज्रा, शालिनी, स्रग्धरा ,उपजाति, स्वागता, हारिणी, आदि गरी जम्मा बाह्र छन्दको  प्रयोग भएको पाइन्छ ।

### ४.३  अन्तिम भाइटीका , आमा र पूर्वको स्वर्ग इलाम कृतिको तत्वगत अध्ययन

#### ४.३.१ विषयवस्तु

कविले रचना तयार गर्दा छानेको भावभूमिलाई विषयवस्तु भनिन्छ । वस्तुतः कविले जीवनजगत मानवीय भावना, प्रकृति, धर्म, संस्कृति र आफ्नो अनुभवलाई विषय वस्तु वनाई काव्य

सृष्टि गर्दछन् । कवि घिमिरेले पनि यिनै विषय वस्तुलाई समेट्दै आफ्ना रचनाहरुमा धार्मिकता, सामाजिकता,सास्कृतिक परम्परा, रीतिरिवाज, चाडपर्व, राजनैतिक वेतिथि, विकृति, विसङ्गति, महिला हिंशाा, प्राकृतिक वर्णन आदिलाई विषयवस्तु वनाएकी छिन् ।

### ४.३.२ विषयवस्तु

भाव कविताको महत्वपूर्ण तत्व हो । भाव विनाको कविता आत्मा विनाको शरीर समान हुन्छ । वास्तवमा कविताको मुख्य वा सार तत्व नै भाव हो । घिमिरेको कवितामा कृतिको मूल भाव नैतिकतालाई बचाएर समाजलाई आर्दश समाज बनाउन र विकृतिलाई अनुसरण नगरी सत् मार्गमा लाग्नु आधुनिकताको नाममा विसङ्गति फैलाउन नहुने कुरालाई मूल सन्देशको रुपमा प्रस्तुत गरिएको पाइन्छ ।

### ४.३.३ लयविधान

कविताको महत्वपूर्ण तत्व नै लयविधान हो । लयले कवितामा मिठास ल्याउँछ । पाठकको मन छुन्छ । घिमिरेका कविता छन्दमा रचना गरिएका छन् जसमा शार्दूलविक्रीडित, शिखरिणी, तोटक भुजङ्गप्रयात, मन्दाकान्ता, वसन्ततिलका, इनद्रबज्रा, शालिनी, स्रग्धरा,उपजाति, स्वागता,हारिणी, आदिको प्रयोग भएको पाइन्छ । यसले व्यावहारिक पक्षको आयामलाई पनि छुन पुगेको छ ।

### ४.३.४ बिम्बप्रतीक

जीवन, जगत ,समाज,प्रकृति, इतिहास,पुराण आदि व्यापक क्षेत्रबाट टिपिएका विभिन्न सामग्री नै बिम्ब हुन । कवितालाई अझ सशक्त बनाउनका निमित्त बिम्बमा शब्दहरुको प्रयोग गरिएको पाइन्छ । बिम्बले सोझो अर्थ नबताएर लाक्षणिक अर्थ वुझाउँछ । यसमा ठाँउ,ठाँउमा प्रतीकको विभिन्न रुपलाई देखाउँदा अथवा प्रेम प्रणयका कुरागर्दा होस् वा कुनै न कुनै ठाँउमा बिम्बको प्रयोग गरेको पाइन्छ । बिम्बहरुले नै विभिन्न लाक्षणिक व्याङ्ग्यात्मक अर्थ स्पष्ट पारिएको छ ।

### ४.३.५ दृष्टिबिन्दु

कविले आफ्ना रचनालाई कुनविधि अपनाएर पाठकको सामु पुऱ्याइएको हुन्छ, त्यसैलाई दृष्टिबिन्दु भनिन्छ । अर्को शब्दमा कवितताको वणन कर्ता को हो र त्यसमा कसको वर्णन गरिएको छ भन्ने कुरालाई दृष्टिबिन्दु भनिन्छ । घिमिरेका तीनवटा कविता सङ्ग्रहमा जम्मा ७२ कविताहरु रहेका छन् ।

### ४.३.६ भाषाशैली

कविताको महत्वपूर्ण तत्व भाषाशैली हो । कवितालाई सरल सुबोध्य पदावली प्रयोग गर्नुपर्दर्छ । कवितामा कविले अफूले व्यक्त गर्ने कुरा भाषाका माध्यमबाट व्यक्त गर्दछन् । घिमिरेका कविता कृतिहरुमामा परिष्कृत भाषाशैलीको प्रयोग गरिएको भए तापनि उनका कविता सरल र सुवोध्य किसिमका छन्, कवितामा तत्सम र तद्‌भव शब्दहरुको पनि यथोचित प्रयोग गरेको पाइन्छ । सबै किसिमका पाठकले बुझ्नसक्ने भएकाले उनका कविताहरु उत्कृष्ट स्तरमा नै रहेका पाइन्छन् ।

### ४.४.१ अन्तिम भाइटीका शोककाव्यमा सङ्ग्रहित कविताको अध्ययन

टीका घिमिरेद्वारा रचित प्रथम शोककाव्य कविता सङ्ग्रह अन्तिम 'भाइटीका' हो । यस सङ्ग्रहमा छब्बीसवटा अलग अलग शीर्षक दिएर शार्दूलविकीडित छन्दमा रचना गरिएका कविताहरु रहेका छन् । यो कृतिमा सबैका निमित्त यौटा हौसला र प्रेरणाको उत्तम स्रोत बन्न सक्ने सबल सम्भावना पाइन्छ । श्रीमान्‌को असामयिक निधनले वियोगमा सिर्जना गरेको एक वियोगान्त काव्य हो । टीका घिमिरेले वियोगलाई आँशुमा परिणत गरेर धर्तीमा सुकाउनुभन्दा काव्यमा सजाएर अमर इतिहास र भावी पुस्तामा हस्तान्तरण गर्नुपर्छ भन्ने एक सार्थक चिन्तनको साकार प्रतिबिम्ब नै यो काव्य हो ।

### ४.४.२ विषयवस्तु र भावका आधारमा

#### ४.४.२ .१ उनको बालापन

प्रस्तुत कवितमाा शार्दूलविकीडित छन्दको प्रयोग भएको छ । यो छन्दमा १९ अक्षर हुन्छन् । यो कवितामा चौविस पाउ श्लोकहरुमा संरचित छन् । यस कवितामा आफ्नो श्रीमान्‌को बालपन व्यतित भएको कुरालाई व्यक्त गरिएको छ ।

रोगी बृद्ध शरीर भइकन अझै सन्तान जन्माउन
इच्छाले नभएर त्यो समयको संस्कार धान्नाकन
पैले बाध्य थिए समस्त जननी सन्तान जन्माउन
आमाको अधिकारको समय भो बद्‌लेर आए दिन

(अन्तिम भाइटीका , पृ: १)

तत्कालीन अवस्थामा कसरी वृद्ध वा असक्त महिलाहरु पनि सन्तान जन्माउने भाँडोको रुपमा प्रयोग हुन्थे सरल शब्दमा रचित यी पंक्तिहरुमा सजीव चित्रण उत्रेको छ , जसले गर्दा इच्छा नभए पनि संस्कार धान्न धेरै बच्चा जन्माउनु पर्ने बाध्यतालाई व्यक्त गरिएको छ । यस कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यो कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

#### ४.४.२.२ शैक्षिक यात्रा

प्रस्तुत कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । यो कविता सोह्र पाउ र चार श्लोकहरुमा संरचित छ ।

यस कवितामा घिमिरेले उनका श्रीमान्को शैक्षिक यात्रालाई मुख्य विषयवस्तु वनाएर प्रस्तुत गरेकी छिन । बाल्य अवस्थामा घरबाट श्रद्वेय गुरु टीकाराम भण्डारीबाट शिक्षा आरम्भ गरी तत्कालीन समयमा शास्त्रीय शिक्षा लिने भारतको बनारसमा नै जानुपर्ने, त्यहाँ गएर अनेक दुःख भोग्दै आफ्नो शिक्षार्जनको क्रम पूरा गरेर, आफ्नो कर्मथलो चाहि आफू जन्मेको जिल्लालाई नै बनाएको कुरा व्यक्त गरिएको छ । अध्ययनको समयमा श्रीमानले अनेक दुःख भोगी हण्डर,भोग, शोक, र जेलको कोठेरीमा बस्नुपर्ने वाध्यात्मक परिस्थितिलाई प्रस्तुत गरिएको छ । यस कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ , कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

#### ४.४.२ .३ मेरो जन्मस्थान श्रीअन्तु

यो कविता चौबीस पाउ र छ श्लोकहरुमा संरचित शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । यस कवितामा टीका घिमिरेले आफ्नो जन्मस्थान श्री अन्तुको भौगोलिक प्राकृतिक मनोरम दृष्य, पैलो घाम उदाउने, प्राकृतिक सौन्दर्यको खानी रमणीय स्थानमा आफ्नो बाल्यकाल वितेको मिठो सम्झना व्यक्त गरेकी छिन् । रसिलो गाउँ, हरिया डाँडा र पाखा, वनजङ्गलले भरिपूर्ण गाउँमा चारवर्ष पार गरी झापा बसाइ" सरी गएको दुई दाजु पछि तेस्रो सन्तान अनि बहिनी जन्मदाको हर्षउल्लास, माया , प्रेम र सुखसित बितेका कुरालाई व्यक्त गरिएको छ । गाँउको वसाइ काम गर्नुपर्ने कलिलो अवस्था खेती किसानी,वस्तुभाउ पाली सबैजाना बाँडी चुँडीकाम गरी शृद्ध खाना , पोशिलो दूध दही साग सब्जी खाएको र आफ्नो कर्तव्य बहन गरेको कुरा ब्यक्त गरिएको छ ।

> तेत्तीस् सालमाहाँ विवाह हुनगो थें स्रोह्र वर्षे अनि ।
> छोरी चाँहि विदाई गर्न किन हो ? लाग्यो हतारो पनि ।
> त्यस्तै रीति रिवाज थ्यो र सवले कर्तव्य आफ्नो गरी
> अर्काको घरमा गएपनि थिए" स्वधीन खेल्ने चरी

( अन्तिम भाइटीका पृ ४)

छोरी भएर जन्म लिएपछि अर्काको घरमा जानुपर्ने वाध्यता , तेत्तिस सालमा स्रोह्र वर्षको उमेरमा विवाह भएकी छोरीलाई विदाइगर्न हतार हुने रीति रिवाज कन्यादान आदि गरेपछि आफ्नो कर्तव्य पुरा भएको कुरा व्यक्त गरिएको पाइन्छ । यसरी हेर्दा अर्काको घरमा पनि छोरीले बहन गर्नुपर्ने काम कर्तव्यलाई प्रस्तुत गरिएको छ । यस कवितामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .४ पत्रको प्रतीक्षा

प्रस्तुत कविता बीस पाउ र पाँच श्लोकहरुमा संरचित शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । यस कवितामा टीका घिमिरेले आफ्ना यौवन अवस्थामा व्यतित भएको आफूभन्दा टाढा रहेर बसेका श्रीमानसँग माया,ममता सद्भाव र प्रेम आदानप्रदान गर्ने माध्यम पत्र रहेको कुरा व्यक्त गर्दै तत्कालीन समयमा सञ्चारको माध्यम पत्र रहेको कुरा व्यक्त गरेकी छन् । टाढा रह"दा पनि दुःख, सुखको खबर पत्रकै मार्फत भएको र समचार आउँछ भन्ने प्रतक्षिामा रहेको कुरा प्रस्तुत गरिएको छ ।

यस कवितामा आफ्ना श्रीमानले परिवारबाट टाढा रहेर दुःख, सुख भोगेर शैक्षिक उन्नति गरेको प्रष्ट हुन्छ । साथै शिक्षा ज्ञानको ज्योति जसले गर्दा घर समाज सबैको हित हुने र अनमोल जीवनको सत्कर्म , सत्मार्ग सत्धर्ममा लाग्ने कुरा व्यक्त गरेकी छिन् । कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ, साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .५ माया दियौ बेसरी

प्रस्तुत कविता घिमिरेले शार्दूलविक्रीडित छन्दको प्रयोग गरी अठ्ठाइस पाउ र सात श्लोकहरुमा संरचित छ ।

यस कवितामा आफ्नो पतिदेवबाट वेसरी माया पाएको भाव व्यक्त गरेकी छिन् । मानव भएर जन्म लिएपछि यस धर्तीमा केही गर्नु पर्ने सामाजिक भावना हुनुपर्ने साथै घिमिरे र उनका श्रीमानलाई प्रकृतिले दम्पती वनाएको प्रेम मिलाप बन्धनमा वाधिएको कुरा र पौष महिनाको चिसो मौसममा छोरी विपुला जन्मेर हर्सोउल्लास मनाएको, विदेशमा बसेर शिक्षा गरेतापनि सेवाचाँहि स्वदेशको आफ्नै गृहजिल्ला इलाममा गरेको कुरा व्यक्त गरेकी छिन् । यसरी समयको अन्तरालपछि दोस्रो सन्तान विनु साथै असार महिनामा विपिन र चौथो सन्तानका रुपमा छोरा विनय जन्मिएर दुःख, सुख बाड्दै आफ्नो जीवन व्यतित गरेका कुरालाई कविता मार्फत प्रस्तुत गरेकी छिन् । कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ, साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .६ सत्तरी सालको दशै र दिपावली

प्रस्तुत कविता घिमिरेले शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरेकी छन । कविता बत्तिस पाउ र आठ श्लोकहरुमा संरचित छ ।

यस कवितामा घिमिरेले नेपालीहरुको महान चाड दशै र तिहारको बयान गरेकी छिन् । यस महान चाड दशै सबै घरपरिवार, इस्टमित्र, आफन्त जनमा भेटघाट हुने कुरा साथै आफ्नो परिवारको जिम्वेवारी बहन गर्न छोरालाई काठमान्डौमा रहन सल्लाह र श्रीमान कानको उपचारको क्रममा दशै

र दीपावलीको बीचमा काठमान्डौ गएको कुरालाई वर्णन गरेकी छिन् । यस कवितामा दीपावलीको बीचमा काठमान्डौ गएका श्रीमान् र छोरा उपचार पश्चात दिदीको घरमा टीका लगाउन जानेकुरा छोराले खबर गरेको साथै आफ्नो श्रीमानस“ बोलेको कुरा उल्लेख छ ।

### ४.४.२ .७ अन्तिम भाइटीका

प्रस्तुत कविता शार्दूलविकीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । कविता अठ्ठाइस पाउ र आठ श्लोकहरुमा संरचित छ ।

यस कवितामा घिमिरेले नेपालीहरुको महान चाड तिहारको दिनमा हर्षोल्लासको साथै झिलीमिली भएर भित्रिएको चाडको बयान गरेकी छिन् । झापामा तिहार मनाउ“दा दिदीको घरतर्फ गएका श्रीमान साथै दिदीको घरमा टीका लगाउन , माला, खानाको परिकार उक्त दिनमा आफ्नो चेलीबेटी भाउजू भतिजा, नानी, बुहारीस“ग भेटघाट र निधारमा टीका शीरमा टोपी लगाएको कुरा व्यक्त गरिएको छ । यो दिन श्रीमानको अन्तिम भाइटीका रहेको कुरा र यस दिन भोग्नुपरेको अकल्पनीय पीडनबोधको समवेदनशील अभिव्यक्ति यस कवितामा व्यक्त गरिएको छ ।

कालो कार्तिक वर्ष,वर्ष दिनमा आएर बल्झाउँछ ।
छाती भित्र छुरा घसेर किन त्यो दिपावली आउँछ ।
घोची दिन्छ कुना कुना हृदयका रोपी सदा च्वाउँछ ?
जाओस् क्रुर तिहार के लिन अझै फर्केर के आउँछ ?

( अन्तिम भाइटिका पृ १२)

प्रस्तुत श्लोकमा कालो कार्तिक महिनामा आउने दिपावलीको दिन घिमिरेलाई आफ्नो श्रीमानको अन्तिम दिन भएकाले वर्षेनी आउने भाइटीकाको दिनले उनको छाती भित्र छुरा धसेर हृदय नै छियाछिया गराएको अमीलो अनुभुति हुन्छ । त्यसैले यो चाड तिहार वर्षेनी आएर दुःख दिन्छ भन्ने भावना प्रकट गरेको पाइन्छ । कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .८ तातो छ रामनामीले

प्रस्तुत कविता शार्द“लविकीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । कविता छत्तिस पाउ र नौ श्लोकहरुमा संरचित छ ।

प्रस्तुत कवितामा श्रीमानको अन्तिम घडीमा अन्तेष्ठी गर्ने क्रममा तातो आगोले पोल्नै पर्ने बाध्यात्मक अवस्थाको बर्णन गरेकी छिन । जीवित हुँदाको अवस्थामा अरु सन्चो विसन्चो भएको हालखबर सोध्ने ख्यालठाट्टा गरेर सबैलाई हसाउने श्रीमान आखिर कस्तो निन्द्रामा पर्‍यौ । बोल्दैनौ पनि भन्ने जस्ता प्रश्न गरेको भाब व्यक्त गरेकी छिन् । काँही कतै हिड्दा पनि भनेर जाने स्वभाव तर अन्तिम घडीमा विदा नमागी कता गयौ भन्ने प्रश्नको साथै जीवित अवस्थामा आँटा र उसिना थालमा

खाने अनि अहिले पिण्ड दिइन्छन भनरे नेपाली संस्कृतिलाई प्रस्तुत गरिएको छ । साथै भएपछि घरमा नराखिने बलेको  आगोमाथि चितामा चढाई अन्तेष्टि वैवाहिक वन्धनमा वाधिएर रहेता पनि लक्ष्यहरु अधुरै राख्थे होला जुन सपनालाई साकार पार्छु भन्ने प्रण गरेको पाइन्छ । कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .९ तिम्रो मलामी हुन

प्रस्तुत कविता  शार्दूलविकीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । कविता बीस पाउ र पाँच श्लोकहरुमा संरचित छ ।

प्रस्तुत कवितामा विधिको बिडम्बना आफूले सोच्दै नसोचेको  कुरा आफ्नो श्रीमानको आफै मलामी हुनुपरेको कुरालाई व्यक्त गरेकी छिन् ।

रोज्दै रोजिन चाहिएन कहिल्यै हिरा र मोति दुबै ।
उम्दा ती गहना लुगा फजुलमा सादा वित्यो जीवनी
मेरै मात्र थियो तिमी  र अहिले छोडी गएको किन ?
के लेख्यो विधीले पऱ्यो नि कसरी तिम्रो मलामी हुन ।

( अन्तिम भाइटिका पृ १७)

प्रस्तुत कवितामा हीरा र मोती , सुन र चाँदी लता कपडा फजुल खर्च कहिल्यै नगरेको, जीवनमा आफ्नो काय सुकेर कष्ट होला भन्ने सम्झी सधै वाँचुन जेलको साथलाई  कसरी छुटाएर लग्यो, हरेक इच्छा चहानालाई छोडेर तारा र चन्द्र जस्तै आकाशमा चम्किरहने मन हुँदाहुदै छोडेर गएका श्रीमानको मलामी हुनुपर्ने कुरालाई व्यक्त गरिएको छ । साधरण रहन सहन भेषभुषामा सीमित रहने आफ्नो जीवन यापन गरेको कुरा पनि व्यक्त गरीएको छ  ।  यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको देखिन्छ ।

### ४.४.२ .१० के उत्तर दिनु नाति नातिनीलाई

प्रस्तुत कविता  शार्दूलविकीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । कविताा बीस पाउ र पाँच श्लोकहरुमा संरचित छ ।

यस कवितामा समयको अन्तराल पछि आफ्नो घरभरी नातिनातिनीहरु छन् । उनीहरुले ‘हजुर बुबा कहाँ जानुभयो ?’ भनेर सोद्धा आफू नाजवाफ भएको कुरा साथै श्रीमानको अनुपस्थितिमा घर शून्य लाग्ने हरेक ठाउँमा भान्सामा छन् कि भनेर जादाँ पनि नभेटाउनु ,हरेक हाँसखेल गर्ने ठट्यौली गर्ने, विद्यार्थी वर्गमा ज्ञानको ज्योति छर्ने माधुर्यका ध्वनि आफ्ना श्रीमान् थिए । मानिस भएर जीवन यापन गर्ने कममा आफू व्यावहारिक भएता पनि हरेक मोडहरुमा साथ दिने घरपरिवारका सदस्यहरु मात्र नभएर शिष्य वर्ग छरछिमेक र समाजमा रहेका साना ठूला सबैप्रति हाँसो खुसी बाड्ने क्षमता र

स्वभा  श्रीमानमा भएको कुरा व्यक्त गरेको पाइन्छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको देखिन्छ ।

**४.४.२ .११  मीठो अनुभूति साँची रहेन छ अझै**

प्रस्तुत कविता  शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । कविता चौबीस पाउ र छ श्लोकहरुमा संरचित छ ।

यस कवितामा आफ्ना श्रीमानले छोडे र गएता पनि सम्पूर्ण आफन्त छोरी ज्वाई छोरा वुहारी, नाति, नातीनाहरु घरभरी भएको कारण आफू एक्लो नभएको आभाष व्यक्त गरेको पाइन्छ । नाति, नातीनाहरु वंश हुन आफ्नो पारिवारिक माहोल साथै ससुराली मावलमा पनी प्यारा सासुलाई आमाको सम्मान दिई भान्जी , दाजुभाउजू , भान्जाहरुलाई अति स्नेह माया प्रेम सद्भाव बाडने व्याक्तित्व थिए श्रीमान् आखिरमा कसैको पनि माया ममताले नथाम्दो रहेछ । एक दिन सबैलाई छोडेर जानु पर्ने वाध्यात्मक परिस्थितिलाई व्यक्त गरेको पाइन्छ ।

प्रस्तुत कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ भने कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको देखिन्छ ।

**४.४.२ .१२ कोठा शून्य छ**

प्रस्तुत कविता शादूव्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । कविता चौबीस पाउ र छ श्लोकहरुमा संरचित छ ।

यस कवितामा आफ्नो मान्छे घरमा नहुँदाको अनुभूति 'आफू रोगी हुँदा नजानू' भन्ने श्रीमानले यस धर्ती छोडेर जाँदा आफ्नै घर विरानो हुनु सदैव साहित्यको सृजना, कममा व्यस्त शिष्यहरुलाई ज्ञान दिएर कविता, शोधपत्र जस्ता विषयवस्तु लिएर लेख्न र पढ्न जागरुक हुनु जस्तो स्वभाव भएका व्यक्तित्व घरमा नहुँदा घर कोठा शून्य भएको अनुभूति व्यक्त गरिएको पाइन्छ ।

मानव भएर जन्म लिंदा नाङ्गै जन्मनु  पर्छ , मरेपछि नाङ्गै चितामा पल्टनु पर्दछ , जीवनका हरेक दुःख,सुख आरोह अवरोह आफ्नै कर्म भएतापनि आखिर मात्रै सत्कर्म वा कीर्ति अमर रहन्छ । अरु केही पनि रहदैन भन्ने भाव व्यक्त गरिएको छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको देखिन्छ ।

**४.४.२ .१३ बोली रहेछै यहाँ**

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । कविता एघार श्लोक र चौवालिस पाउमा संरचित छ ।

यस कवितामा कविले आफ्नो श्रीमानको जीवनी र उनले सदैव प्रयोग गरी हिड्ने वस्तुहरु जस्तै एउटा झोला, साथमा हातमा घडी, सोधखवर,  माया ममता बाडेने शैली, बम्वैसन र मिठाई दिनदिनै घरमा ल्याउने एक जिम्वेवार पिता, सदैब सन्तान प्रतिको सुदृष्टि र ज्ञानको ज्योति छर्ने एक

कुशल अभिभावकत्व रहेका व्यक्तित्वको रुपमा प्रस्तुत गरेको पाइन्छ । उनमा काम गर्दा लजाउनु हुदैन भन्ने भावना थियो । सुन्दर शान्त परिवारको निम्त्ति ज्ञानगुनका आशीष दिने, सारा बोझ आफै लिनेकुरा व्यक्त गर्दै उनलाई कविले यसरी सम्झना गरेको पाइन्छ ।

पीडा जीवनमा भएन कहिल्यै साथै विताए दिन ।
खस्छन् तप्तप आँसु भिज्छ तकीया सम्झी पुराना दिन ।
चिन्ता कष्ट अनेक झन्झट सबै सारा मन्नाट दिने ।
भन्थ्यौ खोजीरहेछु छौ अब कहाँ  भेटेर जिम्मा लिने ।

( अन्तिम भाइटिका पृ १७)

यसरी आफ्नो श्रीमान हुँदा आफूले सहज तरिकाबाट जीवन विताएको पल सम्झिदा आँशुले तकिया भिज्छ र जीवनका अनेकौ चिन्तन र कष्ट साथ झेल्नुपर्ने बाध्यता रहेको साथै सन्ततिलाई सदैब रेखदेख गरी समाजमा रहेका गरीबका छोरा बुहारीप्रति स्वच्छ समाज देख्ने महान व्यक्ति कसरी छोडी गयौ जुन सदा सदाको निम्ति अमर रहन्छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको देखिन्छ ।

**४.४.२ .१४ जाने भाषण**

प्रस्तुत कविता  शार्ूलविकीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । कविता पाँच  श्लोक र बीस पाउमा संरचित छ ।

यस कवितामा कविले आफ्नो श्रीमानले बोल्न, अगाडि बड्न, हौसला, प्रेरणा दिने जहिले पनि सिक्न र विभिन्न प्रतिबेदन भरपाइजस्ता चीजहरु प्रयोग गर्नु भन्ने कुरा सिकाएको व्यक्त गरेको पाइन्छ । सञ्चारका साधन समचार विज्ञहरुको भाषण ज्ञनागुनका कुराहरु सञ्चार र विश्लेषणको प्रयोग गर्न उत्प्रेरित गरेको कुरा व्यक्त गरिएको छ । साथै साथमा राखेर मीठा गद्यांशहरु विभिन्न रचनाको ज्ञानदिनु र सधै साथमा रहेर दुःख , सुख भोग्दै जीवनयापन गरेको कुरा व्यक्त गरिएको छ । जुनकुरा सम्झँदा चित्त दुख्दछ । विरामी हुँदा औषधि दिने व्यक्ति गुमाएको कुरा प्रस्तुत गरेकी छिन् ।

**४.४.२ .१५ जोडेर राख्यौ यहाँ**

प्रस्तुत कविता छ  श्लोक र चौबीस पाउमा संरचना गरी शार्दूलविकीडित छन्दमा रचना गरिएको छ ।

यस कवितामा कविले आफ्नो श्रीमानले जोडेर राखेका परिवारहरु र अन्य सदस्यहरुको बयान गरेकी छन् । महत्वपूर्ण भूमिका बहन गर्ने काम कर्तव्यको ख्याल गर्ने शैक्षिक ज्ञानको ज्योति छर्ने एक व्यक्तिको अभावमा सिङ्गो मालाको धागो कम्जोर भएर चुटिन्छ र वैलिन्छ भन्ने भावना व्यक्त गरिएको छ  । श्रीमान् सबैको भलाइ सोच्ने, निस्वार्थ भावना रहेका क्षमतावान, शुभ कर्म गरी आफ्नै कमाइ खा“दै आफ्नो यात्रा निरन्तर अगाडि बढाइ नै रहने, सहयोग गर्न आफ्नो र पराइमा विभेद नगर्ने एक

विवेकशील व्यक्ति थिए व्यक्ति भन्ने कुरा यहा" व्यक्त गरिएको छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको देखिन्छ ।

**४.४.२ .१६ कोइलीको विलाप**

प्रस्तुत कविता छ श्लोक र चौबीस पाउमा संरचित शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ ।

यस कवितामा कवि घिमिरेले मानव जीवनमा मात्र नभएर एक जीवजन्तु जसको पनि सहारा विहिन हुदाँ एक्लै कुहुँकुहुँ गरेर रुन्छ र आफूलाई एक्लो बनाएको महसुस गर्दछ भन्ने भाव व्यक्त गरेकी छिन् । यहा श्रीमानविहिन भएर आफूलाई एक्लो बस्नु पर्ने बाध्यात्मक परिस्थितिको चित्रण गरेको पाइन्छ । पशुपक्षी भएतापनि आफ्नो सन्तानलाई सजिलो वनाउन र चारोको बन्दोबस्त गर्न वनभरी डाँडाकाँडामा जान्थ्यौ । वच्चाहरु आशमा गुँडमा बस्तथे । च्याँच्याँ चिर्र गरी खानाको व्यवस्था पाउथे । जति टाढा भएपनि बच्चालाई चारो ल्याई दिन्थे , जुटाउथे आफ्नो साहारामा राख्थ्यौ, अब कहाँ जानु भनी विलाप गरेको पाइन्छ । प्रकृतिको खेल जस्तो भएता पनि सहनु पर्दो रहेछ । एक भएर बसेता पनि आधी र मेघ चट्याङले हाँगा भाचेर हराएको कुरा व्यक्त गरिएको छ र कोइली चरी विरहमा रुदै सँगै बाच्ने गरेको वाचा भताभुङ्ग बनी हावामा हराएको कुरा प्रस्तुत गरिएको छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको देखिन्छ ।

**४.४.२ .१७ पवित्र चिन्तन**

प्रस्तुत कविता छ श्लोक र चौबीस पाउमा संरचित शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ ।

यस कवितामा कवि घिमिरेले आफ्ना श्रीमानमा पवित्र चिन्तनमा रहने, सभ्य सोच र सत्य पथमा रहने, कहिल्यै लोभी र लाल्ची नवनी मानिसलाई ज्ञान दिइरहने भएकाले सबैले श्रद्धा संवृद्धि पुकादृछन् आफू काम गरेर खानु पर्दछ ,अभावमा पनि हाँसेर टार्ने कहिल्यै नझुक्नु, सबको सामु उच्च शीर बनाउनु पदर्छ भन्ने भावनायुक्त एक नमूना व्यक्ति हुन् भन्ने भाव व्यक्त गरेकी छन् । उनले सदैब कार्य गरेर अगाडि बढ्नलाई कवितामा यसरी आग्रह गरेकी छिन ।

आफ्ना लागि गरेर खानु जनको सित्तै नखोसी धन
त्यसर्थ इज्जत हुन्छ क्वैसित कतै वन्दैन दुक्खी मन
अर्काको भरमा चलाउनु परे दासै भयो जीवन
भन्थ्यौ किस्मत गर्नुपर्छ अनिपो बन्दैन क्वै निर्धन

( अन्तिम भाइटिका पृ ३४)

यस कवितामा हरेक मानिसले आफ्नो निम्ति आफै कार्य गर्नु पर्छ, अरुको धन खोस्नु हेर्दैन । सत्कार्य गर्दा इज्जत बढ्नुका साथै दु:खी मन हुदैन । अरुको भर पर्दा दास भइन्छ र सदैब निर्धन होइन्छ ,राम्रो काम गर्न घरबाट नै थाल्नु पर्छ भन्ने आह्वान गर्दै देश निर्माणमा जुट्नु पर्छ जसले सुपथको संसारमा पुग्न सहयोग मिल्छ । जातमा र विभेद गर्नु हुदैन । यी असमानता मुलुकमा हटाई एक साथ समाजको निमार्ण गर्नुपर्छ भन्ने आह्वान गरिएको छ ।

### ४.४.२ .१८ पहिचान तिम्रो

प्रस्तुत कविता पाँच श्लोक र बीस पाउमा संरचित गरी शार्दूलविकीडित छन्दमाको रचना गरिएको छ ।

यस कवितामा कवि घिमिरेले आफ्नो श्रीमानको व्यक्तित्व र छविलाई एक साहित्य सृजना गरी  रचनामा उनको घरमा रहेका किताबहरुमा वोल्दै वास्तविकतामा छैनौ भन्ने कुरालाई व्यक्त गरेकी छन् । श्रीमान साहित्यका एक सर्जक हुन र उनको वास्तविक जीवनमा  पनि हँसिलो मुहार उच्च शीर ढाका टोपीको पहिचान भएका, जतन गरेर बाकसमा सजाएका लत्ताकपडा माग्छौ लगाउन भनी  सोच्न बाध्य भएकी छन् । हेर्दा स्वच्छ रहने, गोरो वर्ण, बोली रसिलो, मुहार हसिलो शालीन व्यक्तित्व सफा कपडामा सजिएर चट्ट जुत्ता लगाउने पहिचान भएका श्रमान् थिए । स्वभाव सफा भएको विश्वासी साथीभाइको मनमा रहने  ईष्या र छुद्रीपन बेगर सदैब हाँसेर जीवन जीउन चहाने व्यक्तिको पहिचान तिम्रो भनी व्यक्त गरेको पाइन्छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .१९ साहित्यमा तिमी

प्रस्तुत कविता छपन्न पाउ र चौध श्लोकमा संरचित छ । यो शार्दूलविकीडित छन्दको प्रयोग गरी रचना गरिएको छ ।

यस कवितामा कवि घिमिरेले साहित्यिक व्यक्तित्वको वर्णन गर्दै विभिन्न कविता समालोचना लेखन आदि साहित्यक सृजना गर्दै अगाडि बढेका श्रीमानको साहित्य प्रतिको झुकावको वर्णन गरेकी छन् । पेशामा प्राध्यापन भएता पनि साहित्य लेखनमा तल्लीन रहेका वृद्धिप्रसाद घिमिरे एक अग्रज व्यक्ति हुन्, उनको साहित्यिक यात्रामा कविता छन्दमा र गद्यमा लेखेका छन् । उनको छन्दको अभियानले आफै चिन्तन गरेको पाइन्छ । उनले छाप्रा झुपडी र गाउँमा बस्ने खेतिवाललाई उठ जागा हुनुपर्छ आफ्नै पौरख कमाइ खानुपर्छ ,मालिक सामु खटेपनि सधै भोकै र दु:ख सहनु पर्ने हुन्छ ।

यसरी धन हुनेलाई सुखमाथि  सुख, दु:ख हुने दुखिलाई दु:ख नै दुख भनेर व्यक्त गरेका छन् । मानिसबाट नै प्रकृतिको विनाश हुन्छ, स्वच्छ र सौन्दर्यले भरिर्पण भएको मानिस नै मालिक बनेर सब प्राणी जगतको अस्तित्व समाप्त भयो । माटो सबको बस्ने थलो हो । सबले पाओस वस्न खुसी सुखी

सबको राष्ट्र नेपाल हो । हाम्रो नेपाली मनको अतुल्य स्रष्ट्राहरु हुन् भनेर साहित्यिक  यात्रा सुरु गरेको पाइन्छ तर मुलुकको दुर्दशार प्रदूषणको कारण राज्यमा बेरोजगारी गरिबी, अशिक्षाको कारण परदेश जानु पर्ने  बाध्यता रहेको कुरा प्रस्तुत गरेको पाइन्छ । विभिन्न राजनीति नेतृत्वमा हावी भयो । देशमा अस्थिरता रही मानिस छाडा भए, नैतिकतामा ह्रास हुदै संस्कार ध्वस्तै भएर सिद्धान्त र व्यवहारहरु अस्तव्यस्त  भए , देशमा नाराजुलुस सुरुभयो । कार्य नै नगरी स्वार्थमा लिप्त बन्यो देश, बचाउ" कसरी भनी कविता लेखेर छाड्यौ । सुविचार र चिन्तनले गर्दा उठने हुन् किसान, क्रान्ति नहुँदा मुक्ति पाउँन्नन् जनताले जहिलेसम्म वर्ग बीचको बैसम्यता रहन्छ तैले सम्म मुक्ति रहन्न यो देशमा भन्ने भावना रहेको पाइन्छ । जसले श्रममा रहिरहे सामाजिक मान्यता र विविधताले किसानमा हुदैन मुक्ति । हक अधिकार भन्नेकुरा मागेर वा कृपाले पाइने कुरा होइनन् भन्ने चेतनाका कुरा व्यक्त गरिएको छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .२० साहित्य र प्रकृति प्रेम

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । यो कविता छपन्न पाउ र चौध श्लोकमा संरचित छ ।

यस कवितामा कवि घिमिरेले साहित्यमा प्रकृतिको प्रेम वर्णन गरेकी छन् । हाम्रो देश नेपाल देख्दा सानो  भएतापनि प्राकृतिक सम्पदाले सम्पन्न राष्ट्र, प्रकृतिको सुन्दर हराभार मनमोहक शिखरहरु ले भरिपूर्ण रहेको इलाम पूर्वको रानी विभिन्न स्रोत सम्पदाको खानी यस क्षेत्रमा रहेका विभिन्न नगदेवालीहरु जस्तै  चिया, अदुवा, अलैची, खोर्सानी , जस्ता वस्तुहरुको वणर्न गर्दै सात्यिको सिर्जना गर्नुपर्ने कुरा व्यक्त गरिएको छ । जागिरे हुँदा फुर्सद नभएको र लेखन सिर्जना कम भएको कुरा व्यक्त गर्दछिन् । अघिल्ला साहित्यिक व्यक्तित्वहरुको अपूरो साहित्य पूरागर्न अग्रसर रहेको कुरा वर्णन गरेकी छन् ।

साहित्य फाँटमा सिर्जना खुल्ने र रचनाहरु लेखेर साथमा रहँदा भान्छामा छदा सुनाउनु उनको विशेषता थियो । उनले लेखेको रचना कविले सारेर  उत्सुक हुन्थें भन्ने कुरा व्यत्त गरेकी छिन् । कविताको माध्यमबाट उनमा भएको हरेक दुःख सुख व्यक्त गर्दै श्रीमानले गरेका साहित्यिक सिर्जनाको वाटो पहिल्याउँदै जाने अठोट गरेकी छन् । जिल्लामा रहेका साहित्यिक स्रष्टा र द्रष्टाहरुले प्रेम र ममताको सम्मान गर्दछन् । देशमा विद्यमान अनेक परिस्थितिले गर्दा भष्टाचार र कुरीति समाजमा मौलाउँदै गरेको अवस्थामा समाजलाई सत्तर्मागमा प्रवेश गराउने सामाजिक चेतनाको खाँचोआवश्यक छ  । आक्रान्त छ समाज, गरीबी व्याप्त छ राष्ट्को यथाचित चासो रहेको अनुभव गर्न सकिएको छैन । सदैव जोस जाँगर नयाँ चाख थियो रचेर कविता उत्थानमा जगाउन  सक्थ्यौ । तीव्र इच्छामा नयाँ

घरमा बसी चाहना भन्यौ भर्ना व्यक्त गरिएको छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .२१ सम्झी पुराना दिन

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । यो कविता बाउन्न पाउ र तेह्र श्लोकमा संरचित छ ।

यस कवितामा कविले आफ्नो सन्तानहरु सम्झी उनीहरुको वाल्यकालीन अवस्थालाई चित्रण गरेकी छन् । छोरी जन्मदा पौष महिना थियो । झापा जिल्लामा तीन वर्षको फरकमा कान्छी छोरीको जन्म भएको र भाद्र महिनामा जेठो छोरो जन्मेको समयमा आफ्नै बहिनीले स्यारसुसार गरेको कुरा व्यक्त गरेकी छिन् । समय कठीन, हिलो गाडी नहिड्ने, फोन नभएर चिठी मार्फत खबर आदान प्रदान गर्नु पर्ने अवस्था, पेशा र घरको कामको व्यस्तताको बाबजुद चिण्डेको तरकारी खादै खानाको परिकार जस्तो भएता पनि खाने बानी, हँसिलो मुहारले खाने घरमा जे जस्तो भएता पनि खाने र परिवार सँ“ग रमाएर जीउने स्वभावलाई प्रस्तुत गरेकी छिन् । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .२२ कामको उच्च सम्मान

प्रस्तुत कविता शार्ूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । यो कविता अठ्ठाइस पाउ र सात श्लोकमा संरचित छ। ।

यस कवितामा कविले आफ्ना श्रीमानले गरेको उच्च सम्मानको कुरा कवितामा व्यक्त गरेकी छन् । विभिन्न संघसंस्था र संगठनमा रहेर साहित्यमा दिएका योगदानहरु बयान गर्दै श्रीमान नहुँदा उनको कविताका पाण्डुलिपिहरु जतनले राखेको अनि यथा समयमा छापीपाई विमोचन गरी फेरी ताजा गराइ दिएको र श्रीमान बुद्धिप्रसाद घिमिरे एक प्रतिष्ठानमा स्रष्टा सर्जक र विश्वासको पात्र, नेतृत्व वहन गर्ने क्षमता भएको व्यक्तित्व थिए भन्ने कुरा प्रस्तुत गरेकी छिन् । यसरी इलाम जिल्लामा रहेका स्रष्टाहरुले सम्मानर्पूक श्रीमानको जीवन कथा लेखी प्रस्तुत गरेको कुरा व्यक्त गर्दै अमूल्य प्रतिभाको जग मोतिराम भट्ट भए झै छन्द अभियानमा मेचीका कवि जसले छन्द कविता सङ्ग्रह लेखेको कुरा यस श्लोकमा प्रस्तुत भएको छ ।

मोतीको अनुरुप गर्दछु भनी संकल्प त्यस्को लिई ।
संस्था एक प्रयोग छन्द कविताको सङ्ग्रहमा हुने ।
यौटा पुस्तक जो प्रकाशित भयो मोती समस्या पनि ।
त्यो संपादक थालनी गरिदियौ छोडेर लग्यौ अनि ।

( अन्तिम भाइटिका पृ ५०)

कवि मोतिराम भट्टको साहित्ययात्रा अनुरुप गर्दछु भनी संकल्प गरी छन्द कविता सङ्ग्रह संस्था एक प्रकाशित भयो त्यस पछि सम्पादन थालनी गरी  छोडेर कार्य अपूरो रहेको भाव व्यक्त गरिएको पाइन्छ । साथै साहित्यिक स्रस्टाहरुप्रति आशिष माग्दै साहित्य यात्रामा धर्ती खुले झै निरन्तर बढुन् इलामले  मतिला स्रस्टाहरु जनमाओस्साहित्यमा जिल्ला ,सदैब सजिई रहोस् भन्ने सन्देश पनि पाइन्छ  । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .२३  व्यक्ति एक रुप अनेक

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । यो कविता बत्तीस पाउ र आठ श्लोकमा संरचित छ

प्रस्तुत  कवितामा कविले आफ्नो श्रीमान व्यक्ति एक भएपनि रुप अनेक रहेको कुरा व्यक्त गरेकी छिन् । मानवको हरेक व्यावहारिक पक्षहर जोडेर जीवन यापन गर्नुपर्ने हरेक चीज वस्हरु जोहो श्रीमानले गर्ने , सारा सामान जुटाइदिएर सहज वातावरण उपलब्ध गराएको , हरेक पीडाहरु सहन गरी हाँसेर ने जीवन विताएको क्षण,  उनको अभावमा परिवारमा एक्लो भएकी महसुस गरेकी छिन् । श्रीमानका कृतिहरु विमोचनका निमत्त अधुरा रहेका, विभिन्न साहित्यिक फाँटमा गोष्ठी छलफलमा प्रेरणा दिने व्यक्ति थिए । यस्ता साधक सारथी कता गए । प्राध्यापनको क्षेत्रमा थेसिस शाोधपत्रदेखि लिएर शैक्षिक जिज्ञासा राख्ने विद्यार्थीको माझमा निरन्तर सेवा दिइरहने, जागीरमा विहानी पख हतारमा जाने , विद्यार्थी वर्गमा हाँसी हसाइकन शिक्षा दिने , सामाजिक कार्यमा निरन्तर सेवा गरेर बालिनालीको पनि विचार राख्ने एक व्यक्ति थिए भन्ने कुरा प्रस्तुत गरेकी छन् । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२ .२४  पत्र लेख्दै छु

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । यो कविता बत्तीस पाउ र आठ श्लोकमा संरचित छ

प्रस्तुत  कवितामा कवि घिमिरेले आफ्ना श्रीमान्ले छोडेर गएका र उनलाई सम्झना गर्दै पत्र लेखेको कुरा यस कवितामा प्रस्तुत गरेको पाइन्छ । यस धर्तीबाट ज-जसले छोडे उनीहरु जस्तै बाबा आमा दाजु भाउजू भिनाजु , भतिजाहरु जो जो छन सबैलाई भेटेर जोडेर राख्ने आग्रह गरेकी छिन् । कस्तो ठाउँ,बस्ने गाउँ कस्तो भनी प्रश्न गर्दै साझा परिवार छ कि छैन भन्ने भावना कविले कविताको माध्यमबाट व्यक्त गरेकी छिन् ।

सोच्दै हे प्रिय पत्र लेख्छु अहिले कस्तो छ त्यहाँ  भनी ।
राम्रो या सुविधा यहाँ कि त त्यहाँ लेखी पठाऊ अनि ॥
को को छन घरमा जहान सव ती पैले गएकाहरु ।

सन्चो फेरी विसन्चो के छ सबमा ढोगै छ रे भन्दिनू ॥

( अन्तिम भाइटिका पृ ५५)

प्रस्तुत पत्रमा मरण पश्चात कस्तो ठाउँ सुविधा छ कि छैन र श्रीमान भन्दा अगाडि गएका जहानहरु सँग भेट र सन्चो विसन्चो कस्तो छ व्यक्ति अनुसार ढोग साथै माया र ठूलाबाबा पछि जेठाजु भएर बदलिएको साइनोमा सम्झना सानो चित्त नभई ठूलो घर बनाएका थियौ, त्यहाँ पनि भव्य र ठूलो बनाउने सल्लाह दिदै जीवनका उकाली ओराली, आरोह अवरोह पार गर्दै जीवनमा सैतीस साल विताएको मीठो सम्झना गर्दै कर्तिक महिनामा तिहारको दिन यमराजले तानी झुक्याएर लगेको कुरा व्यक्त गरेकी छिन् । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

**४.४.२ .२५ किसानकी छोरी**

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । यो कविता अठ्ठाईस पाउ र सात श्लोकमा संरचित छ ।

यस कवितामा कवि घिमिरेले आफू किसानको छोरी भएको कुरा व्यक्त गरेकी छन् । खासँगगरी नेपाल एक कृषिप्रधान मुलुक हो । किसान आफ्नो कार्य गरी सहजले खाने खेती जन्य अन्न उब्जाई खानु विहानदेखि उठेर खेतीकार्य गरी विद्यालयमा दाजुवहिनीको साथ गएको अवस्था र समयको अन्तरालमा विहे भई आफ्नो कर्मथलोको सम्झना गर्दै त्यहाँ पनि विभिन्न कृषि जन्य औजार प्रयोग गर्दै जीवन विताएको क्षण प्रस्तुत गरेको पाइन्छ । कर्ममा निरन्तरता दिदै आफ्नो जीवन अगाडि बढाएको र बारीमा बिभिन्न चीज बस्तु उत्पादन गरेको क्षणलाई र सदैब साथ दिने श्रीमानको मीठो सम्झनालाई कविले कविता मार्फत यसरी प्रस्तुत गरेका छन ।

आस्था त्यो जसरी थियो श्रममहाँ विश्वास थियो कर्ममा
उब्जाई कन खान साँझ दिनमा सब्जी फलाई कन
जाने जागिरमा सबेर जहिल्यै आएर बारी महाँ
गर्थ्यौं काम मिलेर फेरी अहिले त्यो साथ खोई यहाँ

( अन्तिम भाइटीका पृ ५६)

मानिस भएर जन्मलिएपछि आफ्नो निमित्त कर्म गर्नुपर्ने विश्वास थियो । आफ्नै बाली उब्जाई सब्जी फलाइ खानुपर्ने धारणा थियो । जागीरमा सबेरै गएपनि आएपछि बारीमा मिलेर सधै काम गर्थ्यौं । अहिले त्यो साथ नभएको सम्झना व्यक्त गरेको पाइन्छ । यो कविता आन्तरिक दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.२.२६ मेरा सबै नै गयौ

प्रस्तुत कविता शार्दूलविकीडित छन्दको प्रयोग गरी रचना गरिएको छ । यो कविता बीस पाउ र पाँच श्लोकमा संरचित छ ।

यस  कवितामा कवि घिमिरेले आफ्नो श्रीमान सबै थोक भएको व्यक्तित्व सम्भ्केकी छन् । उनले छोडेर जा"दा मेरा सबै नै गयौ भन्ने कुरा यस कवितामा व्यक्त गरेकी छ् । हरेक क्षेत्रमा अग्रज सधै लेख्ने र पढ्ने विद्यार्थी वर्गमा  ज्ञानको ज्योति  छर्दै बस्ने , त्यो हिमशैलमा पीडा कष्ट वियोगको बन्यौ निर्देशक । बालवच्चाहरुको शिखर बाबा एक कर्मशील आदर्श सर्जक स्रस्टा सामाजिक कार्यमा  कुशल नेत्रृत्व बहनगर्ने ज्ञाता कर्मबीर युगका स्रष्टा विभिन्न भाषाका विज्ञ र साधक थियौ भन्ने सम्भ्कना व्यक्त गरेकी छिन् । यस कविताको भावमा उनले आफ्नो श्रीमान छोडेर जाँदा आफ्ना सबै नै गयौ भन्ने भावनालाई यसरी व्यक्त गरीएको छ ।

लेखेर शोक भयो भएन कविता विर्सेर आफ्नो दुःख
खस्थे आँसु तपक्क लेखी रहँदा  सम्भ्केर तिम्रो मुख ।
सच्चा व्यान रहेछ त्यो सब बुभ्की लेख्नेछु अर्को पनि ।
यो मेरो उपहार अपर्ण गरे हो फूल जाही जुही ।

आफूले श्रीमान नहुदाँको क्षणमा कविता लेखेर आफ्नो शोकलाई विर्सने प्रयास गर्दै उनको सम्भ्कनामा आँसु तपक्क भ्करेको कुरा व्यक्त गर्दै श्रद्धा सुमनको रुपमा कविताका भावहरु अर्पण गर्दछु भन्ने कुरा प्रस्तुत गरेकी छिन् ।यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.४.३  छन्दका आधारमा

कवि टीका घिमिरेका कविताहरु  छन्दोबद्ध रुपमा रहेका छन । उनकै पहिलो कविता सङ्ग्रह 'अन्तिम भाइटीका' एउटा मात्रै छन्दको प्रयोग गरेको पाइन्छ ।

### ४.४.३.१  छन्दका आधारमा

**शार्दुलविकीडित छन्द :-**

यस सङ्ग्रहमा उनले शार्दूलविकीडित छन्द मात्र प्रयोग गरेकी छन् । शार्दूलविकीडित छन्दमा जम्मा १९ अक्षर  हुन्छन् । बाहौ र सातौं अक्षरमा अडान हुन्छ । शार्दूलविकीडित छन्दमा म.स.ज.स.त.त.ग  गण रहेका हुन्छन ।

जस्तै : सालै तीन थियो र पौस महिना जिल्ला इलामै महा ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म. | स. | ज. | स. | त. | त. | गु |
| SSS | IIS | ISI | IIS | SSI | SSI | S |

( अन्तिम भाइटीका पृ १)

### ४.४.३.२ अन्तिम भाइटीका शोककाव्य सङ्ग्रहको निष्कर्ष

वि.स. २०१७ साल फाल्गुण १७ गते इलाम जिल्लाको साविक श्री अन्तु गा.वि.स. हाल सूर्योदय न.पा. मा जन्मिएकी टीका घिमिरे साहित्यमा रुची राख्ने एक साहित्यि स्रष्ट्रा हुन । उनले कविता क्षेत्रमा कलम चलाएकी छिन् । विभिन्न राजनैतिक लेखहरु लेख्दै जाने क्रममा आफ्ना श्रीमानको मृत्यु पश्चात पहिलो कृति ''अन्तिम भाइटीका' शोककाव्य प्रकाशित गरी क्रमस 'आमा' र 'पूर्वको स्वर्ग इलाम' लेखी तीन वटा कृतिहरु प्रकाशित गरेकी छिन् ।

उनको प्रथम कृति 'अन्तिम भाइटीका' शोककविता सङ्ग्रह हो । यस सङ्ग्रहमा विविध विषय वस्तुहरु समेटिएका छन । छब्बीसवटा कविताहरु संग्रहित रहेका छन् । यी कविता कविता सङ्ग्रहका विषय वस्तुहरु फरक फरक छन् जसमा उनले आफ्ना श्रीमानको मृत्यु पछाडि उनको सम्झनामा विविध रङ्गहरु भर्ने कार्य गरिएको पाइन्छ जसमा श्रीमानको बाल्य अवस्थामा भोगेको शैक्षिक अवस्था, पारिवारिक अवस्था, साहित्य प्रतिको रुची, चाडपर्वको उठान, पेशा प्रतिको पेशागत सम्मान, प्रकृतिको चित्रण जस्ता विषयवस्तु समेटेर कविता रचना गरेकी छन् । कवितालाई छन्दमा तथा सरल सहज शब्द र शैलीमा रचना गर्नु घिमिरेको विशेषता हो । नेपाली समाजका यथार्थपरक विषयवस्तुलाई आर्कषक ढङ्गले कवितामा समेट्ने प्रयास गरेकी छिन् । यस कृतिले नेपाली कविता जगतमा साहित्यिक इँटा थपिने काम भएको छ । यसमा घिमिरेको लगनशीलता र मेहनतको साकार रुप प्रत्यक्ष पाउन सकिन्छ ।

## ४.५ आमा (२०७४) मा सङ्ग्रहित कविताको अध्ययन

### ४.५.१ परिचय

घिमिरे द्वारा रचित दोस्रो कविता कृति 'आमा' कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा १९ वटा कविताहरु संग्रहित छ्न् । फरक विषय वस्तु भाव एवं फरक छन्दको सम्मिश्रण रहेको ' आमा' मा पनि पाउन सकिन्छ । विविध विषय वस्तु एवं फरक फरक छन्दको प्रयोग गरी रचना गर्नु साहित्यकार घिमिरे को आफ्नै विशेषता हो । यस सङ्ग्रह भित्रका कवितामा विभिन्न विषय वस्तु र विभिन्न प्रकृतिको सिर्जना महिला प्रधान सिर्जना हो । यसले महिलाहरुलाई घच्घच्याएको छ, उठ्न लगाएको छ । आँखा खोल्न लगाएको छ । जन्मकालदेखि जीवनकाल पर्यान्त देखिने महिलाहरुको व्यथा पीडा, उनीहरुमाथि हुने अन्याय विभेद र विसंगतिहरु आदि समस्याका कारण्कतत्वबाट उन्मुक्ति पाउनका लागि हेपिएका कज्याइएका, वेचिएका, विदेशिएका, बलात्कृत भएका दिदी वहिनीहरुलाई उन्मुक्तिका लागि समानताका लागि स्वधीनताका लागि सामाजिक उत्थानका लागि , संधर्ष गर्नुपर्छ र मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने चेतना यस कृतिले उजागर गरेको पाइन्छ । यस सङ्ग्रहमा शार्दूलविक्रीडित,

शिखरिणी, तोटक, भुजङ्गप्रयात, मन्दाक्रान्ता, वसन्ततिलका, इनद्रबज्रा, शालिनी, उपजाति, आदि छन्दको प्रयोग भएको पाइन्छ ।

### ४.५.२ विषय वस्तु र भावका आधारमा

### ४.५.२.१

प्रस्तुत कविता नौ श्लोक र चौंतीस पाउमा संरचित रहेको छ यसमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले धर्ती शुन्दर शान्त, प्राकृतिक सौन्र्दयले भरिपूर्ण छ जुन धर्तीमा साझा सुनैलो घर, मान सम्मानले वासै उज्जल जहाँ आफ्नै काखमा सन्तान सरी बस्न दिएको कुरा व्यक्त गरेकी छिन् । यस धर्तीमा विभिन्न निर्माण गर्ने कृयाकलाप र अज्ञानता कारण पनि पैह्रो खस्न गई बोट बिरुवा फडानी गर्दा चोट र नाङ्गो हुने कुरा प्रस्तुत गरेकी छन् ।

विभिन्न बनजङ्गलको हराभरा जसबाट कपडा र कागज र जडीबूटी प्राप्त गरिन्थ्यो । हरियो मास्दा फिक्का वनेको अनाजको खानी , पिउने पानीको तथा बिजुलीको अथाह स्रोत प्राप्त गर्नुका साथै बाल्ने तेल र ग्यास हाम्रै निम्ति राखौं भन्ने कुरा व्यक्त गरिएको पाइन्छ । जल सम्पदाको महत्व नबुझेर अर्कै मालिक भएको अवस्था बा जंगलमा पाइने जडीबूटी यस देशको भौगोलिक र प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । त्यसैले हामीले धर्तीमाताको रक्षा गर्नु पर्छ भन्ने भाव व्यक्त गरेको पाइन्छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.२ विदाइ

प्रस्तुत कविता पाँच श्लोक र बीस पाउमा संरचित रहेको छ । यसमा शिखरिणी छन्दको प्रयोग गरीएको छ ।

यस कवितामा कवयत्री घिमिरेले प्रकृतिको नियम अचम्मको छ। छोरी भएर जन्म लिए पनि बुहारी भई बाछीसरह दान गरिएर परपुरुषसँग वैवाहिक बन्धनमा बाधिएर श्रद्धा माया बाँढदै अर्काको घर जानुपर्ने भाव व्यक्त गरेकी छिन् । चुरा पोते कल्ली सन्दिूरले सजिएर आफ्नो जन्म घर बिरानो बनाई कर्मघर रोज्नु पर्ने बाध्यतालाई प्रस्तुत गरेकी छन् । यसरी हेर्दा यस कवितामा महिलाले भोग्नै पर्ने जस्तो वाध्यात्मक पस्थितिको चित्रण गरेको पाइन्छ । यो कविता आन्तरिक दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.३ आमा

प्रस्तुत कविता एघार श्लोक र चौवालीस पाउमा संरचित रहेको छ । यसमा शार्दुलविक्रीडित छन्दको प्रयोग गरीएको छ ।

यस कवितामा कवयत्री घिमिरेले आमा रत्न समान, माया , ममताको खानी महिमा सौर्न्दयकी रागिनी यस धर्तीमा आफ्नो सन्तानलाई दश धारा दूध खुवाएर संन्सार हेर्न अवसर दिने व्यक्ति हुन् भन्ने भाव व्यक्त गरेकी छिन् । आमा साच्चै भन्नुपर्दा एक पहिलो गूरुआमा पनि हुन् जसले निस्वार्थ प्रेम र सदभावले लालन पोषण गरेर हुर्काउछिन् भन्ने कुरा व्यक्त गरिएको छ । हरेक बोटबिरुवालाई स्यार सुसारको जरुरत पर्दछ । वास्तवमा आमामा प्यार ममता सन्तान प्रतिको अनमोल ज्ञान करुणा ,दया , मात्रृत्वभाव सदैव रहिरहन्छ । त्यसैले आमा सन्तनका निमित्त हुन् मातृत्व खानी, जगतकी जगदम्विका । आमाको महत्व यस कविता मार्फत यसरी प्रस्तुक्त गरिएको छ ।

### ४.५.२.४ महिला हिंशा

प्रस्तुत कविता बाह्र श्लोक र अट्चालीस पाउमा संरचित रहेको छ । यसमा तोटक छन्दको प्रयोग गरीएको छ ।

प्रस्तुत कवितामा कवयत्री घिमिरेले परिवार समाज देशमा महिला हिंशा वा अपहेलित बँधुवा पशु झै जीवन जिउनु पर्ने बाध्यात्मक परिस्थितिलाई महिला हिंशाको रुपमा अभिव्यक्त गरेकी छिन् । महिला भएर जन्मेपछि घर खेतमा रोजिरोटीको निम्ति जति काम गरेतापनि श्रम नपाउने , शोषित हुनुपर्ने घर गृहस्थिमा रहनु पर्ने शोषित हुनुपर्ने पुरुषले मदिरा सेवन गरेपनि सहनुपर्ने, भोगविलास, छाउपडी, बालविवाह, विभेद, विसङ्गतीमा रहनु पर्ने जस्ता कुरीतिमा बाधिएरको दर्दनात्मक परिस्थितिलाई सामना गर्नुपर्छ भन्ने कुरा यस कविता मार्फत यसरी व्यक्त गरेको पाइन्छ ।

सब दुर्दिन यो प्रतिकार गरौ ।
अधिकार लिई उपभोग गरौ ।
अब मानिस झै सब बाच्न सिकौ ।
बदलेर समाज सम्मना गरौ ।

(आमा, पृष्ठ ६ )

प्रस्तुत पंक्तिमा मानव भएर बाच्न सिकौ, आफ्नो दुर्दशाालाई प्रतिकार गर्दै अधिकारको निम्ति लडौ अनि मात्र समाज, रास्ट्र र देशको निर्माण गर्न सकिन्छ भन्ने कुरा व्यक्त गरीएको छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.५ दशै

प्रस्तुत कविता सात श्लोक र अठ्ठाइस पाउमा संरचित रहेको छ । यसमा शार्दूलविकीडित छन्दको प्रयोग गरिएको छ ।

प्रस्तुत कवितामा कवयत्री घिमिरेले नेपालीहरुको महान चाड दशैं हरेक नेपाली जनताको मुहारमा हाँसो स्वादिस्ट भोजन , रीतिथिति, संस्कृति , सुन्दर शान्त बाजा, शंख घण्ट विभिन्न पुष्पहरुको मनोरम दृष्यहरुसँगसँगे भित्रिन्छ भन्ने भाव व्यक्त गरेकी छिन् । बडा दशैको पावन

अवसरमा सबैमा हाँसो खुसीमात्र नभएर गरीब दुखिलाई गाह्रो हुन्छ भन्ने  भाव कविता मार्फत यसरी व्यक्त गरेकी छन् ।

खाना छैन जहाँ गरीब निमुखा नानीहरु छन् दुःखी
चर्को मुल्य छ तिब्र बेग जसको आकाश चुम्ने गरी
जस्ले गर्दछ कमाइ धेर छलले उस्कै बढो इज्जत
निर्धाको मन हुन्छ खिन्न जहिले बै सत्य हो शास्वत

(आमा, पृष्ट १० )

प्रस्तुत कवितामा कविले देशमा रहेका धनी ,गरीब बीचको खाडललाई सरल र सहज रुपमा प्रस्तुत गरेको पाइन्छ । देशमा महङ्गी बढेर गरीबलाई झन गरीब र धनीलाई झन धनी हुने अवस्था रहेको कुरा कवितामा प्रस्ट पारेकी छन् । हुने खानेलाई रमझम झिलिमिलि तमासा, हुदा खानेलाई गाह्रो भन्नेकुरा व्यक्त गरेकी छन् । विदेशमा रहेका व्यक्तिलाई पनि पारिवारिक विछोड हुन्छ सो कारण देशमा बसेर कलकारखाना खोलौ रोजगार आफ्नै देशमा बनौ , विदेशी दास हुन रोकौ ,आफ्नो देशमा पसिना बगाउन राष्ट्रिय अर्थतन्त्र बलियो बनाउनु पर्दछ भन्नेकुरा कविता मार्फत आशीर्वाद वडा दशैले दिन्छ भन्ने कुरा कविता मार्फत व्यक्त गरेकी छिन् ।

### ४.५.२.६   गुमेको मोती

प्रस्तुत कविता नौ श्लोक र छत्तीस पाउमा संरचित रहेको छ । यसमा भुजङ्गप्रयात  छन्दको प्रयोग गरीएको छ ।

प्रस्तुत कवितामा कवयत्री घिमिरेले प्राकृतिक सौर्न्दयसँगै उषाको उज्यालो खुलेको यस धर्तीमा पाइने खाद्यपदार्थ विभिन्न चाड पर्व मानिसको मनमा विलासी चाहना हुने गरेको भाव व्यक्त गरेकी छिन् । प्राकृतिक सौर्न्दयले भरिपूर्ण मौसम र फूलहरुको सौन्दर्यसँगै भएको चाडपर्वको आगमनले साथसाथै रहने रहर चहाना भएता पनि नेपालीहरुको महान चाड दिपावली सँगसँगै दैवले चुडेर लग्यो आफ्ना श्रीमानलनई भन्ने भावना व्यक्त गरेको पाइन्छ । कविमा विलासिताको चाहना नभएको उनले दिएका हरेक चीजवस्तु सम्हालेर ने राख्ने  भन्ने इच्छा व्यक्त गरिएको छ । यो कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.७  तिहारको शुभकामना

प्रस्तुत कविता आठ श्लोक र बत्तीसस पाउमा संरचित रहेको छ । यसमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ ।

नेपालीहरुको महान चाड तिहारलाई घिमिरेले महत्वपूर्ण चाड हो भनेकी छन् । यसले चेली र माइतीबीचको माया ममता आपसी सद्भाव कायम राख्ने र बढाउने काम गर्दछ । चारै जात अनेक वर्ण घर,गाउँ र समाजमा खुशीयाली छाउदा सप्तरङ्गी टीका , सयपत्री र मखमली फूलका माला,

खानाको परिकार जसले शान्ति र सद्भावना बाड्छ भन्ने भावना व्यक्त गरेकी छिन् । यसको साथै कविमा हुन गएको चोट , बज्र उनका हरेक चाहना इच्छा हृदयमा बल्झन्छन् । यस कवितामा मानिसहरु सबै एकै किसिमका नभएको ,गरीब जनमा दुःख,पीडा हुन्छ भन्ने भावना व्यक्त गरेको पाइन्छ । यस चाडले अनेक दुर्भावना कुबिचार र धमिलोलाई बदलेर प्रेम मेलमिलापको प्रत्यारोपण गरेर देशलाई उन्नति र सुख आनन्दले सबै जना जिउनु पर्छ भन्ने कुरा व्यक्त गरिएको छ । कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

**४.५.२.८ राष्ट्रियता**

प्रस्तुत कविता आठ श्लोक र बत्तीस पाउमा संरचित रहेको छ । यसमा मन्दाक्रान्त छन्दको प्रयोग गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले नेपालीहरुको मन हृदयमा बहुल जातजाती भाषा धर्म संस्कृतिले सजिएको मुलुक एउटा राष्ट्र हो नेपाल भन्ने भाव व्यत्त गरेकी छिन् । बिभिन्न भाषाहरुको देश, साझा थलो देशको निम्ति अमर योद्धाहरु छन् जसले रगतको खोलो बगाएर बेघर वेपत्ता भए, द्वन्द्वले गर्दा झुप्रो महल खरानी बनिए । आफ्नो परिवार विचल्ली भयो पति मर्दा सिंदुर पुछियो । टुहुरो भएर सत्तामा वस्नेहरु अधिपति भए भन्ने सोच चिन्तन सवैमा छ । यस्ता विपत्तिको कुराले राष्ट्रियतामा नै आधात पुगेको कुरालाई व्यक्त गरेको पाइन्छ । यहा जुन मानिस अरुको निम्ति लड्छ द्वन्द्व मच्चाउछ उसमा चिन्तन हुनुपर्छ भन्ने कुरा प्रस्तुत गरेको पाइन्छ ।

कुर्सी प्यारो अति छ सजिलो घुम्छ आनन्द साथै ।
पाए ऐले सब खुसी लाग्छ सानन्दमा नै ।
न्यानो मायँ सुखसयलले बस्न आराम साथ ।
अर्काको के गरीब दुखिमा आपसी राख्न चासो ।

(आमा, पृष्ठ १६ )

मानिसमा युद्धको लागि रगतको खोलो बगाउने र गोलीको पीडा बोक्ने विचल्ली भएका बीर योद्धाहरुको अविस्मरणीय क्षण व्यक्त गरेकी छिन् । सत्तामा आएकाहरु कुर्सी पाउँछन् तर गरीब दुखियाहरुको पीरमर्काप्रति खास चासो राख्दैनन् । त्यसैले कविले कविता मार्फत सबैलाई समेट्न आग्रह गरेकी छिन् । कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

**४.५.२.९ कोठीको व्यथा**

प्रस्तुत कविता दश श्लोक र चालीस पाउमा संरचित रहेको छ । यसमा वसन्ततिलका छन्दको प्रयोग गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले बेचिएकी चेलीको दुःख ,कष्ट ,रोदन, घायल भएर पासो भएर उजाड जिन्दगी व्यतित गरेको अवस्थालाई चित्रण गरेकी छिन् । वास्तवमा फूल जस्तो निर्मल स्वच्छ र वास्नाको पारिवारिक माया ममतामा रहेको जीवन उजाड , घायल भएको हरिण जस्तै दुष्टको पासोमा मृगको शिकार झै बन्नु पर्ने चिप्लो कुरा गरेर धूर्त बनी फसाउ“छ जसले चेलीको जीवन नर्क हुन्छ । भन्नेकुरा प्रस्तुत गरेकी छिन् । विभिन्न प्रलोभनमा फसाएर सुखको महसुस र आनन्दको सपना देखाएर अशिक्षित भएको फाइदा लुटछन भन्नेकुरा कविताबाट प्रस्तुत गरेको पाइन्छ ।

शिक्षा र चेत नहुँदा भ्रममा परेर ।
आफ्नो सधै गरिबको उपमा सुनेर ।
मीठो लिएर सपना घरवार छोडी ।
साथीहरु सब छुटे वनियो विदेशी ।

(आमा, पृष्ठ १८ )

गरिवीको खाल्डोमा रुमलिएको जिन्दगी जहाँ हरेक इच्छा र चाहनाहरु अधुरा नै पाइन्छन, आफ्नो विवशता जसबाट शिक्षा आर्जन गर्ने माध्यम नहुनु जहिले पनि दुःख को दलदलमा फसेर जीवन जीउन बाध्य हुनु जस्ता कारणहरुबाट दुष्टहरुले फाइदा लिन्छन् । विभिन्न सुख सुविधा वा मीठो सपना देखाएर घरवार छोडी वैदेशिक रोजगार हुन सहयोग गर्ने बाहना गर्दै दुःख दिइरहेका हुन्छन र उनीहरुलाई सपनाबाट सत्यताको गहिराइमा पुग्न सिंह जस्तो झम्टिन्छन् बल विहीन, विपत्तिमा , चिलले सिनो झैं रगत मासु लुटिन्छन् भन्ने भावना व्यक्त गरेकी छिन् ।

दीपको ज्योति भएता पनि कसैले पुकार सुन्दैनन् , उनीहरुलाई घिन लाग्दो व्यवहार र परिस्थितिको सामना गर्नुपर्छ , अगाडि बढ्नु पर्छ , हिम्मत राख्नु पर्छ, आफ्नो क्षमता र वलमा चट्टान झै र हिमाल झै अटल हुनुपर्छ भन्ने कुरा प्रस्तुत गरेकी छिन् । कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.१० खाडीमा नेपाली चेली

प्रस्तुत कविता सात श्लोक र अठ्ठाईस पाउमा संरचित रहेको छ । यसमा मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले मानिस आफ्नो बाध्यताले जिउनु पर्ने गाँस, बासको प्रबन्ध , भौतिक साधनको उपयोग जस्ता तत्वहरुलाई आवश्यक ठानी खाडी मुलुकमा गएर अर्थोपार्जन गर्ने चेलीको वास्तविकतालाई उजागर गरेकी छिन् । खाडी मुलुकमा महिला जान बाटो खुलेझै आफ्नो इच्छा, सहज कार्य सम्झेर देशमा काम गर्नुभन्दा विदेशमा जान इच्छा गर्दछन् । बेचिएको थाहा नहुने ,आँखाको छारो भिजिट भिसा चोरी वाटोको यात्रा पत्तो नपाउने , कमिसनमा बेचिएको कुरा थाहा नै नपाउने सोझसादा नारीहरुलाई खुल्ला मुलुक जाँदाहोस् या यहाँ रह“दा होस् चङ्ख रहनुपर्दछ भन्ने

सन्देश व्यक्त गरेकी छिन् । महिलाका अनुपस्थिति र वेचिएका आमाहरुको सन्तानको दर्दनात्मक अवस्थालाई कवितामा यसरी प्रस्तुत गरेकी छिन् ।

साना नानिहरु सब छुटे छोडिए वेसहारा ।
आमा ऐलै नवन करिया शुन्य भो गाँउ सारा ।
लाला बाला मधुर ममता वेदना साथ मेरै ।
पोख्यौ धेरै रगत पसिना ख्वै दिए दाम धेरै ।

(आमा, पृष्ठ २० )

आमाहरु एक मातृत्व बहनगर्ने क्षमता मात्र हेर्ने हरेक क्षेत्रमा अग्रज रहन्छन् ,साथ नभएर नानीहरु बेसहारा हुन्छन्, उनीहरु हरेक कुरामा वञ्चित हुन्छन्  शिक्षा दीक्षा जस्ताकुराहरुमा अपूरा रहन्छन् , आफ्नो माया ममता घटाएर गएता पनि रगत र पसिना  बगाएर पनि दाम दिईदैन भन्ने कुरा व्यक्त गरिएको छ ।  कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.११ आमाको माया

प्रस्तुत कविता सात श्लोक र अठ्ठाईस पाउमा संरचित रहेको छ । यसमा शालिनी  छन्दको प्रयोग गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले आमाको ममता दिव्य उपदेश निर्स्वाथ भावना भएकी ज्ञानको ज्योति फैलाएर आफ्नो सन्तानलाई सत्तमार्गमा निर्देशन गर्ने व्यक्ति हुन् भन्ने कुरालाई व्यक्त गरेको पाइन्छ । आफ्नी आमा सदैव पुज्य हुन्छिन् , आमाले नै हुर्काउने र बढाउने , मीठो बोलीदेखि विभिन्न शिक्षादीक्षा दिने दिलाउने , राम्रो स्यार गरी हुर्काउने , मीठो मसिनो जस्तो हुन्छ खुवाउने आदि काम गर्दै हरेक क्षण सन्तानको भलाइ र सुखद भविष्यको कामना राखेकी हुन्छिन् भन्ने कुरा कवितामा प्रस्तुत गरेको पाइन्छ ।

छोरा छोरी कर्ममा नित्य लागून
तिम्रो आशा ज्ञानको दीप बालुन ।
भन्दा भन्दै जीवनी वित्छ नौलो ।
झर्ना जस्तो वैश गैगो सुनौलो ।

(आमा, पृष्ठ २१ )

कवितामा आमाले सदैव उज्वल भविष्यको कामना गरेकी हुन्छिन् । आफ्ना छोरा छोरी सही कर्ममा लाग्न सदैव राम्रो होस भन्ने आश गर्दागर्दै बुढो अवस्था हुन्छ , जीवनी वित्छ, वैस वैलिएर जान्छ । रोगी वृद्ध अवस्थाले छुन्छ तर पनि आमा बालवच्चालाई सत्मार्ग हिड्ने सपना देखि रहन्छिन्

भन्ने भाव कवितामा व्यक्त गरेको पाइन्छ । कविता आन्तरिक दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.१२ शिथिल इन्द्रिय र आमा

प्रस्तुत कविता आठ श्लोक र बत्तीस पाउमा संरचित रहेको छ । यसमा शालिनी छन्दको प्रयोग गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले आफ्नी आमा साथमा नहुँदा आमाको चम्किलो मुहार बुढेसकाल भएको अवस्था कालो केश फुलेर सेतै मोती जस्ता दाँत पनि सबै झरिसकेको , हातपाउ बसेको , आवाज नसुन्ने,साहारा चाहिने अवस्था र माया गर्ने हातहरु नथामिने भएको सारा देह दुर्गन्ध, बेग्लै ओछ्यान, सन्ततिको साथ छैन श्रद्धा, माया र भाग्य जुन शिथिल बन्दै गएको छ भन्ने भावना व्यक्त गरेकी छिन् । हरेक समय र परिस्थितिसँग सामना गर्दै आफ्नो जीवन जिउनु पर्ने वाध्यात्मक अवस्थाको घटनालाई प्रस्तुत गरेको पाइन्छ । कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ

### ४.५.२.१३ नारी सङ्घर्ष

प्रस्तुत कविता छ श्लोक र चौबीस पाउमा संरचित रहेको छ । यसमा इन्द्रबज्रा छन्दको प्रयोग गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले कविता मार्फत नारीले गरेका संघर्षपूर्ण योगदानको चर्चा गरेकी छन् । नारी पीडा र हिंशा सहेर वस्नभन्दा तारा, अहिल्या,द्रौपदीको संघर्षको इतिहास हाम्रो हो भनी सम्झिएकी छिन् । विभिन्न किसिमका संघर्ष गर्दा नारी इतिहासको चर्चा गर्दै तिनै ऐतिहासिक सीता, गर्गी,पासाङ्ल्यामु , भृकुटीको चर्चा गर्दै सेवा गराइ पतिधर्मी मान्ने स्वतन्त्र अस्तित्व कतै नगन्य हुनुहुदैन भन्ने भाव व्यक्त गरिएको छ । नारी र पुरुष बराबरी हुनुपर्छ । नारी र पुरुष एक रथको दुई पाङ्ग्रा हुन् । एक्लै चल्दैन नारी बिना यात्रा अधुरोनै हुन्छ । अस्तित्व आफै रोज्नु पर्छ । आवाज उठाई अगाडि बड्न आह्वान गरेको पाइन्छ । यसरी नारीको महत्व कविता मार्फत प्रस्तुत गरिएको छ ।

वत्ती बालेको छ शिखा बनेर ।
कालो छायाँ भित्र प्रकाश हेर ।
दासत्वको नेल अझै छ बाँकी ।
औजार बोकौ सुविचार राखी ।

(आमा, पृष्ठ २३ )

यसरी कविता मार्फत नारीले बिहोर्नु पर्ने वाध्यात्मक परिस्थितिलाई प्रस्तुत गरेको पाइन्छ । बत्तीको उज्यालो झै आफू अरुलाई प्रकाशको उज्यालो छर्छिन् ,उज्यालो दिन्छिन् यस्तो व्यक्तित्वमा पनि दासत्वपन अझै छ ,उनीहरुलाई बोझ र अन्यायले थिचेको छ । आफूमा भएको कला कौशलले

अगाडि बढ्नु पर्छ भन्ने भावना व्यक्त गरिएको छ । कविता बाह्य दृष्टिबिन्दुमा संरचित छ साथै कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.१४ नारी स्वतन्त्रता

प्रस्तुत कविता छ श्लोक र चौबीस पाउमा संरचित रहेको छ । यसमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले नारी स्वतन्त्रता हुनु पर्ने कुराको भाव व्यक्त गरेकी छन् । नारी पुज्य हु"दा समस्त जगतको नेतृत्व बहन गर्ने बंशको पहिचान आमा नै हुन् । उनको स्वतन्त्रता कायम हुनुपर्ने तर खेती वा पशुको स्यारसुरमा व्यतित रहनु पर्ने कुरा व्यक्त गरेको पाइन्छ । नारीले विभिन्न कुरामा अगाडि बढ्नु पर्छ अनि छरछिमेक, समाज र राष्ट्रको निमार्ण हुन्छ भन्ने कुरालाई कवितामा यसरी प्रस्तुत गरिएको छ ।

नारी होइन स्रोत साधन कुनै हैनै निजी सम्पति ।
तिम्रो सीप कला विकास क्षमता हो राष्ट्रको सम्पति ।

(आमा पृ २९)

यसरी नारी एक स्रोतको साधनमात्र होइन जुन निजी सम्पति जस्तो । नारी एक त्यस्तो व्यक्ति हो जसको सीप कला र क्षमता राष्ट्रका सम्पत्ति हुन् । रष्ट्रको निम्ति केही गर्ने क्षमता हुन्छ । आफ्नो मातृत्व बहन गर्ने वालवच्चा रेखदेख गरेर व्यवहार गर्न सक्ने आँट,बल,तागत मात्र नभएर हुन्छ मुलुक निमार्ण गर्ने दक्ष व्यक्ति समेत हुन् भन्ने भावना प्रस्तुत गरेको पाइन्छ । बाह्य दृष्टिबिन्दुमा संरचित कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.१५श्रद्धान्जली

यसमा मन्दक्रान्ता छन्दको प्रयोग गरिएको छ । साथै कविता आठ श्लोक र बत्तीस पाउमा संरचित रहेको छ ।

यस कवितामा कवयत्री घिमिरेले समाजसेवी जगतबहादुर लाप्चाको स्मृतिमा उनको जन्म थलोको चर्चा गर्दै श्रद्धान्जली दिने भावमा रचना गरिएको पाइन्छ । इलाम जिल्लाको अन्तु शिखरलाई पूर्वको उच्च शान र भौगोलिक ,प्राकृतिक रमणीय स्थल भनी व्यक्त गरेकी छिन् । प्राकृतिक सौन्र्दयले सजिएको सल्लाघारी डाडा पाखा विविध घरले एकता भएको ठाउ शिक्षा सेवा पाठशाला बाटो घाटो पुलको व्यवस्था मिलाउने, कीर्तिकायम गर्ने व्यक्ति जसको चर्चा गाउँलेहरु गर्दछन् । सदैव सेवाको भावना राखी लाप्चा भाषाको संरक्षण एक ससक्त व्यक्ति जो एक सहाराको धनी हुन । गरीवहरुको कल्याण गर्ने कृषकहरुको संस्थाा सहयोगी व्यक्ति हुन यस्तो व्यक्ति ले समाज गाँउ र राष्ट्रको विकास गर्दछन भन्ने कुरा कविता मार्फत प्रस्तुत गरेको पाइन्छ ।

धेरै ल्यायै पदकहरु ती मान सम्मान पायौ ।

सारा गाउँ घर र परको काम साझा बनायौ ।
गर्लान तिम्रा अनुजहरुले काम बाँकी रहेको ।
बस्नु वासै हिम शिखरमा दिन्छु श्रद्धानजली यो ।

(आमा, पृष्ठ ३१ )

विभिन्न किसिमका कार्यहरु गरी समाजलाई साझा बनाई उन्नति प्रगतिको पथमा पुऱ्याएर विभिन्न मान सम्मान प्राप्त गरेको यस्ता किसिमका व्यक्ति सधै प्रशंसनीय हुन्छन । उनको वास हिमशिखरमा रहोस् श्रद्धान्जली यस्तो बनोस् भन्ने भाव प्रस्तुत गरेको पाइन्छ । द्वितीय पुरुषको प्रयोग गरी संरचित कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

**४.५.२.१६ महिला जनप्रतिनिधिलाई आह्वान**

यसमा मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । साथै कविता छ श्लोक र चौबीस पाउमा संरचित रहेको छ ।

यस कवितामा कवयत्री घिमिरेले कर्मठ महिलालाई मुलुकको नेतृत्व पाएका जागरी हातहरुलाई अघि बढ्न र यो राष्ट्र हाक्न आह्वान गरेकी छिन् । नौलो यात्रा प्रगतिपथको योजना सदा र सरल जीवनको साथै कलाले राष्ट्रलाई सजाउन अनुरोध गरेको पाइन्छ । नारी भोका नाङ्गालाई भोजन र कपास, पूर्जाको आस्था, सत्तकर्म राष्ट्रको सिपाही स्वावलम्वी रोजगारी सामर्थ्यशाली जगतकी योजनाकार, प्रतिभाशाली व्यक्तित्व हुन् , महिलाहरु बाचा गरी विश्वास र साधनाले अगाडि वढ्न प्रण गरुन् भन्ने भावना व्यक्त गरेको पाइन्छ । नारी ममताकी खानी हुन् । उनले हरेक बाधा र अडचन खपेर पनि आफ्नो कतर्व्य वहन गरेकी हुन्छिन् भन्ने कुरा कवितामा प्रस्तुत गरेको पाइन्छ ।

लाटा सोझा दलित टुहुरा घाइते छन् अपाङ्ग ।
रोगी पाका गरिब विधवा जात सारा र साङ्ग ।
सारालाई अटुट ममता दृष्टि चोखो अपार ।
राख्दै जाऊ प्रगति पथमा दिन्छु यो पुष्पहार ।

(आमा, पृष्ठ ३३ )

आफ्नो कर्तव्य बहन गर्न हरेक क्षेत्रमा पनि पछि हट्दिनन् , लाटो सोझो जस्तो भएता पनि माया र ममतामा राख्छिन् , रोगी र असहायलाई साहारा दिनु , अटुट मायाले समेट्नु जस्ता भावना नारीमा हुन्छन् जसको स्वच्छ भावनाले गर्दा प्रगति उन्नति हुदै जान्छ भन्ने धारणा प्रस्तुत गरेको पाइन्छ । यस कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरी संरचित कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.१७ आमाको माया ,वाल श्रम र डलरको खेती

यस कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । साथै कविता आठ श्लोक र बत्तीस पाउमा संरचित रहेको छ ।

यस कवितामा कवयत्री घिमिरेले न्यानो काख पाएका बालवच्चाहरु ऋाफ्ना साथमा हु“दा खुसी भएका हुन्छन् भने आमा परलोक भएपछि प्यारो काख गयो ,आमा सम्झ“दा आँसु झरिरहन्छ, माया ममताको अभाव हुन्छ । विभेद, झगडा र विवेकहीनता सहनुपर्ने र पढाइवाट पनि बञ्चित हुनुपर्छ ,बालश्रमिक भएर सडकमा यात्री बटुल्न पर्ने अवस्था सिर्जना हुन्छ । आमाको अभावमा बालवच्चाले भोग्नु परेको पीर ब्यथा यसरी प्रस्तुत गरेको पाइन्छ ।

छानो एक आकाशको घर भए पेटी र गल्लीहरु ।
सैया एक विझउने सडकको छन् धेर साथी अरु ।
नाङ्गो ठाँउ चिसो बतास मुटुमा छेडेर मुर्दा हुने ।
पानी गन्ध हिलो धुलो अनि धुवाँ साथै यसै हेलिने ।

(आमा पृ ३५)

आमा नहुँदाको अवस्थामा बालवच्चाहरु असहाय बनेर पेटी र गल्लिमा भौंतारिनु पर्ने, सडकमा जीवन विताउनु पर्ने , नाङ्गो चिसो बतासमा दिन र रात गुजार्नु पर्ने, खानाको अभाव अस्वस्थ भई दुःखसँग बाँच्नु पर्ने अवस्था आउँछ भनेर चर्चा गरिएको छ ।

त्यसैले पाँचौ श्लोकदेखि मन्द्राक्रान्ता छन्दमा रचना भएको कवितामा पनि बालक एक सहानुभूतीको आवश्यकता भएको व्यक्ति हुन् जसलाई सहारा चाहिन्छ । माया ममता नभएको खण्डमा नानहिरुले दामको खोजीमा श्रम गर्नुपर्ने, , आत्मा वेच्नु पर्ने, निमुखा भएर बाँच्नु पर्ने बाध्यतालाई प्रस्तुत गरेको पाइन्छ । वैदेशिक रोजगारमा जाँदा पनि बाल मष्तिष्कमा असर पर्छ भन्ने भाव प्रस्तुत गरिएको पाइन्छ । आफ्नो देशमा पसिना बगाउनु पर्छ भन्ने भाव प्रस्तुत गरिएको छ । पैसाले प्यारो सुखसयल लामो रहदैन, बालपहुच हुन्जेल सम्म मात्र हुन्छ । आफ्ना बालवच्चालाई साथमा राखी सधै पालन पोषण गर्नु उचित हुन्छ भन्ने भाव यस कविता मार्फत यसरी प्रस्तुत गरिएको छ ।

साना नानी अवसर भए ज्ञान विज्ञान सिक्छन ।
ज्ञानी मानी अटल प्रतिभा प्रेरणा पुञ्ज बन्दछ ।
माया राखी अटुट ममता हौसला देउ प्यार ।
बन्छन् राम्रा अनुपम ठुला देशका कर्णधार ।

(आमा पृ ३६)

प्रस्तुत कवितामा नानीहरुले अवसर पाएपछि उनीहरु ज्ञान र विज्ञानका भण्डार हुन्छन् ,अटल प्रतिभा भएका हुन्छन् । राम्रो माया ममता र प्रेरणाले गर्दा उनीहरुको भविष्य उज्वल हुनुका

साथै देशलाई हाक्न सक्ने देशका कर्णधार हुन्छन् भन्ने भाव प्रस्तुत गरेको पाइन्छ । यस कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरी संरचित कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.१८ विधवा र सामाजिक विभेद

यस कवितामा शार्दूलविक्रीडित  छन्दको प्रयोग गरिएको छ । साथै कविता चार श्लोक र स्रोह्र पाउमा संरचित रहेको छ ।

यस कवितामा कवयत्री घिमिरेले विधवामाथि हुनेगरेका विभेदको चर्चा गर्दै जन्मिदा र मर्दा एक्लै हुने प्रवृत्तिको खेल हो भन्ने भाव व्यक्त गरेकी छिन् । विधवा एक अशुभ हुन्, साइत विग्रन्छ बाटोमा भेट्दा तर विदुर हुँदा चाहिं विभेद सहनु नपर्ने, विधवा नारी हुँदा चाहिं  अनेक प्रकारका अन्याय सहनु पर्छ, निमुखा गरीब हुँदा बोक्सी भई दण्डीत हुनु पर्ने बाध्यता  र छोरा र छोरीमा सामाजिक विभेद छोरा जन्मिए कुलको चिरात छोरी जन्मे पराइकी हुने भन्ने भावना रहेको पाइन्छ । यही विभेदको कारण नै महिलाले बिधवा हुँदा पनि शोषण ,अन्याय , अत्यचार र सामाजिक विभेद सहनु पर्दछ भन्ने कुरा चर्चा गरेको पाइन्छ । यस कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरी संरचित कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.२.१८ तिमीलाई अर्को पत्र

यस कवितामा शार्दूलविक्रीडित  छन्दको प्रयोग गरिएको छ । साथै कविता दश श्लोक र चालीस पाउमा संरचित रहेको छ ।

यस कवितामा कवयत्री घिमिरेले गाउँ वस्तीमा उज्यालो ल्याउने जगतमा सुगन्ध छर्ने आफ्नै पौरखी आमा पनि शिक्षाको ज्योति छर्न अघि बढ्थिन् , आफूलाई सत्तकर्ममा अगाडि हिडाउथिन् तर आमा समय र परिस्थितिले रोगले गाजेसँगै जीर्ण वन्दैगएको अवस्थामा उपाय  खोज्न सक्दैन डाक्टर र विशेषज्ञ भएता पनित्यसैले आमाको माया ममता बाडनु पर्ने भन्ने भाव प्रस्तुत गरेको पाइन्छ । शल्यक्रिया गरेर फाले पनि अर्काको भरमा हुदैन स्याहार सम्मान माया र ममता दिई कसले गर्दछ प्यार विभिन्न पिर व्यथा भएता पनि आफ्नो यौवन  अवस्था विताएको, विभिन्न अभावको कारणले गर्दा उजाड वस्ती वनाई युवाहरु घर शून्य बनाई रोगी र पाकाहरु मात्र भएको  घरको व्यथा विभिन्न भाषा , भेष,भुषा र संस्कृति प्राण भन्दा प्यारो छन् आफ्नो सारा मुल्य र मान्यता छोडेर समाज छाडा पनले भत्किएको  छ , भष्टाचार , अत्याचार, हिंशाले, ग्लानि निरास भएको छ भनी चर्चा गरेको पाइन्छ । हरेक समस्याको समधान गर्न दुई व्यक्तिको आवश्यकता हुन्छ  । एक्लो जीवन विताउन असहज हुन्छ भन्ने कुरा कविता मार्फत प्रस्तुत गरेको पाइन्छ ।

एक्लो जीवन आँसुले छ जरुवा पानी वगेको सरी  ।
अस्ताए रविचन्द्र जीवन भयो कालो अँधेरो कति ।

यात्रा हुन्छ रमाईलो गजवको गन्तव्य टाढा हुदाँ ।
दो पाङ्ग्रा रथका हुँदा सरल थ्यो चल्दैन यौटा हुँदा ।

(आमा पृ ३९)

यस कवितामा एक्लो जीवन विताउन गाह्रो हुन्छ । आँसुले पानी बगेझै भिजाउँछ । अस्ताएको रविचन्द्र जस्तै कालो अध्यारो छाउँछ । यात्रा पनि सहज हुन्थ्यो एक रथको दुई पाङग्रो हुँदा। एक्लै हुँदा गाह्रो हुन्छ भन्ने भावना प्रस्तुत भएको पाइन्छ । यसरी नै समाजमा रहेका कति कुरालाई मासे पनि मासिदैन लेखेर पनि साध्य हुदैन, दःख कष्ट विताउदै सन्ततिसँग साथमा रहन्छु र सम्भनाको हार चडाउदै आशिष मागेको कुरा व्यक्त गरिएको छ । प्रस्तुत कवितामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरी संरचित कवितामा सरल सहज र सुबोध्य भाषाको प्रयोग भएको छ ।

### ४.५.३ छन्दका आधारमा

कवयत्री टीका घिमिरेका कविताहरु छन्दोबद्ध रुपमा रहेका पाइन्छन् । उनको "आमा " कविता सङ्ग्रहमा ८ वटा छन्दको प्रयोग गरेको पाइन्छ ।

### ४.५.३ .१ शार्दूलविक्रीडित छन्द

यस कविता सङ्ग्रहमा धर्ती माता,आमा,दशै तिहारको शुभकामना नारी स्वतन्त्रता आमाको माया वाल श्रम र डलरको खेती , विधवा र सामाजिक शार्दूलविकीडित विधवा र सामाजिक विभेद, तिमीलाई अर्को पत्रमा प्रयोग गरिएको छ । साथै आमाको माया वालश्रम र डलरको खेतीमा एकदेखि चार श्लोक सम्म प्रयोग गरिएको छ । यस छन्दमा १९ वटा अक्षरहरु हुन्छन । बाह्रौ र सातौ अक्षरमा अडान र विश्राम हुन्छ । शार्दूलविकीडित छन्दमा म. स. ज. स. त. त. गु. गण रहेका हुन्छन् ।

धर्ती सुन्दर शान्त साथ रविको साभ्का सुनौलो घर ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म. | स. | ज. | स. | त. | त. | गु |
| SSS | IIS | ISI | IIS | SSI | SSI | S |

( आमा पृ. १)

### ४.५.३ .२ शिखरिणी छन्द

यस कविता सङ्ग्रहमा विदाइ,कवितामा शिखरिणी छन्दको प्रयोग गरिएको छ । यस छन्दमा १६ अक्षरहरु हुन्छन । ६ अक्षरमा विश्राम हुन्छ । शिखरिणी छन्दमा य म न स भ ल गु गण रहेका हुन्छन ।

बुहारी अर्काकै भनिकन  पठाएर घरमा

य  म  न  स  भ  ल  गु

ISS  SSS  III  IIS  SSI  I  S

(आमा पृ ३)

### ४.५.३ .३ तोटक

यस कविता सङ्ग्रहमा तोटक छन्दको पनि प्रयोग गरिएको छ । यस छन्दमा १२ अक्षरहरु हुन्छन । छैटौ अक्षरमा विश्राम हुन्छ । यस छन्दमा ४ स स ग ण हुन्छन ।

स  स  स  स

परिवार  समाज र देशभरी

ISS  ISS  ISS  ISS

स  स  स  स

### ४.५.३ .४ भुजङ्गप्रयात छन्द

यस कविता सङ्ग्रहमा गुमेको मोती कवितामा भुजङ्गप्रयात छन्दको प्रयोग गरिएको छ । यस छन्दमा ४ य गण हुन्छन । यो छन्द सङ्गीतमा पनि प्रयोग हुन्छ ।

उषाले उज्यालो छरी वारि पारी

य  य  य  य

ISS  ISS  ISS  ISS

(आमा पृ १३)

### ४.५.३ .५ मन्दाक्रान्ता छन्द

यस कविता सङ्ग्रहमा राष्ट्रियता, खाडीमा नेपाली, श्रद्धानजली,महिला जन प्रतिनिधिलाई आह्वान,आमाको माया, वालश्रम र डलरको खेतीमा पाँचौ श्लोकदेखि आठौ श्लो सम्म  मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको पाइन्छ । यस छन्दमा १७ अक्षर हुन्छन भने ४, ६ ७ मा विश्राम  हुन्छ ।

ऐले साडी मुलुक महिला जाने वाटो खुलायो

म  भ  न  त  त  गु  गु

SSS  SII  III  SSI  SSI  S  S

(आमा पृ २१)

### ४.५.३ .६ वसन्ततिलका छन्द

यस कवितासङ्ग्रहमा कोठीको व्यथामा, बसन्ततिलका छन्दको प्रयोग गरिएको छ । यस छन्दमा १४ अक्षरहरु हुन्छन । यसको ८ अक्षरमा विश्राम हुन्छ ।

सोनाखरी वनभरी ढकमक्क फुल्छ ।

त भ ज ज गु गु

SSI SII ISI ISI S S

(आमा पृ १८)

### ४.५.३ .७ शालिनी छन्द

यस कविता सङ्ग्रहमा आमाको माया र शिथिल इन्द्रिय र आमा मा यस छन्दको प्रयोग गरिएको छ । यस छन्दमा ११ अक्षरहरु हुन्छन । यसको ४ अक्षरमा विश्राम हुन्छ ।

म त त गु गु गण रहेका हुन्छन ।

आमा तिम्रो चम्किलो छैन आमा ।

म त त गु गु

SSS SSI SSI S S

(आमा पृ ३५)

### ४.५.३ .८ इन्द्रबजा छन्द

यस कवितासङ्ग्रहमा नारी संघर्षमा , इन्द्रबजा छन्दको प्रयोग गरिएको छ । यस छन्दमा ११ अक्षरहरु हुन्छन । यसको ५ अक्षरमा विश्राम हुन्छ ।

त त ज गु गु गण रहेका हुन्छन ।

नारी तिमीलाई हुने गरेका ।

त त ज गु ग

SSI SSI ISI S S

(आमा पृ २७)

### ४.५.३ .८ आमा छन्दोबद्ध कविता सङ्ग्रहको निष्कर्ष

यस कविता सङ्ग्रहमा १९ वटा कविताहरु रहेका छन् । सबै कविताहरु छन्दोबद्ध रुपमा रचना गरिएका छन् । विविध विषयवस्तु तथा भाव समेटेको यस सङ्ग्रहको भाषशैली भने सरल,सहज,सुबोध्य रहेको छ ।

आमा कवितासङ्ग्रहमा भिन्न विषय वस्तु र भिन्न प्रकृतिको सिर्जना हो । यस सङ्ग्रहले महिलाहरुको हृदय र पीडा बोकेको महिलालाई घच्घच्याएको उठ्न लगाएको, आँखा खोल्न लगाएको

छ । जन्मकाल देखि आजीवन देखिने महिलाहरुको व्यथा, पीडा, अन्याय, विभेद र विसङ्गतिहरु विभिन्न शीर्षक कविताहरुमा बोलेका छन् । समस्याहरु मात्र नभएर समस्याका कारण्कतत्वहरु त्यसबाट उन्मुक्ति पाउनका लागि महिला दिदी वहिनीहरुले अवलम्वन गर्नु पर्ने मार्ग बताइएको छ । साथै हेपिएका कब्ज्याइएका, बेचिएका, विदेशिएका र बलात्कृत भएका नारीहरुलाई आफ्नो उन्मुक्तिका लागि, समानताका लागि,सामाजिक उत्थान , स्वधीनका लागि संघर्ष गर्नुपर्छ भन्ने आह्वान गरिएको छ ।

## ४.६ पूर्वको स्वर्ग इलाम छन्दोबद्ध कविता सङ्ग्रह (२०७५) मा सङ्ग्रहित कविताको अध्ययन

### ४.६.१ परिचय

टीका घिमिरेद्वारा रचित तेस्रो "कविता सङ्ग्रह पूर्वको स्वर्ग इलाम" कविता कृति हो । यस कवितासङ्ग्रहमा अधिकांश कविताहरुले इलाम जिल्लाको कृषि, पर्यटन, प्रकृति समाज अर्थ राजनीति साहित्य र साहित्यकार आदिको चित्रण गरिएको छ । यस कवितासङ्ग्रहमा २७ वटा कविता रहेका छन् । व्यावहारिक पक्षको आयामलाई पनि छुदै जीवन स्तरलाई सुधार्न र गति दिनमा प्रत्यक्ष र परोक्ष दुबै पक्षलाई समेटेको पाइन्छ । कविताहरु सबै वार्णिक छन्दमा छन् । यस कविता सङ्ग्रहमा शार्दूलविक्रीडित, शिखरिणी, तोटक भुजङ्गप्रयात, मन्दाकान्ता, वसन्ततिलका, इनद्रबज्रा, स्रग्धरा,शालिनी, उपजाति, आदि छन्दको प्रयोग भएको पाइन्छ । विषय वस्तु भाव र छन्दका आधारमा 'पूर्वको स्वर्ग इलाम' कविता सङ्ग्रहमा भएका कवितालाई निम्न अनुसार हेर्न सकिन्छ ।

### ४.६.२ विषय वस्तु र भावका आधारमा

#### ४.६.२.१ पानी

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । यो कविता छ श्लोक र चौबीस पाउमा संरचित कविता हो ।

यस कवितामा पानी जीवनको महत्वपूर्ण र अति आवश्यक तत्व हो, प्रकृतिमा दुष्कर्म बढ्यो सुख्खाहुदै जलको भण्डार प्राकृतिक सौन्दर्यको ह्रास सधै प्रकृतिमा दुष्कर्म बढ्यो सुख्खा हुदै जलको भण्डार घट्यो जब जगतमा पानी कम हुन्छ जीवनस्तर गाँह्रो हुन्छ। पानी अमृत हो पानि विना कुनै जीव जन्तको अस्तित्व हुदैन जडिबुटी हो प्राणको रक्षक हो। त्यसैले यस्तो अमूल्य औषधिलाई सफा राख्दै वृक्ष रोपण गरौ धारा पधेरा सधै सफा राखौ जुन हाम्रो जीवनको बहुमुल्य सम्पत्ति हो । पानीबाट पढाउदा घर घरमा शिक्षा प्राप्त भई सुन्दर स्वच्छ र सुखी गाउँ बन्छ भन्ने भाव व्यक्त गरेकी छिन । प्रस्तुत कविता वाह्य दृष्टि विन्दुको प्रयोग भएको पाईन्छ, भाषाशैली सरल र सुवोध्य छ ।

### ४.६.२.२ "पूर्वको स्वर्ग इलाम"

प्रस्तुत कविता शार्दूलविक्रिडित छन्दमा रचना गरिएको छ । यसमा छ श्लोक र चौविस पाउहरुमा संरचना गरेको पाईन्छ ।

यस कवितामा कवयत्री घिमिरेले नेपालको महाभारत श्रृङ्खला नजिक रहेको इलाम स्वर्गको एक टुक्रा हो भन्ने भाव यस कविता मार्फत प्रस्तुत गरेकी छिन इलाम एक प्रकृतिको वरदान हो , स्वच्छ हावा, टलक्क टल्किने चुचुरा, सौन्दर्यले भरिपूर्ण विभिन्न रमणीय स्थानहरु धार्मिक मठमन्दिर, विभिन्न कला धर्म संस्कृति साहित्य र साहित्यिक दृष्टाको जन्म स्थान भन्ने कुरा प्रस्तुत गरेको पाईन्छ। इलाम एक कृषि क्षेत्रमा अर्थात नगदेवाली 'अ' को आधारमा चिनिने छुट्टै पहिचान बोकेको भेषभुषा संस्कृति अंगालेको दृष्य विभिन्न जात जातिहरुको बसोबास साहित्य साधक, पारखीहरु रहेको र शैक्षिक क्षेत्रमा अव्वल रहेको जिल्ला हो। यस कवितामा सरल भाषा शैलीको प्रयोग गरिएको छ। बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ।

### ४.६.३.३ "प्यारो सधै सुन्दर वाल्यकाल"

प्रस्तुत कविता उपजाति छन्दमा रचना गरिएको छ । यस कवितामा पाँच श्लोक र बीस पाउ रहेका छन् ।

यस कवितामा कवयत्री घिमिरेले आफू वाल्यकालमा रहँदा स्वछन्दता पाएको , सधै स्वच्छ र सुन्दर सौम्यकालमा वाल्यकाल वितेको अनुभव व्यक्त गरिएको पाइन्छ । सानो हुँदा सबैको प्यारो बन्दै न्यानो माया ममता पाएका , बाल्यकालमा नाचगान गर्दै घरमा खुशी भएको क्षण , दशै तिहार तीज जस्ता चाडपर्वहरुमा नयाँ गीतको सृजना  गर्दै आफ्ना भावना व्यक्त गर्दै विताएको , प्राकृतिक सुन्दरता र फलफूल टिप्दै  फ्याँक्दै रमाइलो गर्दै प्रेम, भावना र आफ्नै नव सिर्जना गरेको प्यारो वाल्यकालको सम्झना गरेको पाइन्छ ।

यस कवितामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । भाषा शैली सरल र सहज रहेका छ न्

### ४.६.२.४ 'प्यारो बस्ती'

यस कवितामा इन्द्रबज्रा छन्दको प्रयोग गरिएको छ । यो कविता सात श्लोक र अट्ठाईस पाउमा संरचना भएको छ ।

यस कवितामा कवयत्री घिमिरेले आफ्नो वस्तीको महिमा गाउँदै सुखी स्वस्थ्य खाना र स्वच्छ पानी हुने खेतीकमाइ , ताजा फलफूल र स्वाच्छ हावा , विभिन्न सीप आवश्यक पर्ने पेशा  गुन्द्री , पेचा , गजरा बुनेर र नाम्ला र दाम्ला बाटेर बेची रुपयाँ कमिन्थ्यो सन्तोषको जीवन जीउन पछौटेपन

छोड्न पर्दछ , नौलो कार्य गर्नुपर्दछ  भन्ने भावना व्यक्त गरिएको छ । विभिन्न बाजा मुरली , बिनायो तबेलाको धूनसँगै लोकभाका गुन्जिन्छ र सफा सुन्दर पाखा पखेरामा रमिता लाग्ने हजारौं वस्तुहरु र बिभिन्न मन्दिरले सजेको , सौन्दर्यले नया पालुवाको आगमन गर्दै प्यारो वस्तीको उद्घाटन गर्दछ भन्ने विचार प्रस्तुत गरेको पाइन्छ

यस कवितामा बाह्य दृष्टि विन्दुको प्रयोग भएको छ र भाषा सरल र सहज रहेको पाइन्छ।

**४.६.२.५. 'मोतीलाई शब्दहार'**

प्रस्तुत कविता मन्द्राक्रान्ता छन्दमा रचना गरिएको छ । यस कवितामा चार श्लोक र चौबीस पाउ रहेको छन् ।

यस कवितामा कवयत्री घिमिरेले साहित्यकार मोतीराम भट्टको १५२ औ जयन्तीको अवसरमा लेखेकी हुन् जसमा प्यारो र सरस भाषामा कविता लेखन छन्दको रुपमा भाका हाली लयक्रममा झल्किएका भानुभक्तसँगै मोतीरामको आगमन भएको कुरा व्यक्त गरेकी छिन् । मोतीराम भट्टको शब्दहारमा यसरी प्रस्तुत गरेकी छिन

नेपाली भाषामा रहेको अमूल्य योगदान अझ अमर छ र गाइन्छ पनि  यो धरामा ।
गाउँ बस्ती रनवन नदी छालमा कन्दरामा ।
राम्रो मीठो विविध लयले गुन्जिए स्वर हाली ॥
ऐले सम्मन गजलहरुले छर्छ माधुर्य लाल ।
('पूर्वको स्वर्ग इलाम', पृ.३३)

नेपाली साहित्य जगत्मा एक चहकिला साहित्यकार मोतीराम भट्ट हुन् । उनले लेखौट युगबाट छापा युगको स्थापना गराएका थिए । उनी नेपाली भाषासेवी र सरल छन्दमा कविता लेख्ने व्यक्तित्व हुन् भन्ने भावना प्रस्तुत गरेको पाइन्छ । भानुभक्तलाई घाँसीको प्रेरणाबाट यस जगत्मा चिनिएको वा साहित्य सिर्जना भएको र नेपालीहरु घरघरमा भाका फिजाई गजल र बासुरी खैजडीको तालमा युगयुगसम्म दिव्य किर्तीगाथा गाइरहेको राखेका हुन । उनलाई श्रद्दा सुमन दिव्यहार सकौ कविताको छन्द सहित शब्दहार भनी कवितामा प्रस्तुत गरेको पाइन्छ ।

कविता सरल भाषामा लेखिएको छ र बाह्य दृष्टिविन्दुको प्रयोग छ ।

**४.६.२.६ 'इलाममा फूलको सौन्दर्य'**

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । छ श्लोक र चौविस पाउमा संरचना भएको पाइन्छ ।

यस कवितामा कवयत्री घिमिरेले इलाम जिल्लामा फूलको सौन्दर्य प्राकृतिक सुन्दरता रमणीय स्थानहरु विभिन्न जातका फूलको रङ्गले भरिपूर्ण छ भनेर प्रस्तुत गरेकी छिन ।

कौशिमा ढकमक्क फूल्छ रमिता बारी करेसा भर
बेचिन्छन् विरुवा र फूल महंगा टार्दै गुजारा भर
दैलो झ्याल सजिन्छ फूलहरुको माला अटाली भर ।

फूल वास्तवमा ढकमक्क फूल्दा रमिता लाग्दो सौन्दर्यले भरिफूर्ण हुन्छ । विरुवा र फूलहरु बेचेर आय आर्जन गर्न सकिन्छ । जसको आँगनमा फूलेको देख्दा झिलीमिली र सुगन्धले उज्यालो बनाउछ । विभिन्न जातजातिका फूलहरुको सुन्दरताले शिखर उज्यालो भएको छ । गुलाब घरको सुन्दर फूल हो भने जङ्गलमा गुराँस चाप सर्पगन्धा जस्ता फल जसले सुवास्ना छर्दछ भन्ने भाव वर्णन गरेको पाइन्छ ।

### ४.६.२.७ 'सोयाङमा तरकारी खेती र क. पुष्पलाल'

प्रस्तुत कविता वसन्ततिलका छन्दमा रचना गरिएको छ । यस कवितामा चार श्लोक र सोह्र पाउमा रचना गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले सोयाङ बसेर कमरेड पुष्पलालले तरकारी खेती सञ्चालन गरेको कुरालाई व्यक्त गरिएको पाइन्छ । नयाँ विचार , धारणा लिएर पुष्पलाल आएका कृषिमा विकाश गर्नुपर्दछ भन्दै घाम पानीसँग रुज्दै खेति गर्दै परिश्रम गरे नयाँ सोचको सौर्य नया प्रणाली अपनाए कृषिमा गोलबन्ध भई सारा किसानलाई जर्मुराए र फसल आय बढाए । नया अभियान र प्रविधिले सोयाङको हराभरा सँगै इलाममा विकाश चलाएको कुरा प्रस्तुत गरेको पाइन्छ । भाषा शैली सरल र सहज छ बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.६.२.८ 'इलाम र चियाखेती'

यस कविता भुजङ्गप्रयात छन्दमा रचना गरिएको छ । पाँच श्लोक र विस पाउमा संरचना भएको छ ।

प्रस्तुत कवितामा कवयत्री घिमिरेले नेपालको पूर्वी क्षेत्रबाट चिया खेती रोपेको कुना कन्दरामा चिया आर्थिक आधार स्वादिष्ट, निरोगी वृद्धदेखि युवासम्मलाई पिउन मिल्ने। चियाले दिएको छ । रोगजार आयले गर्दा खुसी हुन्छन किसान भन्ने भाव व्यक्त गरेकी छिन् । इलामको माटोमा चियाको उत्पादन राम्रो हुन्छ भिरालो पाखो जस्तो ठाउँमा पनि हुने स्वच्छ हावामा हुने भनी चिया खेतीलाई बयान गरेको पाइन्छ ।

चियाको बगौचा दिगो हुन्छ खेती ।
विषादी विनाको लगाउ तै समेटी ।

निकासी गरौ देश प्रदेश सारा।

इलाम चियाको बनोस शान गाडा।

(पूर्वको स्वर्ग इलाम, पृ। ३९)

इलाम जिल्लामा चिया खेती पनि एक प्रमुख खेती भनिन्छ जो धेरै समय सम्म रहने दिगो खेती हो विषादी प्रयोग नगर्दा स्वस्थ चिया उत्पादन हुन्छ । विभिन्न देश प्रदेशमा निकासी गर्दा आय आर्जन साथै इलामको उत्पादन शान प्राप्त हुन्छ भन्ने भाव व्यक्त गरको पाइन्छ । बाह्य दृष्टिविन्दु र सरल भाषाको प्रयोग गरेको छिन् ।

### ४.६.२.९ 'इलाममा कृषि पशुपालन'

प्रस्तुत कविता तोटक छन्दमा रचना गरिएको पाइन्छ । सात श्लोक र अट्ठाइस पाउमा रचना भएको छ ।

यस कवितामा कवयत्री घिमिरेले इलाम एक पशुपालन सम्बन्धी व्यवसाय भएको स्थान हो भन्ने भाव व्यक्त गरेकी छिन् । यस जिल्लामा पशुपालन एक महत्वपूर्ण पेशा हो जसबाट आर्थिक उन्नति, खेतबारी मालिलो, हरियाली घसिलो वनजङ्गन हुने र पशुपालनबाट आय हुने कुरा प्रस्तुत गरेकी छिन् ।

दुधशूद्ध छ मख्खन चीज सबै

बनिदैछ मिठाई पनीर कतै

दुधका परिकार बनिन्छ सबै

लिन आय बजार हुँदा नजिकै

(पूर्वको स्वर्ग इलाम, पृ , ४१)

पशुपालनबाट विभिन्न चीज बस्तुहरु बनाउन सकिन्छ । जसले गर्दा आफूलाई प्रयोग गर्न देखि लिएर आय आर्जन गर्न सकिन्छ। पशुबाट मल उत्पादन गरी अदुवा चिया कफी उत्पादन गर्न सकिन्छ। कलकारखाना चल्छ श्रम र सीपले रुपया कमाउन सकिन्छ । वैदेशिक रोजगारमा गएर दास हुनु भन्दा आर्थिक उन्नति गर्दै सद्भाव सुवास सदीप इलाम बनाउन देशमा नै उन्नती र प्रगतिको बाटो रोजौ भन्ने भाव व्यक्त गरिएको छ । यसमा सरल र सुवोध्य भाषाको प्रयोग गरिएको छ। बाह्य दृष्टिविन्दु प्रयोग गरेकी छिन् ।

### ४.६.२.१० 'इलामका पर्यटकीय स्थल'

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ। छ श्लोक र चौविस पाउमा संरचना भएको छ ।

यस कवितामा घिमिरेले इलाम जिल्लाका विभिन्न पर्यटकीय स्थलहरुले भरिपुर्ण एक रमणीय स्थल हो भनेर प्रस्तुत गरेकी छिन इलाम जिल्ला विभिन्न धार्मिक स्थल, रमिता हेर्ने ठाउ कन्याम र गोर्खे झुल्के घाम देख्न पाइने स्थान झलमलल् विभिन्न हिमाल डाँडा काडाले ढाकेको स्थान भनेर चर्चा गरेकी छिन इलाममा , पानिटार भ्युटावार , लारुम्बा, गुम्बा मन्दिरहरुले सुसज्जित छ । यस्तो स्थान देखेर यात्रीहरु दङ्ग पर्छन चौरीहरुको घर हिमाल अग्लो स्थान जहाँ मृग र मयुर नाचेको र लोपउन्मुख हाब्रे (रेडपाण्डा) पाइन्छ भनेर प्रस्तुत गरेको पाइन्छ। सरल भाषाशैलीको प्रयोग गरेको पाइन्छ र बाह्य दृष्टिविन्दु रहेको छ ।

### ४.६.२.११ 'इलाममा फलफूल खेती'

प्रस्तुत कविता उपजाति छन्दमा र शार्दुलविक्रीडित छन्दमा रचना गरिएको छ । यसमा सात श्लोक र अट्ठाइस पाउमा संरचना गरेको पाइन्छ ।

यस कवितामा कवि घिमिरेले इलाम जिल्लामा फल्ने फल र फूल्ने फल खेतीको चर्चा गरेको पाइन्छ । यस जिल्लामा माटो मलिलो भएको कारणले गर्दा विभिन्न फलहरु उत्पादन हुन्छ भन्ने कुरा प्रस्तुत गरेको पाइन्छ । यहाँ लिची, केरा , अमला, नास्पती , स्याउ जस्ता फल पाइन्छ भनी वर्णन गरेकी छिन् । जङ्गलमा फल्ने ऐसेलु, च्युरी, पानीअमला त्यतिकै रसिला मानि खान्छन् भरियाले यस्ता फलफूल हुदा हुदै पेडा र जेरी किन खानु बजारका मिठाई भन्दा स्वादिष्ट हुन्छ फलफूल भनि गतिलो फलले बनाउछ भनेर व्यक्त गरेको पाइन्छ ।

यसरी विभिन्न फलफूल कागती रसदिने फल भोगटे शुद्द पोषण युक्त हुन्छ भनि प्रस्तुत गरेको पाइन्छ । सरल र सोवोध्य भाषाशैली प्रयोग भएको पाइन्छ र आन्तरिक दृष्टिविन्दु रहेको छ ।

### ४.६.२.१२ 'किसान'

प्रस्तुत कविता वसन्ततिलका छन्दमा रचना भएको छ कविता पाँच श्लोक र बीस पाउको संरचना गरिएको छ ।

यस कवितामा कवि घिमिरेले किसानहरुले भोग्नु पर्ने दुःख पाखा दमार खोच विराएर उब्जाएका अन्न विरुवा लगाएर हरियाली बनाएको वन जङ्गल आदिको उचित मुल्य किसानले नपाएको भाव कवितामा प्रस्तुत गरेकी छिन् । पिल्सेर आफ्नो हातमा ठेला उब्जाउदा पनि आफुले दुस्ख गरेको कुरा राम्रो मुल्य नपाउनु श्रमको मान्यता नहुनु नाफा नपाउनु दुखको मुल्य खोज भन्ने भावना व्यक्त गरेको पाइन्छ ।

एकाधार छ बजार उँधो पटीको ।
नाका उँभो पनि खुलोस दुवै पटीको ।
पाउन सबै कृषकले उपयुक्त मूल्य ।

सम्मान होस, कृषकको श्रमको अमूल्य।

(पूर्वको स्वर्ग इलाम पृ ४७)

एकाधिकारको कारणले गर्दा बजार भाउ उँधो रहेको नाका खुल्यो भने भाउ बढ्छ र किसानहरुले उपयुक्त मूल्य पाउछन् र कृषकहरुको श्रमको मूल्याङ्कन हुन्छ भन्ने भावना व्यक्त गरेको पाइन्छ। भाषाशैली सरल छ बाह्य दृष्टिविन्दु प्रयोग भएको छ।

### ४.६.२.१३ 'श्रद्धाको फूल'

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । कविता चार श्लोक र सोह्र पाउमा संरचना भएको पाइन्छ ।

यस कवितामा कवयत्री घिमिरेले आफ्नो श्रीमानलाई उनले गरेका कार्यप्रति श्रद्धा भाव व्यक्त गरेकी छिन् जसमा २०७४ साल पौष ३ गते श्रीमानको जन्म जयन्ती परेको दिन रवि झैं झुल्किएर आए धर्तीमा वाल्यकाल बित्यो घर गाँउ, पाखा र कान्लामा, देश र विदेश गर्दै शिक्षा आर्जन गरी शिक्षा सेवक बन्यौ ज्ञानपुञ्ज साहित्य सिर्जना चेतनाको ज्योति बन्यौ , सत्गुण प्रेरणा र अनमोल ज्ञान दियौ । शान्त र उदार भाव छर्दै लाखौ कष्ट सहेर शिष्यहरुमा फूलप्रसाद बाँड्दै इतिहासमा आफ्नो नाम राख्यौ भन्दै श्रीमान्को मीठो सम्झना भाव व्यक्त गरेको पाइन्छ ।

गर्म्दै छन्द र शब्द व्याकरणको यो ज्ञान सिक्दै थिए ।
पीडा दुख्ख वियोग कष्ट सँहदै साथी बनाई रहे।
गुन्जिन्छन् सब शब्द शब्दहरुमा आशीष तिम्रा अझै ।
यौटा फूल चडाउदै चरणमा श्रद्धा र आस्था सँगै।

(पूर्वको स्वर्गको इलाम' , पृ, ४९)

विभिन्न क्षेत्रका अग्रज ज्ञानको ज्योति छर्दै विद्याको महत्व बुझाएर छन्द र व्याकरण सिकाइदिने एक गुरु जसले दुख्ख पीडा वियोग सह"दै आफ्नो भविष्य निर्माण गरेका थिए उनका भावनाहरु शब्द शब्दमा गुन्जिन्छ। यस्तो व्यक्तित्वको आशीष सदैव याद रहन्छ उनी प्रति श्रद्धा र आस्थाले फूल चडाउछु भन्ने भावना व्यक्त गरिएको पाइन्छ ।

### ४.६.२.१४ 'होली'

प्रस्तुत कविता मन्दाकान्ता छन्दमा रचना गरिएको छ। यसमा चार श्लोक र सोह्र पाउ रहेको छन् ।

यस कवितामा कवयत्री घिमिरेले होली एक राष्ट्रिय चाडको रुपमा विविध रङ्गहरुमा सजिएर रङ्गविरङ्ग प्रेम सद्भाव बोकी कलह कटुता विर्सी आपसी प्रेम गाढा पहाडे मधेशी कोही नछुट्याई

सामाजिक आत्मा सजाइ प्रेम भावको भावना अगाडि बढाउनु पर्दछ भन्ने धारणा व्यक्त गरेको पाइन्छ । भारती भुटानी, बङ्गाली, पाकिस्तानी बीच मधुरो सन्देश दिन्छ र रङ्गको चाड हो भनी व्यक्त गरेको पाइन्छ ।

यस्तो राम्रो विपुल सुखको चाडलाई भुलेर।
हान्छन् लोला घृणित जलको सभ्यता बिर्सिएर ।
त्यागे ईर्ष्या पुनित सुखले सभ्यता भित्र खोली ।
मान्छे मान्छे बिच प्रणयको पर्व बन्नेछ होली
('पूर्वको स्वर्ग इलाम', पृ , ५१)

होली यस्तो चाड हो जसलाई सुखले मनाउनु पर्दछ , रङ्ग खेलेर रमाइलो गर्नु , ईर्ष्या र इवी बिर्सेर , मानिस मानिस आपसमा सुख , सभ्यता प्रणय माया र सद्भावना बाड्नु पर्दछ भन्ने भाव प्रस्तुत गरिएको छ । सरल भाषाशैली र बाह्य दृष्टिविन्दुको प्रयोग छ।

### ४.६.२.१५ 'प्रकृतिको बर्दान इलाम नगरपालिका'

प्रस्तुत कविता हारिणी छन्दमा रचना गरिएको छ । कविता पाँच श्लोक र बीस पाउमा संरचना भएको छ । यस कवितामा कवयत्री घिमिरेले हरित नगरी इलामको सौन्दर्यको वर्णन गरेकी छिन् मनमोहक शोभा दिने कन्चनजङ्गा हिमशिखरबाट हिउ पग्लिएर आएको मीठो जलले मानिस मात्र नभएर हरिण मृग डाँफे मुजुर न्याउली चरा र जीव जन्तु पनि रम्दै बाँचेका छतन् भन्ने भाव व्यक्त गरेकी छिन् । इलाम जिल्लाको सदरमुकाममा माइस्थान मन्दिरमा सैनिक औजार तोप आदि राखिएको अनि देवस्थलहरुको गजुर राम्रा र उज्जवल देख्न पाइने कुरा व्यक्त गर्नुको साथै धार्मिक स्थल सेतीदेवीले श्रद्धालुजनलाई सत्प्रेरणा दिन्छिन् , नारायण स्थान नवरस मन्दिरले सधैं सेवा छर्छिन् भन्ने भावका साथै इलाम सफा उत्कृष्ट दोस्रो नगर हो । जाँगर र धर्मले उच्चता पाइयो , सुस्वास्थ्य राख्दा राम्रो बन्ने मौका पाइयो सो कारणले गर्दा आजदेखि प्रगतिपथमा लागौ र मीठो फल प्राप्त हुन्छ भन्ने भावना व्यक्त गरेको पाइन्छ । यसमा बाह्यदृष्टिविन्दुको प्रयोग भएको पाइन्छ र भाषा शैली सरल र सुवोध छ।

### ४.६.२.१६ 'इलाम माथि हिमाल'

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । यो कविता चार श्लोक र सोह्र पाउले संरचना गरिएको छ।

यस कवितामा कवयत्री घिमिरेले इलाममाथिका हिम शिखरका प्राकृतिक छटाले देशको गौरव बनेको कुरा चर्चा गरेकी छिन् । विभिन्न खानी औषधि जडिबुटिहरु कहिले बादलले ढाकेर डम्म कुहिरो लाग्दै पानी फुस्फुस पर्दै गर्ने र कहिले बाक्लो तुवाँलो भएका भेडी गोठचरनमा ठण्डी प्रकृतिका सारा

चीजहरुले इलाम स्वर्ग झैं लाग्छ अनि सबैको दिल लोभिन्छ भन्ने भाव व्यक्त गरिएको छ । तापक्रमको अनिश्चित परिवर्तनले मानिसहरु आक्रान्त छन् । आम शैलचुचुराहरुले शितलता प्रदान गर्दछन् , जुन हाम्रो प्रकृतिको वरदान हो हामीहरुको प्राण बचाउने कवच हो भन्ने भाव व्यक्त गरेको पाइन्छ ।

नेपाली पहिचान खुल्छ शिरमा टोपी सधैं सुन्दर ।
छानो हो हिमशैल ओत सवको बस्ने तपस्वी सर ।
वर्षा याम मिलेर अन्न फलले समृद्द पारी भरुन ।
गोपी चन्दन हो उँचो हिमचुली मीठो सुचस्ना छरुन ।

(पूर्वको स्वर्ग इलाम, पृ , ५६)

यहाँ हामी नेपाली हौं , हाम्रो पहिचान शीरमा टोपी हुँदा सुन्दर हुइन्छ जसले गर्दा हामीहरुको छानोको रुपमा हाम्रो हिमशैली छ ओत र सुरक्षाको निम्ति तपस्वी बनेर रहेकाछन् । हरेक चीजको लागि घाम र पानीको आवश्यक्ता हुन्छ । हाम्रो देशको वन सम्पदा सँगै हामीलाई विभिन्न औषधि मुलो प्राप्त गर्दै हिमचुलीको सुवासना लिन पाइयोस् भन्ने भाव व्यक्त गरिएको पाइन्छ । कवितामा सरल र भाषा शैलीको प्रयोग गरिएको र बाह्य दृष्टिविन्दु रहेको छ ।

### ४.६.२.१७ 'नौलो सपना'

प्रस्तुत कविता स्रग्धराछन्दमा रचना गरिएको छ । यो कविता चार श्लोक र सोह्र पाउले संरचित गरेको पाइन्छ ।

यस कवितामा कवयत्री घिमिरेले नयाँ वर्ष मुलुकमा नयाँ सपना बोकेर आउने भएकोले उक्त सपना पूरा गर्न सही मार्गमा हिड्नुपर्ने दुखीको हकहितका लागि सुखको योजना ल्याउनु पर्ने भाव व्यक्त गरेकी छिन् । नयाँ सपना , जोस जाँगर , सेवाको भावना हकहितका कुरा, नवरङ बटुली, सिर्जना सिंगारी , शिक्षा प्रणाली प्रविधि, नयाँ ज्ञानको  ज्योति वाली, कृषि क्षेत्रमा नया प्रविधि ल्याउदै खेत वारीमा बालीनाली लहलह बनाउनु पर्दछ भन्ने भावना व्यक्त गरेकी छिन् । स्वतन्त्र न्यायालय न्यायको परिधिमा रही संयन्त्र गतिशील बनाए राष्ट्रले दिन्छ टेवा स्वार्थीपन छोड्नु र सेवामा लाग्नु पर्दछ भन्ने सन्देश यस कवितामा पाइन्छ ।

भ्रष्टचारी अनेकौ छलकपट गरी देश पारेर ध्वस्त ।
लाई जैलेल कुदृष्टी जन धन सब यी मास्नमा नै छ मस्त ।
यस्ता जाली फटाहा  कुलुषित कुमती फ्याक्न हौ तम्तयार ।
मेचीकाली जुरुक्कै उठ अभ दुखको फेर्न सक्छौ मुहार।

यस कवितामा भ्रष्टचार र छलकपट नगरौ जसले गर्दा देश ध्वस्त हुन्छ । कुदृष्टिले गर्दा जनधन सब मसिन्छ, जाली फटाहा कुमती फ्याकेर देश निर्माण र विकासमा मेची काली सब भएर उठ्न आव्हान गरेको पाइन्छ । कवितामा सरल भाषाशैली प्रयोगको साथै बाह्य दृष्टिविन्दु रहेको छ ।

(पूर्वको स्वर्ग इलाम', पृ, ६०)

### ४.६.२.१८ 'सामाजिक नारी हिंसा'

प्रस्तुत कविता शालिनी छन्दमा रचना गरिएको छ । कविता छ श्लोक र चौबीस पाउमा संरचित रहेको छ ।

यस कवितामा घिमिरेले नारी सृष्टीकर्ता वंश निर्माता विश्वलाई बदल्ने नारी हुन भन्ने भावना व्यक्त गरेको पाइन्छ । 'पूजा' शब्दले मात्र नभएर, श्रद्धा एवंम प्रेम र सद्भाव गरौ बाहिरी ढोङ मात्र हैन सधै सुपात्रै बनाउनु र बनिनु पर्दछ । नारीलाई बोक्सी बनी यातना , बेचविखन ज्यूँदै जलाउने जस्ता अमानवीय कार्य नगरौ यस्तो कुप्रथा र कुरीत हटाऔ यस्तो दण्ड, सजाय दिनुहुदैन राष्ट्रले सुरक्षा , सम्मान , शान दिनु आफै शक्तिशाली मात्र नठानौ नारीको सम्मान गरौ भन्ने धारणा व्यक्त गरेको पाइन्छ । हरेक क्षेत्रमा रक्षा गर्न सेना , सिपाही खटाइ देशको रक्षा गरौ र सुरक्षाको व्यवस्था गरौं भन्ने भावना कवितामा प्रस्तुत गरेको पाइन्छ ।

नारीदेवी अष्टलक्ष्मी भनेर ।
दिन्छौ धेरै नाम सम्झेर हेर ।
आस्था माथी नित्य गर्छौ प्रहार ।
नारीलाई गर्न छोडे शिकार ।

(पूर्वको स्वर्ग इलाम', पृ, ६१)

नारीलाई विभिन्न देवी देवताको नाम पुकार गर्दै सम्झन्छौ , आस्था राखी नित्य पूजा आराधना गर्दछौ तर नारीलाई नै किन हत्या, हिंसा र नारी चरित्रको अकारण हत्या नगरौं भन्दै नारीलाई सम्मान, इज्जत गर्नुपर्दछ भन्ने भावना व्यक्त गरिएको छ । कवितामा भाषाशैली सरल र सुबोध्यहुनुको साथै बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.६.२.१९ 'नयाँ वर्ष'

प्रस्तुत कविता इन्द्रबज्रा छन्दमा रचना गरिएको छ । कविता पाँच श्लोक र बीस पाउमा संरचना भएको छ ।

यस कवितामा कवयत्री घिमिरेले नया वर्ष जनमानसमा नया" खुशीयाली नया" हर्षोल्लासलास र नयाँ शानमानका साथमा आउछ । पुरानो झगडा जुहारीलाई छोडेर राम्रो माहोल तयार गर्दछ भन्ने

भावना व्यक्त गरेकी छिन् । नया औसर सेवा गाउँबाट थालनी गर्नुपर्दछ, आपसी द्वन्द झै झगडा छोडेर शान्त र सुनौलो सोच विचार राख्नु पर्दछ । शैक्षिक योजना , सामाजिक उन्नतिले राष्ट्र निर्माणमा जुटौ आलस्य र वैमनस्यता त्यागौ भन्ने भाव व्यक्त गरिएको छ।

पीडा र हिंसा सब दुर जावस ।
यो भ्रष्ट माहोल सफा बनाओस ।
आर्थिक , सामाजिक न्या पाई ।
सन्तुष्टि ल्याओस जनमा रमाई ।

(पूर्वको स्वर्ग इलाम , पृ , ६२)

नयाँ वर्षको अवसरमा वर्षभरी रहेका पीडा र हिंसाहरु ृ दूर जावस् , देशमा रहेको भ्रष्टाचारको माहोल सफा बनियोस् , शान्ति सम्वृद्धिको बाटो रोजी देशमा सन्तुष्टिले जनतामा नया" सामाजिक, आर्थिक चेतनाको विकास होस् भन्ने भाव व्यक्त गरेको पाइन्छ । कवितामाल र सुवोध्य भाषाशैलीको प्रयोग भएको र बाह्य दृष्टि विन्दु रहेको छ ।

### ४.६.२.२० 'शहीद'

प्रस्तुत कविता मन्दाक्रान्ता छन्दमा रचना गरिएको छ । कविता चार श्लोक र सोह्र पाउमा संरचना रहेको पाइन्छ । प्रस्तुत कवितामा कवयत्री घिमिरेले आफ्नो ज्यानको बाजी राखेर जनताको लागि लडी नौलो बन्छ मुलुकको सुख र शान्तिको फूलबारी भनी सपना देखेका हुन्छन् ,सारा गरीब जनताको सैृद्धि ,उन्नति र थोत्रो सत्ताको कठीन प्रणाली फेर्नलाई रगत र पसिनाको होली खल्दै पलपल गोली खाई, आफ्नो परिचारको प्रवाह नगरी, बाध्यताले जवानीको त्याग गरी , आफ्नी आमाको हृदयलाई घाउ दिलाई बलिदान र त्याग गरेको भाव व्यक्त गरिएको छ ।

कैले सम्मन् कलह कुटुता भोग्नु के दासतामा ।
थोपा थोपा रगत पसिना सिन्चिएर धरामा ।
नौलो आशा अझ नि रहँदा प्राण जल्दैछ मेरो ।
कस्ले देला भन, रगतको मूल्य खोज्दैछु मेरो ।

(पूर्वको स्वर्ग इलाम ', पृ , ६४)

यस शहीद' कवितामा धनी र गरीब बीचमाको खाडल पुर्नलाई, आपसमा अन्याय , अत्याचार , कलह र कटुताको दास नहुनका निमित्त थोपा थोपा रगत पसिना बगाएर धरामा नयाँ कार्यको निम्ति प्राण जलाएको  भाव व्यक्त गरिएको छ। । कवितामा भाषाशैली सरल र सुवोध्य छन् र बाह्य दृष्टिविन्दुको प्रयोग गरिएकोछ ।

### ४.६.२.२१ "आशीर्वाद'

प्रस्तुत कविताको पहिलो श्लोक शादूललविक्रीडित छन्दमा , दोस्रो तेस्रो र चौथो श्लोक मन्द्राकान्ता छन्दमा रचना गरिएको पाइन्छ । यो कवित चार श्लोक र सोह्र पाउको संरचना गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले छोरा विपिन र विणय अनि नाति आरोहलाई जन्मदिनको शुभकामना साथै रीता र शिशिरको शुभ विवाहलाई शुभकामना आशीर्वाद दिइएको भावमा संरचित छ । रीता र शिशिरको जोडी उज्वल बनोस् , गुलाव र मञ्जरी जस्तै हाँसीखुशी रहनु भन्दै आशीर्वाद दिइएके छ । त्यस्तै छोरा विनय र विपिनलाई प्रगति पथमा लम्कन उन्नति प्रगति गरी सुस्वस्थ्य रहन प्रणय र सद्भाव बाड्न शुभकामना आशीर्वाद र्दिएको पाइन्छ । हरेक बुबा - आमाले आफ्नो सन्तानको उज्वल भविष्यको कामना गर्दछन् । त्यसरी नै कवि घिमिरेले सन्तानहरुलाई स्वास्थ्यको ख्याल राख्नू , सधै सबैमा माया ममता र सद्भाव राख्नू भनी आशीर्वाद दिएकी छिन् । यस कवितामा भाषा शैली सरल छ र बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

### ४.६.२.२२ 'दूषित कान्तिपुरी'

प्रस्तुत कविता तोटक छन्दमा रचना गरिएको र सात श्लोक र अट्ठाईस पाउमा संरचित रहेको पाइन्छ ।

प्रस्तुत कवितामा कवयत्री घिमिरेले कान्तिपुरीभन्दा चिनिने नाम अलकापुर विशाक्त हावा र धूलो प्रदूषित वातावरण पानीको अभावको कारणले दूषित कान्तिपुरी भनी वर्णन गरेकी छिन् । खाद्य पदार्थमा मिसावट, अपराधिक घटना, मानवता नहुनु, मानव भएर दानव व्यवहार देखिनु, दिनमा नै लुटपिट, अनुशासन नभएको अवस्था नरहोस् , प्रहरी र प्रशासन , उच्च मनोवलका साथ काम गरुन् , न्याय सधै नियमित बनोस् , नीति नियमको पालना होस् भन्ने भाव यस कवितामा प्रस्तुत गरिएको छ ।

अब स्मार्ट सिटी नि कथा नबनोस ।
अनि रेल सुमार्ग छिट्टै बनियोस ।
धररा पहिचान र शान बनोस ।
नव कान्तिपुरी नगरी बनियोस ।

(पूर्वको स्वर्ग इलाम ', पृ , ६७)

कान्तिपुरी नगर शब्दमा मात्र स्मार्टसिटी नभएर वास्तविक स्मार्टसिटी बनोस् । यसमा बनाउन लागिएको रेलमार्ग वा धरहराको पहिचान चाँडै बनियोस र नयाँ कान्तिपुरी नगरको निर्माण होस भन्ने भावना व्यक्त गरिएको पाइन्छ । यसमा सरल सुवोध्य भाषाशैलीको प्रयोग भएको र बाह्य दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

### ४.६.२.२३ 'विगत सम्भिदै योद्धा'

प्रस्तुत कविता स्वागता छन्दमा रचना भएको छ । यसमा आठ श्लोक र बत्तीस पाउको संरचना पाइन्छ ।

यस कवितामा कवयत्री घिमिरेले वीर स्वाभिमानी योद्धाहरुको मान सम्मान, उनीहरुले युद्धमा गर्नु परेको साहसी कार्यको वर्णन गरेकी छिन् दुःख पीडा अंगभंग भई रगतको आहुति दिइएता पनि निराशा भई गहभरी आँसु पार्नु आफ्नो मुटुमा व्यथा अनि घात राखी , पारिवारिक माया ममतालाई बिर्सेर , टुहुरो बनिनु पर्ने बाध्यता वीर योद्दाहरुको त्याग र तपस्यायुक्त कार्यहरुलाई स्वार्थको पछि नलाग्दै अव अ अगाडि बढनुपर्दछ भन्ने भाव व्यक्त गरेको पाइन्छ ।

कर्मले धमिलिने छ विरासत ।
स्वाच्छ पार सुकिलो गर सार्थक ।
स्वार्थका पछि नलाग सुधामा ।
स्वच्छ भाव जगको सुविधामा ।

(पूर्वको स्वर्ग इलाम , पृ , ७१)

त्यसैले यस कविता मार्फत सत्कर्मले कार्य गर, स्वार्थको पछि नलाग स्वाच्छ भावले हुन्छ जगको सुविधा भन्ने भावना व्यक्त गरिएको पाइन छ। । सरल भाषाशैली र बाह्य दृष्टिविन्दुको प्रयोग रहेको छ।

### ४.६.२.२४. 'इलाम र जिल्लाको पुनसंरचना'

प्रस्तुत कवितामा पहिलो र दोस्रो श्लोक शिखरिणी छन्दको प्रयोग भएको छ तेस्रो श्लोक शार्दूलविक्रीडित छन्द र चौथो, पाँचौ र छैटोमा शिखरिणी छन्दको प्रयोग गरिएको छ। यो कवितामा चौविस पाउ र छ श्लोकले संरचना गरिएको छ ।

यस कवितामा कवयत्री घिमिरेले इलाम जिल्लाको पुनसंरचना भएको कुरालाई कविता मार्फत प्रस्तुत गरेको पाइन्छ । नेपाली धर्तीमा , राम्रो प्रकृति हरिण मृगको नाँच रम्य दृश्य र पूर्वको हीरा झलमल्ल सूर्योदय उज्यालो मनोरम दृश्यले सजिएको इलाम हो । यस इलाम जिल्लामा पुनसंरचना संघहरु दुई क्षेत्र निर्वाचन चार जनप्रतिनिधि , चार नगरपालिका र छ ओटा गाउँपालिका गरी दश तह चौरासी वडा रहेको कुरा प्रस्तुत गरेकी छिन यस जिल्लामा भएका विभिन्न गाउँ, हिमचुली , कालोपत्रे

सडक, खानेपानी , बिजुली , आर्थिक सेवा , सुविधा यस जिल्लाका हरेक ठाउँमा सुविधा प्राप्त होस भनी कवितामा व्यक्त गरेकी छिन । जस्तैः

छ चौरासी ओडा लिन अधिक सेवा र सुविधा ।
वगेका छन धेरै रगत पसिना छैन सुविधा ।
र पाइयो सेवा अनुभूत गरुन आज दुनियाँ ।
इलामैको राम्रो दशतह बनोस शान्त सुखिया ।

(पूर्वको स्वर्ग इलाम, पृ , ७३)

यस कवितामा चौरासी वटामा अधिक सेवा सुविधा सम्पन्न गर्न पाइयोस धेरैको रगत पसिना बगेको छ । सबै सेवा अनुभुति गरुन इलामको दशतह नै शान्त र सुखी बनोस भन्ने भावना व्यक्त गरिएको छ। भाषा शैली सरल छ । बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

### **४.६.२.२५ 'इलाममा सहकारी'**

प्रस्तुत कवितामा कवयत्री घिमिरले इलाममा धेरै संघसंस्था उर्जा शक्तिको रुपमा कृषि , पशुपालन , जडीबुटी साथै विभिन्न नगदेबाली भएको कुरा प्रस्तुत गरेको पाइन्छ। यहाँ विभिन्न प्रकारका नगदेवाली प्राकृतिक तत्वहरु पाइन्छन् जसमा रोजगारी पाउन सहज हुन्छ। सानो नगद बटुली कोषको प्रबन्ध मिलाउन सकिन्छ खाँचो टार्दै खेतीपाती र पशुपालनबाट आय आर्जको स्रोत हुन्छ, कला र सीतले महिला पुरुष उद्यमी बनौ प्रगतिमा लागौ इलमी बनौ उन्नत पशुपालन गरौ भन्ने भावना व्यक्त गरिएको छ ।

साथी बन्ने दुख र सुखको झोपडीको दियालो ।
सारा सामाजिक हित गरी पाँउ बस्ती उज्यालो ।
हाम्रा संस्था अमुक अगुवा देशमा नै चिनिन्छन ।
यो माटोमा उपज रसिला राष्ट्रले नाम लिनछन ।

(पूर्वको स्वर्ग इलाम , पृ , ७५)

साथ पाएमा दुःख सुख उज्यालो छर्न सकिन्छ । सामाजिक कार्य गर्नाले गाँउ साराको हित साथै संस्था अगुवा हुन्छ र देशको उन्नति प्रगति हुन्छ भन्ने भाव व्यक्त गरेको पाइन्छ। बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ भाषा सरल छ ।

### **४.६.२.२६ 'श्री कृष्ण बने ज्ञानदिन'**

प्रस्तुत कविता इन्द्रबजा छन्दमा रचना गरिएको छ। छ श्लोक र चौवीस पाउमा संरचीत रहेको छ।

यस कवितामा कवयत्री घिमिरेले अन्याय मास्ने ज्ञानका पुञ्ज र प्रेम खानी शिक्षा, नेपाल मुङगलान सबै पुर्याई ज्ञानका दिलदास भनी, चेतनाशील कुसंस्कार अन्धविश्वास सामार्थ्यको दीप जलाउने एक सहित्यिक सर्जकको रुपमा कृष्णलाई चिनाएकी छिन उच्च चेतना कहाँबाट विभेद भयो कुसंस्कार र अन्धविश्वास हटोस्  हुन खोज्नु शासक, शीर उच्च राखी सामर्थ्यले दीप जलाइ साहित्यको सर्जक झ्याउरे छन्द र गीत सेवा रचना र उत्कृष्ट स्रष्टा हुन् भन्ने भाव ब्यक्त गरिएको छ ।

सौन्दर्यले शोभित आमचोक ।
थे न्यायका रक्षक सन्त एक ।
ती लामिछाने परिवार तारा ।
छन गर्वले आज प्रफुल्ल सारा ।

(पूर्वको स्वर्ग इलाम , पृ , ७७)

सौन्दर्यले भरिपूर्ण आमचोक ठाउँलाई आज गर्वले प्रफुल्ल बनाउने लामिछाने परिवारका तारा हुन भन्ने  कुरालाई भावनात्मक रुपमा प्रस्तुत गरेको पाइन्छ । कवितामा भाषा सरल छ र बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.६.२.२७ 'भानुको सम्झनामा'

प्रस्तुत कविता मन्दाक्रान्ता छन्दमा रचना गरिएको छ । चार श्लोक र सोह्र पाउमा संरचित छ ।

यस कवितमा कवयत्री घिमिरेले आदिकवि भानुभक्त आचार्यको जन्मस्थान तनहुँको रम्घा गाउँ , चूदिमा भएको साथै अतुल प्रतिभा , भाषा साहित्यका जगमगाउदा तारा हुन भनी व्यक्त गरेकी छिन् साहित्यिक यात्रा घाँसीको प्रेरणाबाट पाएका हुन उनले रामायण मधुर छन्दमा लोकभाका जुन गाउँ गाँउमा गुन्जिए । साहित्य क्षेत्रमा प्यारो भाषा , कीर्ति शुरु गरेर जनता र राष्ट्रलाई एक बनाए यसरी भानुभक्तका जन्मजयन्ती मात्र नभई उनले नेपाली साहित्यलाई साह्रै ठूलो कहिले नमेटिने काम गरेका छन ।

भाषा यी कुशुम हँसिला बागमा छन विचित्र ।
राम्रो माल मगमग हुने दिव्य छन क्या सचित्र ।
आफ्नै भाषा अनुपम मिठो लेखन सौभाग्य पाए ।
आफ्नै श्रद्दासुमन मनले पुष्प गुच्चा चढाँए ।

(पूर्वको स्वार्ग इलाम , पृ, ७९)

भाषाका क्षेत्रमा सधै जगमगाउने तारा सहित्य क्षेत्रका दिव्य, आफ्नै भाषा र मीठो लेखनले नेपाली साहित्य जगतमा जगमगाए भन्दै उनलाई जयन्ति अवसरमा श्रद्धासुनले पुष्प गुच्चा चढाएको भाव व्यक्त गरिएको छ। भाषा शैली सरल छ । कवितामा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.६.३ छन्दका आधारमा

कवि टिका घिमिरेका कविताहरु छन्दोबद्ध रुपमा रहेका पाइन्छन् , उनको 'पूर्वको स्वर्ग इलाममा' १२ वटा छन्दको प्रयोग गरेको पाइन्छ ।

#### ४.६.३.१ शार्दूलविक्रीडित

पानी , पूर्वको स्वर्ग इलाम , इलाममा फूलको सौन्दर्य इलामका पर्यटकीय स्थल , श्रद्दाको फूल, इलाम माथि हिमाल आशिर्वादमा पहिलो श्लोक र इलाम जिल्लाको पुनसंरचनाको तेस्रो अनुच्छेदमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको पाइन्छ । यस छन्दमा १९ अक्षरहरु रहेका हुन्छन बाह्रौ र सातौ अक्षरमा विश्राम हुन्छ । शार्दूलविक्रीडित छन्दमा म स ज स त त गु गण रहेका छन् ।

त्यो सौन्दर्य थियो सबै प्रकृतिको दुष्कर्म बढ्दै गयो ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म | स | ज | स | त | त | गु |
| ऽऽI | IIऽ | IऽI | IIऽ | ऽऽI | ऽऽI | ऽ |

(पूर्वको स्वर्ग इलाम , पृ , २४)

#### ४.६.३.२ उपजाति

यस कविता संङ्गहमा प्यारो सधै सुन्दर वाल्यकाल र इलाममा फलफूल खेती २ वटा कवितामा उपजाति छन्दको प्रयोग भएको पाइन्छ । यसमा ११ अक्षर रहेका हुन्छन पाचौ अक्षरमा विश्राम हुन्छ । यसमा त त ज गु गु गण रहेका हुन्छन । उदाहरण

हाँसो खुशी प्रेम र भावनामा

| | | | | |
|---|---|---|---|---|
| त | त | ज | गु | गु |
| ऽऽI | ऽऽI | IऽI | ऽ | ऽ |

(पूर्वको स्वर्ग इलाम , पृ , २८)

#### ४.६.३.३ इन्द्रबज्रा

यस कविता सङ्गहमा प्यारो बस्ती नयाँ वर्ष र श्री कृष्ण बने ज्ञानदिल ३ वटा कवितामा इन्द्रबज्रा छन्दको प्रयोग भएको पाइन्छ । यसमा ११ अक्षर हुन्छन । पाचौ अक्षरमा विश्राम हुन्छ । यसमा त त ज गु गु गण पयोग गरिन्छ । जस्तै

सारै सुखी शान्त छ गाँउ सारा

त  त  ज  गु  गु

ऽऽ।  ऽऽ।  ।ऽ।  ऽ  ऽ

(पूर्वको स्वर्ग इलाम , पृ , ३०)

### ४.६.३.४. मन्दाक्रान्ता

यस कविता संङग्रहमा मोतीलाई शब्दहार, होली , शहीद इलाममा सहकारी आशीर्वाद, कविताको दोस्रो, तेस्रो , चौथो र भानु सम्झनामा गरी छ वटा कवितामा मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । यस छन्दमा १७ अक्षर हुन्छन । चौथो छैटौ अक्षरमा विश्राम हुन्छ यस छन्दमा म म न त त गु गु गणको प्रयोग गरिन्छ । जस्तै

भाषा प्यरो सरस कविता भावनामा सचित्र ।

म  भ  न  त  त  गु  गु

ऽऽऽ  ऽ।।  ।।।  ऽऽ।  ऽऽ।  ऽ  ऽ

(पूर्वको स्वर्ग इलाम , पृ , ३३)

### ४.६.३.५ बसन्ततिलका

यस कविता सङ्ग्रहमा सोयाङ्गमा तरकारी खेती , किसान गरी २ वटा कवितामा बसन्ततिलका छन्दको प्रयोग भएको पाइन्छ । यस छन्दमा १४ अक्षरहरु हुन्छन आठौ अक्षरमा विश्राम हुन्छ । यस छन्दमा त म ज ज गु गु गण रहेका हुन्छन । उदाहरण ,

नौलो विचार नव जागृतिको प्रभात ।

त  भ  ज  ज  गु  गु

ऽऽ।  ऽ।।  ।ऽऽ  ।ऽऽ  ऽ  ऽ

(पूर्वको स्वर्ग इलाम , पृ, ३७)

### ४.६.३.६ भुजङ्ग प्रयात

प्रस्तुत कविता सङ्ग्रहमा इलाम र चियाखेतीमा भुजङ्गप्रयात छन्दको प्रयोग गरिएको छ । यस छन्दमा ४ यगण , य य य य हुन्छ यस छन्दमा १२ अक्षर हुन्छन । छैटौ अक्षरमा विश्राम हुन्छ । उदाहरण::

भयो तालनी रोपियो पूर्वबाटै ।

य य य य

ISS ISS ISS ISS

(पूर्वको स्वर्ग इलाम , पृ , ३९)

### ४. ६.३.७ तोटक

यस कविता सङ्ग्रहमा इलाममा कृषि पशुपालन, दूषित कान्तिपुरी गरी दुई कवितामा तोटक छन्दको प्रयोग गरिएकोक छ । तोटक छन्दमा १२ अक्षर हुन्छन । ३ , ३ मा यति हुन्छ। यसमा स स स स गणको प्रयोग गरिन्छ । उदाहरण

पशुपालन केन्द्र छ गाँउ भरी ।

स स स स

IIS IIS IIS IIS

(पूर्वको स्वर्ग इलाम , पृ , ४१)

### ४.६.३.८. हारिणी

प्रस्तुत कविता संङग्रहमा प्रकृतिको वरदान इलाम नगरपालिकामा हारिणी छन्दको प्रयोग गरिएको छ । यस छन्दमा १७ अक्षर हुन्छन । १० अक्षरमा विश्राम हुन्छ। म म न म य ल गु गण हुन्छन । उदाहरण

हेर्दा राम्रो हरित नगरी सौन्दर्यले शोभित ।

म म न म य ल गु

SSS SSI III ISS ISS I S

(पूर्वको स्वर्ग इलाम , पृ , ५३)

### ४.६.३.९ स्रग्धरा

प्रस्तुत कविता सङ्ग्रहमा 'नौलो सपनामा' स्रग्धरा छन्दको प्रयोग गरिएको छ। यस छन्दमा २१ अक्षर हुन्छन् । प्रत्येक सातौ अक्षरमा विश्राम हुन्छ । यस छन्दमा म र भ न य य य गणको प्रयोग हुन्छन ।जस्तै:

आयो एले नयाँ वर्ष मुलुक भरको स्वाप्न बोकेर नौलो ।

म	र	भ	न	य	य	य।
ऽऽ।	ऽ।ऽ	ऽ।।	।।।	।ऽऽ	।ऽऽ	।ऽऽ

(पूर्वको स्वर्ग इलाम , पृ , ५७)

**४.३.६.१०. शालिनी**

प्रस्तुत कविता सङ्ग्रह सामजिक हिंसामा नारी कवितामा शालिनी छन्दको प्रयोग गरिएको छ। यस छन्दमा ११ अक्षर हुन्छन । ४ मा विश्राम हुन्छ । म त त गु गु गण हुन्छ ।  उदाहरण

भन्छौ नारी विश्वकै सृष्टि कर्ता ।

म	त	त	गु	गु
ऽऽऽ	ऽऽ।	ऽऽ।	ऽ	ऽ

(पूर्वको स्वर्ग इलाम , पृ , ५९)

**४.३.६.११.स्वागता**

प्रस्तुत कविता सङ्ग्रहको विगत सम्झिदै योद्धा कवितामा स्वागता छन्दको प्रयोग गरिएको छ । ११ अक्षर हुन्छन । सातौमा यती हुन्छ । र	न भ गु गु गण हुन्छ। जस्तै ः

दुख्ख होस अथवा अझ पीडा ।

र	न	भ	गु	ग
ऽ।ऽ	।।।	ऽ।ऽ	ऽ	ऽ

(पूर्वको स्वर्ग इलाम , पृ , ६९)

**४.३.६.१२. शिखरिणी**

प्रस्तुत कविता सङ्ग्रह 'इलाम जिल्लाको पुनसंरचना' कवितामा शिखरिणी छन्दको प्रयोग गरिएको छ । यस छन्दमा १७ अक्षर हुन्छ । छ मा यति हुन्छ । य म न स भ ल गु गण हुन्छ । जस्तै

सिँगारेको राम्रो नवतरुलताले सब धरा ।

य	म	न	स	भ	ल	गु
।ऽऽ	ऽऽऽ	।।।	।।ऽ	ऽ।।	।	ऽ

(पूर्वको स्वर्ग इलाम , पृ , ६५)

### ४.६.४. पूर्वको स्वर्ग इलाम छन्दोबद्ध कविता सङ्ग्रहको निष्कर्ष

पूर्वको स्वर्ग इलाम कविता सङ्ग्रह घिमिरेको तेस्रो कृति हो। यसमा संग्रहीत अधिकांश कविताहरु इलाम जिल्लाको कृषि, पर्यटन, प्रकृति, समाज अर्थ राजनीति, साहित्य र साहित्यकार आदि चित्रण गरेको पाइन्छ । यसरी यस कृतिमा सत्ताइसबटा कविता संग्रहित रहेका छन यस कृतिमा संग्रहित रचनाहरुमा राष्ट्रिय विभूतिहरुको स्मरण गर्दै , राष्ट्रवाद ,स्वदेश प्रेम , राजनैतिक विचलन र चेतना , मातृभूमिको महिमा , समाज सुधारका सन्देश , परम्परागत कला सीप र संस्कृतिको जगेर्ना जस्ता विषयवस्तु रहेका छन विशेष गरी इलाम जिल्लाको सेरोफेरोलाइ समेटेर रचेको पाइन्छ ।

# पाचौ परिच्छेद

## ५ उपसंहार एवम् निष्कष

### ५.१. उठान

साहित्यकार टीका घिमिरे नेपाली साहित्यका फाँटमा देखा परेकी उदीयमान प्रखर नारी हस्तीको रुपमा लिन सकिन्छ। नेपाली साहित्यको मुख्य विधाहरु मध्ये प्रमुख कविता क्षेत्र उनका लेखन रहेको छन संख्यात्मक रुपमा तीनबटा मात्र कृतिहरु प्रकाशित भएका छन् । गुणात्मक रुपमा उनका कृतिहरु विशिष्ट रहेका छन । उनका हालसम्म तीनबटा कविता सङ्ग्रह प्रकाशित भएका छन् ।

### ५.२ कविता कृतिका आधारमा

कवि टीका घिमिरेले नेपाली साहित्यको क्षेत्रमा कलम चलाएकी छिन । कवयत्रीको जीवनको पूवार्धमा काव्यात्मक भावना संचित भएर आफ्नो श्रीमान्को स्वर्गरोहण पछि विछोडको पीडाले तरलितभएर कविप्रतिभा कवितामा छताछुल्ल पोखिएको पाइन्छ । उनका कृतिमा समाजमा रहेको सामाजिक राजनीतिक विकृति विसंगतिलाई देखेका घटेका घटना र अनुभव गरेको आधार मानी आफ्ना कविताको विषयबस्तु बनाएकी छिन । तीनबटा कविता सङ्ग्रहहरुमा उनले आप्नो श्रीमान्को वियोग , महिलाहरुलाई उठ्न , अन्याय विभेद र विसङ्गति नसहने उन्मूक्ति पाउन , राष्ट्रिय विभुतिहरुको स्मरण राष्ट्रवाद स्वदेश प्रेम राजनैतिक विचलन र चेतना , मातृभूमि , महिला, समाज सुधारका सन्देश परम्परागत कला सीप र संस्कृतिको जगेर्ना गर्नु पर्ने विषयहरु समेटिएको पाइन्छ । उनका कविताहरु छोटादेखि लामो रुपमा सरल र सामान्य पाठकले बुभ्mन सक्ने खालका छन भने कविताहरुमा शास्त्रीय नियममा आधारित छन्दको प्रयोग भएकोले उत्कष्ट छ ।

पहिलो कविता सङ्ग्रह 'अन्तिम भाइटीका'मा ५८ पृष्ठमा संरचित छ जसमा २६ वटा कविता संग्रहित छन दोस्रो आमा छन्दोबद्द कविता सङ्ग्रहमा ४० पृष्ठ तथा १९ कविता रहेका छन् तेस्रो सङ्ग्रह पूर्वको स्वर्ग इलाम कविता सङ्ग्रह ह ो। जसमा ७९ पृष्ठ तथा २७ कविता सङ्कलित छन यति धेरै रचनाहरा राजनैतिक विकृति विसङ्गति प्रति व्यङ्ग्य, सुधारको चाहना, देश प्रेम प्रकृति प्रेम र वर्तमान महिला हिंसा तथा वर्तमान समय सापेक्ष आधुनिकताले ल्याएको विकृति समाजमा भएको विसङ्गतिलाई व्यङ्ग्य प्रहार गरेर सुधारको अपेक्षा गरिएको छ ।

**५.३. टीका घिमिरेको राजनीतिक क्षेत्र**

टीका घिमिरे आफू राजनीतिक क्षेत्रमा रहेपनि कविता विधामा कलम चलाएर नयाँनयाँ स्वाद चखाउन सफल छिन ग्रामीण वस्तीमा जन्म लिएर पनि उनको प्रतिभा छरिएर रहेका छन उनका यिनै कृति र समाज सेवाले उनलाई परिचित बनाएको छ । यसमा गर्व गर्न सकिन्छ। देशमा राजनीतिक विकृति विसङ्गति समसामयिक विकृति विसङ्गति, राष्ट्रप्रेम प्रकृति प्रेम, महिला हिंसा जस्ता विषयवस्तुहरुमा कविता सृजना गर्न पछि परेकी छैनन । यसका साथै सबै कवितामा छन्दको प्रयोग गरी कविता छन्दोबद्ध र उत्कृष्ट बनाएकी छिन यसरी हेर्दा टीका घिमिरे नेपाली साहित्यका क्षेत्रमा उदयीमान साहित्यकार हुन भन्ने निष्कर्षष निस्कन्छ । घिमिरेले नेपाली साहित्य क्षेत्रमा दिएको योगदान महत्वपुर्ण छ । उनका समग्र कृतिहरु हेरेर उनलाई एक कुशल एवं प्रगतिशील साहित्यकार हुन भन्न सकिन्छ ।

**५.४. टीका घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन पछि बुदाँगत आधारमा निकालिएको निष्कर्ष:**

१। टीका घिमिरे साहित्यका साथ साथै सामाजिक धार्मिक तथा साँस्कृतिक दृष्टिकोणले बहुआयमिक व्यक्तित्वका रुपमा चिनिन्छिन् ।

२। घिमिरे फुटकर रचनादेखि साहित्य यात्राको थालनी गरेर पुस्तकाकार कृतिको रचना गर्न सक्षम व्यक्तित्व हुन् ।

३। कवयत्री टीका घिमिरे समसामयिक , यथार्थवादी प्रगतिवादी कवि हुन् ।

४। घिमिरेका प्रकाशित कृतिहरु शास्त्रीय नियममा आधारित छन्दको प्रयोग भएकोले उत्कृष्ट भएका छन् ।

५। घिमिरेका कृतिहरुमा भाषाशैलीको दृष्टिले नेपाली भाषाका साथै तदभव शब्दहरा उपयुक्त संयोजन छ ।

६। समग्रमा घिमिरे एक यथार्थवादी प्रगतिवादी र समसामयिक कविको रुपमा साहित्यमा चिनिएकी छिन् ।

**५.५. सम्भावित शोध शीर्षकहरु**

यस शोधकार्यमा कवयत्री टीका घिमिरेका पुस्तकाकार कृतिहरुको बारेमा चर्चा गरिएको छ। त्यस्तै यहाँ चर्चा गरिएका प्रकाशित कृतिहरु पनि अन्य साहित्यको सिद्धान्तका आधारमा गहन अध्ययन गरी शोधकार्य गर्न सक्ने सम्भावना पनि रहेकै देखिन्छ । शोधकार्यका लागि सम्भावित शीर्षकहरु निम्न बमोजिम रहेका छन

१। छन्द विधानका दृष्टिले कवि टीका घिमिरेका कविता सङ्ग्रहको अध्ययन र विश्लेषण।

२। अन्तिम भाइटीका सङ्ग्रहमा संकलित कविताहरुको अध्ययन र विश्लेषण ।

३। आमा कविता सङ्ग्रहमा संकलित कविताहरुको अध्ययन र विश्लेषण ।

४। पूर्वको स्वर्ग इलाम छन्दोवद्ध कविता सङ्ग्रहको कृतिपरक अध्ययन।

५। कवि टीका घिमिरेको कविता सङ्ग्रहमा रहेका मूलभावको अध्ययन र विश्लेषण।

विषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| **शोधसार** | १ |
| **पहिलो परिच्छेद** | ६ |
| १.शोधपरिचय | ६ |
| १.१ शोधशीर्षक | ६ |
| १.२ शोधप्रयोजन | ६ |
| १.३ शोधपरिचय | ६ |
| १.४ समस्याकथन | ६ |
| १.५ शोधकार्यको उद्देश्य | ७ |
| १.६ पूर्वकार्यको समीक्षा | ७ |
| १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता | १० |
| १.८ शोधकार्यको सीमाङ्कन | १० |
| १.९ सामग्री सङ्कलन विधि | १० |
| १.९.१ प्राथमिक स्रोत | १० |
| १.९.२ द्वितीय स्रोत | १० |
| १.१०. शोध विधि | १० |
| १.११. शोधपत्रको रुपरेखा | ११ |
| **दोस्रो परिच्छेद** | १२ |
| २.साहित्यको सैद्धान्तिक परिचय | १२ |
| २.१ साहित्यको परिभाषा | १२ |
| २.१.१ पाश्चात्य विद्वानहरुले गरेको परिभाषा | १२ |
| २.१.२ पूर्वीय विद्धानहरुले गरेको परिभाषा | १३ |
| २.१.२ नेपाली साहित्यका विद्वानहरुले गरेको परिभाषा | १४ |
| २.२ नेपाली साहित्यको विधागत विभाजन | १४ |
| २.२.१ कविता | १५ |
| २.२.२ आख्यान | १६ |

२.२.३ निबन्ध १९

२.३ नेपाली कविताको विकासक्रम २२

२.३.१ नेपाली कविताको विकासक्रम र काल विभाजन २३

२.४ कविताको परिचय ३१

२.५ कविताको वर्गीकरण ३६

**तेस्रो परिच्छेद** ३९

**३.टीका घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन** ३९

३.१ पारिवारिक पृष्ठभूमि ३९

३.२ जन्म र जन्मस्थान ३९

३.३ बाल्यकाल ३९

३.४ शिक्षादीक्षा ३९

३.५ विद्यार्थी जीवनका प्रमुख गतिविधिहरु ४०

३.६ संस्कारगत कर्महरु ४०

३.७ कर्मक्षेत्रमा प्रवेश तथा सेवा ४१

३.८ दाम्पात्य जीवन र पारिवारिक स्थिति ४१

३.९ आर्थिक स्थिति ४२

३.१० कवि टीका घिमिरेका अविस्मरणीय घटनाहरु ४२

३.११ कवि टीका घिमिरेका रुची एवं स्वभावहरु ४२

३.१२ साहित्य लेखन प्रेरणा र प्रभाव ४३

३.१३ प्रकाशित पुस्तकाकार कृतिहरु ४४

३.१४ प्रकाशित कृतिहरुको संक्षिप्त सूची ४४

३.१५ जीवन र साहित्य सम्वन्धी धारणा ४४

३.१६ टीका घिमिरेका व्यक्तित्वको विविध पक्षहरु ४५

**निष्कर्ष** ५०

**चौथो परिच्छेद** ५१

४.टीका घिमिरेका साहित्यिक कृतिको अध्ययन ५१

४.१ कविताको विकासक्रमको सन्दर्भमा टीका घिमिरे ५१

४.२ टीका घिमिरेका हालसम्म प्रकाशित कृतिहरु ५१

४.३  अन्तिम भाइटीका , आमा र पूर्वको स्वर्ग इलाम कृतिको तत्वगत अध्ययन ५१

**पाचौ परिच्छेद** १०२

**५ उपसंहार एवम् निष्कर्ष** १०२

५.१. उठान १०२

५.२ कविता कृतिका आधारमा १०२

५.३. टीका घिमिरेको राजनीतिक क्षेत्र १०३

५.४. टीका घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन पछि निकालिएको निष्कर्ष १०३

५.५. सम्भावित शोध शीर्षकहरु १०३

## सन्दर्भग्रन्थ सूची


- उपाध्यय केशवप्रसाद (२०६१), पूर्वीय साहित्य सिद्धान्त, (चौ.स), ललितपुर साझा प्रकाशन।
- घिमिरे टीका (२०७३), अन्तिम भाइटीका, बुद्दिप्रसाद घिमिरे स्मृति प्रतिष्ठान , इलाम नेपाल।
- घिमिरे टीका (२०७४), आमा , बुद्धिप्रसाद घिमिरे स्मृति प्रतिष्ठान , इलाम नेपाल ।
- घिमिरे टीका (२०७५), पूर्वको स्वर्ग इलाम , बुद्धिप्रसाद घिमिरे स्मृति , प्रतिष्ठान , इलाम नेपाल।
- ढुंगाना, गोविन्द प्रसाद,(२०५०), छन्दोहार, (पाँ.स), काठमाण्डौस् साझा प्रकाशन
- पराजुली, कृष्णप्रसाद,(२०३९), पन्ध्रतारा र नेपाली साहित्य, ललितपुरस् साझा प्रकाशन
- पोखेल, भानुभक्त (२०५९), सिद्धान्त र साहित्य , ललितपुर साझा प्रकाशन।
- प्रधान, भिक्टर(२०४४), नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना काठमाण्डौ, नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान
- लुइटेल खगेन्द्रप्रसाद (२०६२), कविताको संरचनात्मक विश्लेषण , काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार।
- शर्मा मोहनराज, लुइटेल खगेन्द्रप्रसाद (२०६८), शोधविधि, ललितपुर साझा प्रकाशन।
- श्रेष्ठ दयाराम(२०६१), साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ, दोस्रो संस्करण, काठमाण्डौ, त्रिकोण प्रकाशन।
- त्रिपाठी बासुदेव , (२०४७), नेपाली कविता भाग १ , काठमाण्डौ, साझा प्रकाशन।
- त्रिपाठी, बासुदेव (२०५३) नेपाली कविता भाग ४, दोस्रो संस्करण, ललितपुर, साझा प्रकाशन।



आदिकवि भानुभक्त आचार्य साहित्य - रत्न पुरस्कार २०७५

इडन गार्डेन एजुकेशन फाउण्डेशन

बिर्तामोड - ४, झापा

सम्मान - पत्र

श्री टिका घिमिरे ज्यू

महाशय,

तपाईले शास्त्रीय छन्द परम्परालाई आत्मसात गर्दै नेपाली काव्य साहित्यमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गरी तपाईलाई यस विद्यालयद्वारा स्थापना गरिएको 'आदिकवि भानुभक्त आचार्य साहित्य रत्न पुरस्कार २०७५' (रू.११,१११/- अक्षरेपी रु एघार हजार एक सय एघार) र प्रमाण-पत्र द्वारा सम्मान गर्न पाउँदा हामी अत्यन्त हर्षित र गौरवान्वित भएका छौं । काव्य सिर्जनामा यहाँको अझ निरन्तर जोश जाँगर र उत्साह थपिँदै जाओस् । यहाँको सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

| | | | |
|---|---|---|---|
| विनोद खनाल | दिनाङ्क | युवराज पाण्डे | मोहन आचार्य |
| कार्यक्रम संयोजक | २०७५/११/०६ | प्रमुख अतिथि | संस्थापक/प्रिन्सिपल |



"समुन्नत समाज, परिष्कृत संस्कार
साक्षरता र शिक्षा: विकासको आधार"

नेपाल सरकार

शिक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल ।

❀ प्रशंसापत्र ❀

श्री टिका घिमिरे, सदस्य, अभिभावक संघ, इलाम लाई शिक्षा क्षेत्रमा प्रशंसनीय काम गरेवापत राष्ट्रिय शिक्षा तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस २०६९ को उपलक्ष्यमा यो प्रशंसापत्र प्रदान गरिएको छ ।

शिक्षा सचिव

शिक्षा मन्त्री


सम्पूर्ण मुक्तिकामी शिक्षकहरू एकजुट होऔं !

# एकीकृत अखिल नेपाल शिक्षक संगठन

जिल्ला समिति, इलाम

## एकताको पाँचौ जिल्ला सम्मेलन

## अभिनन्दन-पत्र

मितिः २०७४।१०।१३

**श्री टीका घिमिरेज्यू**

फ्याक्सन इन्चार्ज एकीकृत अखिल नेपाल शिक्षक संगठन, इलाम

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनको फ्याक्सन इन्चार्जको रुपमा काम गर्दै आएनु भएकी प्रेरणा, आशा र भरोसाकी स्रोत, यस संगठनलाई नियम सङ्गत र चुस्त दुरुस्त रुपमा सञ्चालन गर्न अभिभावकत्व प्रदान गर्नुहुने संगठनको विभिन्न गतिविधिहरुमा प्रत्यक्ष संलग्न भई महत्वपूर्ण योगदान पुऱ्याउँदै आउनु भएकी नेकपा माओवादी केन्द्रका सह-इन्चार्ज, तपाईलाई संगठनको एकताको पाँचौ जिल्ला सम्मेलनको शुभअवसरमा हार्दिक अभिनन्दन गर्दछौं । आगामी दिनमा तपाईको निरन्तर साथ र सहयोगको अपेक्षा सहित तपाईको भावी जीवनमा सु-स्वास्थ्य एवम् दीर्घायुको कामना गर्दछौं ।

(धिरेन्द्र शर्मा रमण)
प्रमुख अतिथि
प्रदेश सभा सदस्य, इलाम २(ख)

(राजेन्द्र चौहान)
अध्यक्ष


इ.नं.०३ ०६०/६१

# श्री शंकरस्थान सामुदायिक वन महिला उपभोक्ता समूह

इ.न.पा.७, सिङ्गफ्रिङ्
इलाम

## प्रशंसा-पत्र

तपाई श्री श्रीमती सुश्री टीका घिमिरे ........ ले यस समूहमा ...ही वन तथा विभिन्न कार्यमा उत्कृष्ट सेवा पुऱ्याएवापत तपाइलाई यो प्रशंसा-पत्र साथ पुरस्कार प्रदान गरिएको छ ।

(प्रमुख अतिथि)

(अध्यक्ष)
श्रीमती खेमकुमारी ...

मिति २०...



आदिकवि भानभक्त आचार्य साहित्य - रत्न पुरस्कार २०७५

इडन गार्डेन एजुकेशन फाउण्डेशन

विर्तामोड - ४, झापा

सम्मान - पत्र

श्री टिका घिमिरे ज्यू
शास्त्रीय छन्दवादी कवि

महाशय,

तपाईले शास्त्रीय छन्द परम्परालाई आत्मसात् गर्दै नेपाली काव्य साहित्यमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गरी तपाईलाई यस विद्यालयद्वारा स्थापना गरिएको 'आदिकवि भानुभक्त आचार्य साहित्य रत्न पुरस्कार २०७५' (रू.११,१११/- अक्षरेपी रु एघार हजार एक सय एघार र प्रमाण-पत्र) द्वारा सम्मान गर्न पाउँदा हामी अत्यन्त हर्षित र गौरवान्वित भएका छौं । काव्य सिर्जनामा यहाँको अझ निरन्तर जोश,जाँगर र उत्साह थपिदै जाओस् । यहाँको सुस्वास्थ्य, दीर्घायू र उत्तरोत्तर प्रगतीको कामना गर्दछौं ।

| | | | |
|---|---|---|---|
| विनोद खनाल | दिनाङ्क | युवराज पाण्डे | मोहन आचार्य |
| कार्यक्रम संयोजक | २०७५/११/०६ | प्रमुख अतिथि | संस्थापक/प्रिन्सिपल |




श्री गुम्बाडाँडा सामुदायिक वन महिला उपभोक्ता समूह
इ.न.पा.-८ द्वारा प्रदान गरिएको

कदर-पत्र

यस समूहका संस्थाषक अध्यक्ष र वर्तमान सल्लाहकार टीका घिमिरेले समूहको स्थापना कालदेखि हालसम्म समूहका सवै क्रियाकलापमा सक्रिय सहभागी भई अनवरत रुपमा सहयोग पुऱ्याए वापत उक्त कार्यको उच्च मुल्याङ्कन गर्दै सम्पूर्ण उपभोक्ताहरुको तर्फवाट यहाँलाई यो कदर पत्र प्रदान गरिएको छ ।

शोध



टीका घिमिरे